मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

प्राची

सचेतना द्वैमासिक
पूर्णाङ्क ४४, मसिर-पुस २०५९ (Dec. 2002)

१२. स्वतन्त्रताको हक : (१) कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन र मृत्युदण्डको सजाय हुने गरी कुनै कानून बनाइने छैन ।

(२) सबै नागरिकलाई देहायको स्वतन्त्रता हुनेछ :-

(क) विचार र अभिव्यक्तिको स्वतन्त्रता;

(ख) बिनाह

१३. छापाखाना र पत्रपत्रिका सम्बन्धी हक : (१) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य-सामग्री प्रकाशित गर्न पूर्व-प्रतिबन्ध लगाइने छैन ।

तर नेपाल अधिराज्यको सार्वभौमसत्ता वा अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरुका बीचको सुसम्बन्धमा खलल पर्ने वा राजद्रोह, गालीबेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।

(२) कुनै समाचार, लेख, वा अन्य कुनै पाठ्य-सामग्री मुद्रण गरेबापत छापाखाना बन्द वा जफत गरिने छैन ।

व्यक्तिगत Vs. प्रेस स्वतन्त्रता

२२. गोपनीयताको हक : कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, पत्राचार वा सूचनाको गोपनीयता कानूनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ ।

२३. सबै

मूल्य रु. १०/-

■ नयाँ संकट ■ बढ्दै गएको नृसंशता ■ प्राची-वार्ता : डा. दुर्गा पोखेल

ध्वस्त संरचना

जुम्ला सदरमुकाम खलंगामा ०५९ कार्तिक २८ गते राति माओवादीहरुले आक्रमण गरी करोडौं क्षति पुऱ्याए ।

१. दूरसंचार

२. चन्दननाथ मन्दिर

३. राष्ट्रिय वाणिज्य बैंक

४. जिल्ला कृषि विकास कार्यालय

५. जिल्ला हुलाक

मानवका लागि मानवअधिकार
मानवअधिकार लागि उपयुक्त संस्कृति

प्राची

संचेतना द्वैमासिक

वर्ष ११, पूर्णाङ्क ४४, मंसिर-पुस २०५९

संस्थापक
सुशील-प्रकाश

सल्लाहकार
सुबोधराज प्याकुरेल
कुन्दन अर्याल

सम्पादक
प्रकाश झवाली

आवरण
गीता माली

ले-आउट
गोविन्द त्रिपाठी

फोटो
विमलचन्द्र शर्मा, इन्सेक
राजेन्द्र चित्रकार
राजधानी दैनिक
नेपाली टाइम्स साप्ताहिक
हिमाल पाक्षिक
इन्सेक जिल्ला प्रतिनिधिहरु

व्यवस्थापन
प्रवल शर्मा

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

द्वारा प्रकाशित

पत्र मञ्जुषा : २७२६ काठमाण्डौ
टेलिफोन- २७८७७०
फ्याक्स- २७०५५१

मुद्रक
नवयुग सहकारी छापाखाना
मदननगर, बल्खु, काठमाण्डौं
फोन : २७५६९७

व्यक्तिगत Vs. प्रेस स्वतन्त्रता

७

'असक्षम' प्रधानमन्त्री र संवैधानिक राजाले निम्त्याएको संकट

१४

बढ्दै गएको नृसंशता

२७

- ओझेलमा परेको भोकविरुद्धको अधिकार १९
- नेपाली समाजमा महिलाविरुद्ध हुने हिंसा २३
- आतंककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण तथा सजाय ऐनमा के छ ? २५
- निर्वाचन पर्यवेक्षणमा देखिएका घतलाग्दा कुरा ३०
- राष्ट्रसंघसमक्ष उजुरी ३२

नियमित स्तम्भहरु

- लेन्सबाट २
- कार्टून र मानवअधिकार २
- आफ्नै इतिहास ४
- क्रिया-प्रतिक्रिया ४
- महासचिवको पातो ५
- अधिकार अनुगमन १२
- विविध ३३
- स्थलगत ३५
- कथा ३७
- कविता ३७
- तथ्यांकमा नेपाल ३९
- प्राची-क्वीज ३९
- पुस्तक परिचय ४१
- छिस्स ४१
- इन्टरनेटमा मानवअधिकार ४२
- प्राची-वार्ता ४३

Digitized By : Bimal Chandra Sharma

लेन्सबाट

काठमाण्डौ, टोखा सरस्वती गाविस-३ का ३९ वर्षीय कान्छा डंगोललाई माओवादीको आशंकामा सुरक्षाकर्मीले नियन्त्रणमा लिन खोज्दा भाग्ने प्रयास गरेको भनी गोली प्रहार गर्दा घटनास्थलमै मृत्यु भएको समाचार ०५८ चैत ६ गते रक्षा मन्त्रालयको हवाला दिंदै संचार माध्यमबाट प्रकाशित, प्रसारित भयो । घटनाको वास्तविकता बुझ्न मानव अधिकार तथा सामाजिक न्याय मञ्च (एलायन्स) का तर्फबाट इन्सेक, सिभिक्ट, एड्भोकसी फोरम समेतका प्रतिनिधि मृतकको घरमा पुगे । मृतककी बृद्ध आमा दुई हात जोडेर आँशु झार्दै ओठ काँपेर बोल्न नसक्ने अवस्थामा हुनुहुन्थ्यो भने परिवारका अन्य सदस्यहरु शोकाकुल थिए ।

कान्छा डंगोललाई ०५८ चैत्र २ गते गिरफ्तार गरी ०५८ चैत्र ५ गते राति हिरासतमै मारिएको तथ्य स्थलगत अध्ययन टोलीले प्राप्त गरेको थियो । इन्सेटमा मृतक कान्छा डंगोलको फोटो ।

- विमलचन्द्र शर्मा

कार्टून २ मानवअधिकार

देशका विभिन्न ठाउँमा विस्फोटनका घटनाहरु दिनानुदिन बढ्दै गइरहेका छन् । जहाँ-तहाँ लापर्वाहीपूर्ण ढंगले छोडिएका विस्फोटक पदार्थ विस्फोट हुँदा बालबालिकाहरु प्रत्यक्ष पीडित भएका छन् ।

२३ कार्तिक ०५९ को नेपाल समाचारपत्र दैनिकमा छापिएको कार्टून

जनताको चाहना : शान्ति स्थापना

- देशमा नयाँ राजनीतिक परिस्थिति सृजना भएको दुई महिना बितिसकेको छ। यसबीच नयाँ सरकार गठन मात्र होइन, विस्तारसमेत भइसकेको छ। मुख्यगरी देशमा शान्ति, सुरक्षा र शान्ति कायम गर्ने, यथाशक्य छिटो निर्वाचन गर्ने जस्ता ५ वटा जिम्मेवारीसहित गठन भएको वर्तमान सरकारका प्रधानमन्त्री तथा मन्त्रीहरुले बारम्बार आफ्नो जिम्मेवारी पूरा गर्न प्रतिबद्ध भएको बताउँदै आउनु भएको छ।
- अर्कातर्फ हत्या हिंसा कायम छ। मारिने, अपहरित हुने तथा यातना र धम्कीको शिकार हुनेहरुको संख्या दिनानुदिन बढ्दो छ। माओवादीहरुद्वारा केही दिन पहिले जुम्ला, गोरखा लगायत्का जिल्लामा गरिएको आक्रमण तथा सर्वसाधारणहरुमाथि लक्षित अन्य घटनाहरुले देशको दुर्दान्त स्थिति अझ बढाएको छ। जुम्ला र गोरखामा भएका घटनामा मात्रै २ सय जनाजतिले ज्यान गुमाउनु पऱ्यो । झण्डै ७ वर्षको अवधिदेखि हत्या-हिंसा र आतंकले ग्रस्त नेपाली जनता बाँच्न पाउने न्यूनतम अधिकारका लागि पुकारा गरिरहेका छन्। सशस्त्र युद्धमा लागेकाहरु पनि दोहोरो भीडन्तका क्रममा मारिँदा कहाली लाग्छ। आफ्नो घरभित्र होस् वा बाहिर- सुरक्षा कतै छैन। हरेक नेपालीको मनमा एउटै चिन्ताले घर गरिरहेको छ- कुन बेला, कहाँ, कसरी, कसबाट मारिनुपर्ने हो ? गाउँघरका बाजेबज्यै पहिला स-साना नानीहरुलाई भूत, प्रेत र मृत्युका कथा सुनाएर डर देखाउँथे। मृत्यु सबभन्दा ठूलो डर हुन्थ्यो- पहिला। तर, स्थिति निकै बदलिसकेको छ। आज नानीहरुका लागि "मृत्यु" शब्द सहज बनिसकेको छ। बच्चा काखमा लिइरहेका बाबु-आमा मारिएका छन्। घरमै सुतिरहेका र आँगनमा खेलिरहेका नानीहरु घरसँगै विस्फोटनमा छियाछिया भएका छन्। बाटोमा हिँड्दा होस् वा बसमा यात्रा गर्दा, खेतमा काम गर्दा होस् वा गाईवस्तु चराउन वा घाँस दाउरा जाँदा, कति बेला मरिने हो भन्ने भयले हरेकलाई सताएको छ। वर्तमानको कहालीले कस्तो भविष्य निर्माण गर्ला ? यसप्रति सबै पक्षहरु गम्भीर हुनैपर्छ।
- शान्ति मानवअधिकार वहालीको न्यूनतम पूर्वशर्त हो भन्ने मान्यता हामीले बारम्बार दोहोऱ्याउँदै आएका छौं। हत्या-हिंसाले आक्रान्त नेपाल र नेपाली जनताको अहिलेको प्रमुख चाहना शान्ति स्थापना हो। गास, बास, कपास, शिक्षा, स्वास्थ्य जस्ता आधारभूत मानवअधिकारका सवाललाई उछिनेर अहिले शान्ति पहिलो आवश्यकता बनेको छ। खाद्य संकटले ग्रस्त कर्णाली अञ्चलमात्र होइन, सम्पूर्ण नेपालीहरुको एउटै भनाई छ- "सुरक्षा भए पुग्छ, विकास चाहिँदैन। बाँचे पो विकास।"
- हामी शान्ति स्थापनाका लागि संघर्षरत छौं। गोला, बारुद र विस्फोटनको बीचबाट शान्तिकामी परेवा उडाउनु निश्चय पनि कठिन छ। जनताको अधिकार कुण्ठित गर्ने वा त्यसको हनन गर्ने अधिकार कसैलाई पनि छैन र त्यसो हुनु पनि हुँदैन। जनतालाई सिंढी बनाएर माथि उक्लन चाहने जो कोहीले पनि उनीहरुको अधिकारमाथि धावा बोल्नु आफ्नै खुट्टामा बञ्चरो हान्नुजस्तो हो भन्नु अत्युक्ति नहोला। यस सवालमा सम्बन्धित पक्षहरु गम्भीर हुनैपर्छ। यसै सन्दर्भमा पुनः विश्व मानवअधिकार दिवस (१० डिसेम्बर) नजिकिएको छ। सम्बन्धित पक्षहरुले कम्तिमा जनताका न्यूनतम अधिकारहरु र अन्तर्राष्ट्रिय मानवीय कानुनको सम्मान गर्नैपर्छ भन्ने हाम्रो आग्रह पुनः दोहोऱ्याउँछौं। १० डिसेम्बरले राज्य र माओवादीलाई मानवअधिकारका लागि प्रतिबद्ध भएर शान्ति स्थापनाका लागि अग्रसर हुन प्रेरणा देओस् भन्ने हाम्रो कामना। हामी पुनः दोहोऱ्याउँछौं- "नेपाली जनताको चाहना : शान्ति स्थापना।"

आफ्नै इतिहास



..... नेपालको प्रजातान्त्रिक आन्दोलनलाई पनि मानवअधिकारको सवालले ठूलो बल पुऱ्याएको थियो। मानवअधिकारको क्षेत्रमा ज्यादै गन्हाएको पञ्चायतलाई त्यही कारण पछिल्ला दिनहरुमा विश्व मञ्चहरुको सामना गर्न गाह्रो परेको थियो। जब यहाँ जन आन्दोलन चलिरहेको थियो, कतिपय देशहरुले तत्कालिन सरकारलाई मानवअधिकारको स्थिति राम्रो नभए आर्थिक सहयोग नगर्ने चेतावनी दिए भन्ने समाचारहरु प्रकाशमा आएका थिए। नेपालको तत्कालिन सत्तालाई सबभन्दा बढी बदनाम मानवअधिकारको मुद्दाले नै गराएको थियो। हामीलाई याद छ- पञ्चायतका कालरात्रीहरुमा हाम्रा राजनीतिज्ञहरुले मानवअधिकारको सवाललाई ज्यादै माथि उठाएका थिए। त्यतिखेरको स्थिति यति निर्मम थियो कि राजनेता र मानवअधिकार कार्यकर्ताहरुको बाटो एउटै थियो। र, हामीलाई मानवअधिकारका कुराहरु लिएर जनतालाई राजनीतिक रुपले सचेत तुल्याउन पनि सहज भएको थियो। समष्टिमा भन्ने हो भने नेपालमा मानवअधिकारको सवालले परिवर्तनको वाहकको काम गरेको थियो। यो ध्रुवसत्यलाई आजका हाम्रा राजनेताहरुले बुझेका छन् कि छैनन् ? .....

(प्राची, कार्तिक-मंसिर, ०४९ बाट)

क्रिया - प्रतिक्रिया

म प्राची नियमित अध्ययन गर्दछु। मानवअधिकारका विषयमा केही जान्न, सिक्न चाहनेहरुका लागि यो पत्रिका एकदमै उपयुक्त पनि छ।

- सूर्यप्रसाद रिमाल,
सहसचिव, मानवअधिकार शिक्षा रेडियो श्रोता क्लब, जिल्ला कार्य समिति, मोरङ

म प्राचीको नियमित पाठक हुँ। यसमा मानवअधिकार सम्बन्धी विभिन्न समसामयिक विषयहरुमा समावेश गरिनुले यस क्षेत्रमा चासो राख्ने पाठकहरुका लागि मानवअधिकार खुराक बन्न पुगेको छ। यसमा विभिन्न सामाजिक समस्याहरुका बारेमा विश्लेषण गरिएका अनुसन्धानमूलक सामाग्रीहरु समावेश गर्ने हो भने सुनमा सुगन्ध हुने थियो। यसको चित्त नबुझ्दो पक्ष भनेको बजारमा सुलभ नहुनु र छपाई न्यूनस्तरको रहनु हो।

- विष्णुप्रसाद पाण्डे "अरुण"
कामनपा-३५, कोटेश्वर काठमाण्डौ

मानवअधिकारको वकालत गर्ने प्राचीको अघिल्लो अंक हात पऱ्यो। यसमा भएका लेख रचनाहरु ज्यादै नै पठनीय छन्। कालिकोट र जुम्लाको महासंकट र मानव हत्याले बाँकेमा रंगिएको खाटको चित्र हेर्दा कसको मन रुँदैन होला ? त्यस्तै केपी थपलियाको छिस्सले खानामा चटनीको काम गरेको छ। यसमा पठनीय लेखहरु तथा तदनुरुपका चित्रहरु भएता पनि छापाखानाको कमजोरीले गर्दा देखिएका अस्पष्टता आउने अंकमा सुधारिएको पाउने आशा गर्दछु।

- कृष्णप्रसाद नेपाल
गोर्खे-२ मकर्जुङ्, इलाम,
हाल: मिनभवन, काठमाण्डौ

प्राचीको यो अंक कस्तो लाग्यो?

हामीलाई सल्लाह, सुझाव
र
प्रतिक्रिया लेख्न नबिर्सनुहोस् ।

पत्राचारका लागि हाम्रो ठेगाना :
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
पो.ब.नं. २७२६, काठमाण्डौ, नेपाल।
फोन : २७८७७०, फ्याक्स : २७०५५१

महिलामाथि हुने सबैखाले हिंसा अन्त्य गरौं
महिला अधिकारको सम्मान गरौं ।

चुनौतिको सामना गर्ने आधारहरू

सुबोधराज प्याकुरेल

आम निर्वाचन मार्फत् प्रतिनिधिसभाको गठन सार्वभौमसत्ताको पुनर्स्थापनाको लागि यथाशिघ्र हुनै पर्छ। निर्वाचन हुन नसक्दा सिङ्गै मुलुक प्रजातान्त्रिक पद्दति अनुकूल चल्न नसक्ने देशमा दरिने छ। निर्वाचन राजनीतिक संरचनामा राज्य सञ्चालनको प्रतिनिधि तोक्ने प्रणाली हो। यो सार होइन, रुप मात्र हो।

जसलाई आफ्नो सत्यताप्रति आत्मविश्वास छैन, जो आमने सामने सत्य उद्घोष गर्न सक्दैन, उसले लुकेर छिपेर प्रहार गर्छ। हिंसा मच्चाउँछ। हाम्रो देशमा हिंसात्मक संघर्षमा अल्झिएका दुवै पक्ष, एक अर्का उपर हिंसाको प्रयोग गरिरहेको भनी आरोप प्रत्यारोप लगाइरहेका छन्।

हिंसाको भावनात्मक अर्थ सोझै हतियार चलाउनु र रगत बगाउनु मात्र होइन। हिंसाको आधारभूमि सृजना गर्नु पनि हिंसा नै हो। बिरालोलाई ढोका थुनेर कसैले चुट्न थाल्छ भने, जतिसुकै दुध-चोर बिरालो किन नहोस् तर हिंसकको पहिली आरोप चुट्नेले नै खप्नु पर्छ।

राज्य अभिभावक हो। उसले गर्ने हरेक क्रियाको प्रतिक्रियाको पनि अपेक्षा उसले गर्नुपर्छ र त्यसप्रति हेक्का राख्नु पर्छ। राज्य पक्षमा सरकार मात्र पर्दैन। मूलधार राजनीति गर्ने अर्थात् संसदीय प्रणाली मान्ने सबै राजनीतिक दलहरु पनि पर्छन्।

प्रजातन्त्र भनेको पारदर्शीता, स्वतन्त्रता, जिम्मेवारीवोध र नैतिकताको सिद्धान्त हो। जनतामा स्थापित हुन पारदर्शीता, स्वतन्त्रता, जिम्मेवारीवोध र नैतिकतामा को भन्दा को अगाडि भन्ने प्रतिस्पर्धा गर्नु प्रजातन्त्रको शैली हो। जिम्मेवारीवोधभित्र जनताप्रतिको जिम्मेवारीलाई व्यवहारमा रुपान्तरण गर्ने काम पर्दछ। सिङ्गो जनसंख्यालाई अगाडि बढाउन पछाडि परेको समुदायप्रति बढी लगानी गर्ने र सुविधा सम्पन्नबाट बढी लिने प्रणालीलाई सामाजिक न्याय भनिन्छ। तर, हरेक राजनीतिक कामको केन्द्रीय कार्यशैली भनेको पारदर्शीता नै हो। यसैलाई मदन भण्डारीले सहज शब्दमा व्याख्या गर्नुभयो- 'राजनीति ढाँटको खेल होइन'।

वाल्टर लिपम्यानले आफ्नो प्रसिद्ध पुस्तक- 'जनमत' मा लेख्नु भएको छ- साधारण मानिसहरु जटिल समस्याको सरल समाधान बुझ्दछन्। अत: यतिबेला हाम्रो देशले भोगिरहेको जटिल समस्याहरुको समाधान गर्ने तरिका, त्यसको आधार र समयतालिका समेत संस्थापन पक्ष र राजनीतिक दलहरुले सुरल भाषामा प्रस्तुत गर्न सक्नु पर्छ। यो जिम्मेवारी निर्वाह गर्न उनीहरु आ-आफ्नो संस्थागत क्षमताका हिसाबले कसरी सक्षम छन् र त्यो सक्षमतालाई अझ विस्तार गर्ने भरपर्दो कार्य योजना के-के छ भन्ने कुरा पनि सार्वजनिक गर्नु पर्छ।

यस अघिका निर्वाचनमा सम्भव त भएन तर अब हुने निर्वाचन प्रणाली यस्तो रहनु हुन्न। उम्मेदवारका लागि चुनाव जित्न चाहिने विशेषता र राष्ट्र हाँक्न चाहिने विशेषज्ञताको बीचमा गोरु बेचेको साइनो हुने गरेको छैन। कहिले राजनीतिज्ञहरु राष्ट्रिय सुरक्षा परिषद्को संरचना फेर्नु पर्ने कुरा गर्छन्, कहिले माओवादीहरु संविधान सभाको कुरा गर्छन्। जनतालाई यति ठूला कुराले पिरोलेको छैन। पिरोल्ने बनाउनुस्। जनताको संचेतना उकास्ने अभियानको लक्ष्यमा यो कुरा राख्नोस्। तर, जनताको अहिलेको पीडा भनेको विद्यालयमा शिक्षा, हेल्थपोष्टमा उपचार, धारामा पानी र गरिखाने काम अनि नागरिकलाई सम्मान गर्ने प्रशासन तथा सुरक्षा हो। यो काममा इमान्दारीताका साथ पाइला बढाउनुस्, जनता कुद्न तयार हुनेछन्। जनता कुदे भने म त उछिन्न सक्तिनँ भन्ने हीनताबोध र लघुताभाषले पीडितहरुले भने यो जिम्मेवारी बोक्न सक्दैनन्।

यिनै कुराहरुका आधारमा सरकार र माओवादी बीच वार्ता नितान्त जरुरी देखिएको छ। निराशा र आतंक अति भयो। सृजना र शान्तिका लागि पहल गरौं। जनता हिंसा र विध्वंसबाट मुक्ति चाहन्छन्। राजनीतिज्ञहरु समस्या समाधानका लागि संवैधानिक अख्तियारी चाहन्छन्। सात हजार भन्दा बढी मानिस मारिइ सके। नेपालको इतिहासमा दैवी वा मानवीय कुनै पनि कारणले यतिको हत्या भएको थिएन। यो समस्या साझा समस्या हो।

वार्ता के का लागि ?

- शान्ति जीवनको पहिलो शर्त हो। शान्तिलाई नै खतरामा पारेपछि कुन जीवनको माग गर्ने ? कस्तो जीवनको माग गर्ने ?
- मानिस सचेतन प्राणी हो। ऊ सुन्न, देख्न र बुझ्न सक्छ।
- वार्ता मानव सम्बन्धको पहिलो कडी हो। वार्ता तोड्दा मानवीय सम्बन्ध समाप्त हुन्छ।
- द्वन्द्वका सबै पक्षले सामाजिक न्याय र जनताको प्रजातन्त्रप्रति प्रतिबद्धता जनाइरहेका छन्।

सरकार र माओवादी बीच वार्ता नितान्त जरुरी देखिएको छ। निराशा र आतंक अति भयो। सृजना र शान्तिका लागि पहल गरौं। जनता हिंसा र विध्वंसबाट मुक्ति चाहन्छन्। सात हजार भन्दा बढी मानिस मारिइसके। नेपालको इतिहासमा दैवी वा मानवीय कुनै पनि कारणले यतिको हत्या भएको थिएन।

वार्ताको पूर्वाधार

- हिंसा र आतंक रोकेर।
- पुनर्स्थापना र उपचारमा सहभागी भएर।
- निर्भयतापूर्वक जनताको बीचमा आफ्नो कुरा राखेर।
- प्रजातन्त्रमा कुनै पनि व्यक्ति र संस्थाको बारेमा शान्तिपूर्ण तरिकाले विचार प्रवाह गर्न पाइने स्वतन्त्रताको अपहेलना नगरेर।
- शान्तिको व्यवहारिक पहल गर्नेहरु नै जनताको असल मित्र ठहरिन्छन् भन्ने जानेर। सन्दर्भ : हिंसा विराम।

वार्ता कसरी ?

- आ-आफ्नो कुरा र माग स्पष्ट रुपमा राख्ने।
- मिल्न सकिने बुँदामा सहमति गर्ने र वार्ता टुटे पनि सहमत विषय कार्यान्वयन गरिरहने वाचा गर्ने।
- समस्याका साथ समाधानका उपाय पनि सुझाउने। सरल उपायबाट समाधान खोज्ने। तर, समाधानका जटिल उपायलाई पनि अस्वीकार नगर्ने।
- द्वन्द्व समाजको हरेक तह र क्षेत्रमा फैलिसकेको छ भन्ने कुरालाई स्वीकार गर्ने। अत: वार्ता चलिरहँदा पनि विपरितका व्यवहार यदाकदा हुन सक्छ भन्ने कुरामा तयार र उदार हुने।
- वार्ताका विषय प्रस्तुत भइसकेपछि त्यसलाई सबै पक्षको साझा सवालका रुपमा ग्रहण गर्ने र समाधानका लागि साझा समाधान खोज्ने।
- वार्तामा प्रस्तुत हुने कुनै पनि विषयलाई असम्भव र अविश्वसनीय नठान्ने।
- वार्ताकारहरुले सहजकर्ताहरु छान्ने। यथाशक्य आफ्नो संस्था बाहिरका नागरिक समाजका व्यक्ति छान्ने। सहजकर्ताहरुले आफू मध्येबाट प्रवक्ता छान्ने।
- वार्ता प्रक्रियामा संलग्न कसैले पनि वार्तामा बाधा नपुग्ने तहसम्मका कुराको मात्र सार्वजनिक जानकारी गराउने। वार्ताको विषयको विश्लेषण गर्न नपाइने।
- यथाशक्य चाँडो वार्तालाई प्रत्यक्ष प्रशारण गर्ने गरी सार्वजनिक जानकारीमा पुऱ्याउन दुवै पक्ष राजी हुने।

निर्वाचन कसका लागि ?

- अहिले देखिएका, चिनिएका नेताहरुलाई सांसद बनाउन ?
- कुख्यात व्यक्तिहरु समेत सम्मिलित सरकार बनाउन ?
- क्षमतावान, इमान्दार तर आफ्नै पार्टी र संसदभित्र अल्पमतमा पर्नेलाई पनि जिताउन ?
- आशावान तथा इमान्दार राजनीतिककर्मीहरुका लागि जो संख्यामा थोरै छन् ?
- प्रजातन्त्रप्रति आस्थावान रही त्याग गर्न तत्पर सचेत जनसंख्याका लागि जसको प्रभाव न्यून छ ?

मतदाताको व्यवहार

- जाँगरिला र क्रियाशील मतदाताको न्यून संख्या।
- निजी स्वार्थ लिप्सा।
- साम्प्रदायिक।
- हिंसाबाट त्रस्त, असुरक्षित।

चुनौतिको सामना गर्ने आधारहरु

- संसदको गठन राज्य सञ्चालनको लागि अनिवार्य छ।
- सबै बदमास छैनन्।
- हाम्रै गाउँ समाजका भएकाले उनीहरुले पनि विगतबाट पाठ सिकेका छन्।
- आत्मनिर्भर भएर, मनले खाएको व्यक्तिलाई मतदान गर्दा असल मानिसले चुनाव जित्न सक्छन्।
- मतदाता मञ्च बनाउनु पर्छ। जनप्रतिनिधिको प्रत्येक व्यवहार र आचरणको निष्पक्ष लेखाजोखा गर्नुपर्छ। उनीहरुलाई निरन्तर भेट्न, भन्न र लेख्न छोड्नु हुन्न। जवाफ-तलब गरिरहनु पर्छ र यसो गर्न सकिन्छ। हल्लाको मात्र भरमा गलत धारणा बनाउनु हुन्न।
- आतंक र हिंसाको राजनीति गर्नेहरुको संख्या सानो छ। स्थान विशेषमा केन्द्रित छ। प्रजातान्त्रिक पार्टीहरुको जग आधा शताब्दीभन्दा पुरानो छ। प्रजातन्त्रको संरक्षण र सम्बर्द्धनको संघर्ष, प्रजातन्त्र स्थापनाको संघर्षभन्दा कम महत्वपूर्ण छैन। अत: राजनीतिक नेताहरुले फेरि एकपटक अगुवाई गर्नेछन्। जनतामा निर्वाचनको लहर आउने छ।

प्रजातान्त्रिक पार्टीहरुको जग आधा शताब्दीभन्दा पुरानो छ। प्रजातन्त्रको संरक्षण र सम्बर्द्धनको संघर्ष, प्रजातन्त्र स्थापनाको संघर्षभन्दा कम महत्वपूर्ण छैन। अत: राजनीतिक नेताहरुले फेरि एकपटक अगुवाई गर्नेछन्। जनतामा निर्वाचनको लहर आउने छ।

व्यक्तिगत Vs. प्रेस स्वतन्त्रता

निर्मलमणि अधिकारी

"बाहिरिया शत्रुलाई चिन्न पनि सजिलो छ र त्यसैकारणले बचावटको उपाय गर्न पनि सकिन्छ। तर आफूभित्रैका शत्रुलाई चिन्न निकै गाह्रो भएकाले तिनबाट बच्नु झन् मुश्किल हुन्छ, जबकि तपाईंका लागि बढी खतरनाक शत्रुचाहीँ बाहिरिया भन्दा भित्रियाहरु नै हुन्।" आफ्नो दरबार घेर्ने पर्खाललाई तेब्बर अग्लो हुनेगरी थप्ने योजना बनाइरहेका एक राजालाई भगवान् बुद्धले दिनुभएको यो सदुपदेश प्रत्येक पत्रकारले मनन गर्नैपर्ने खालको छ।

अखबार-विहीन सरकार र सरकार-विहीन अखबार बीचमा निर्धक्कसँग अखबारको पक्ष लिने अमेरिकी राष्ट्रपति जेफर्सनको भनाइमा जसरी अखबारप्रतिको विश्वास झल्किएको छ, उसरी नै एकहजार संगीनका तुलनामा चारओटा अखबारलाई बलियो भन्ठान्ने नेपोलियनका उक्तिमा यसको शक्ति प्रतिबिम्बित भएको छ। यसैगरी एक शताब्दी अघि नै 'गोर्खापत्र' मा *"जुन देशमा अखबार बढ्दै गएको छ, ती २ देशमा रोज व रोज उन्नति पनि बढ्दै गएको देखिन्छ। हुन पनि यस संसारमा सबैभन्दा मुख्य कुरो खबरै (सब्द) छ।..... तेसै कारणले सास्त्रमा पनि 'सब्द ब्रह्म' सब्द भनेको खबर ब्रह्म भनेको इश्वर हो भन्ने सिद्धान्त हो।"* भनेर 'एडिटर्को राय' लेखिँदा होस् वा भाषा-शास्त्री कवि महानन्द सापकोटाले *"अर्जुनका धनु मक्किइसके, व्यासका वाणी मौलाउदै छन्"* भन्दाखेरीमा– यी सबैमा त्यस शक्तिको महिमा-गान गरिँदा यो निरपेक्ष पक्कै छैन। जो जति शक्तिवान् हुन्छ, त्यसले उत्तिकै दायित्व एवम् कर्तव्य पनि वहन गर्नुपर्ने सामाजिक न्यायको सिद्धान्तको परिधिबाट पत्रकारिता क्षेत्रमात्रै बाहिर परोस् भन्ने आग्रह गर्न मिल्दैन। त्यस अर्थमा स्वतन्त्र प्रेसको अवधारणालाई जति मात्रामा विश्वव्यापी मान्यता प्राप्त छ, यसको विश्व मानव समुदाय प्रतिको दायित्व पनि उत्तिकै बढ्दो छ।

'पत्रकारिता'ले आरम्भिक दिनहरुदेखि नै निरन्तर संघर्षरत रहेर आफूलाई झन्-झन् सुदृढ साबित गर्न सफल भएको छ। खासगरी विश्वव्यापी प्रजातान्त्रिकरणको लहरसँगसँगै कानुनी राज (Rule of Law) को अवधारणा सर्वमान्य हुँदै गएको र प्रेस स्वतन्त्रताको अवधारणा पनि निर्विवाद तवरले स्थापित भएको परिदृश्यमा प्रेसका बाह्य शत्रुहरु निकै निर्बलिया भइसकेका छन् भन्नु अत्युक्ति ठहरिने छैन। पश्चिमा मुलुकहरुमा झैं अब नेपाल लगायतका थुप्रै सभ्य मुलुकहरुमा प्रेस स्वतन्त्रताको जग मजबुत भइसकेको हुनाले यसमाथि अंकुश लगाउन चाहने शासकीय मनोवृत्ति सफल हुनेछैन भन्ठान्नु स्वाभाविक हो। यसरी आफ्ना बाह्य चुनौतीहरुमाथि विजय हासिल गरिसकेको सन्दर्भमा प्रेस-जगत्को दायित्वको पाटो कतै ओझेलमा पर्ने त हैन भन्ने चिन्ता पनि प्रेस-शास्त्रीहरुको सरोकारको विषय हो।

प्रेसको अधिकार र यसको सीमा सम्बन्धी बहस हुन थालेदेखि नै "मुण्डे मुण्डे मतिर्भिन्नाः" भनेझैं विविध मतहरु नरहेका होइनन्। एकातिर समाचार प्रस्तुतीकरणलाई सकेसम्म रोचक, नाटकीय तथा रोमाञ्चक पुट दिई पाठकहरुको ध्यान खिच्नमा जोड दिनेहरु र अर्कातिर समाचारको प्रस्तुतिकरण गर्दा सामाजिक उत्तरदायित्व एवम् व्यक्तिको अधिकारलाई ख्याल राख्नैपर्छ भन्नेहरु, दुबैथरीले आफ्ना मत पुष्टि गर्न तर्क गरिरहेका छन्। यद्यपि, नेपालकै सन्दर्भमा केन्द्रित भई चर्चा गर्नुपर्दा– पत्रकारिताको इतिहासले एक शताब्दी पार गरिसक्दासम्म पनि यसखाले बहसहरु कमै हुने गरेको देखिन्छ। शायद हाम्रोमा पत्रकारिता एवम् आमसञ्चारको विकास भौतिक प्रविधि (Physical engineering) को तहमा मात्रै भएको र यसले सामाजिक प्रविधि (Social engineering) को तहमा विकसित हुने अवसर नपाइसकेको अथवा विदेशी 'हार्डवेयर' का भरमा यसको भौतिक स्वरुप निर्माण गर्नुपर्ने वाध्यतामा अल्मलिँदैमा हामीले स्वदेशी 'सफ्टवेयर' समेत निर्माण गर्न नसकेको कारणले पनि यसो भएको हुन सक्छ। तथापि, यतिखेर नेपालमा पनि प्रेसको अधिकार तथा यसको कर्तव्यबीचको 'लक्ष्मणरेखा' सम्बन्धमा बहस चलाई एउटा निक्यौलमा पुग्नुपर्ने अवस्था टड्कारैसँग देखिएको छ।

आम नेपाली जनसमुदाय नेपाली जातिको सबैभन्दा ठूलो सांस्कृतिक चाड दशैं मनाउँदै रमाइरहेको बेला गत कार्तिक २७ गते चलचित्र अभिनेत्री श्रीषा कार्कीले आत्महत्या गरेको त्यसको कारक-तत्वका रुपमा एक नेपाली साप्ताहिक पत्रिकामा प्रकाशित नग्न फोटो सहितको समाचार सामग्री रहेको तथ्य प्रकाशित भएपछि नेपाली प्रेसजगत्का सामुन्ने अभूतपूर्व तवरले ठूलो प्रश्न-चिन्ह खडा भएको छ। त्यो प्रश्न-चिन्हको निर्माणमा श्रीषा र उनको परिवारको वेदना तथा कलाकारहरुको आन्दोलन जस्ता पक्ष त समेटिएका छन् नै, साथमा नेपाली प्रेसजगत्को निधारमा देखा परेका धब्बाहरु पनि कम जिम्मेवार छैनन्। एउटी नारीको 'हत्या' को अभियुक्त हुनुपरेको यस परिप्रेक्ष्यमा नेपाली प्रेसजगत्का सामुन्ने आफ्नो अधिकार, कर्तव्य एवं सामाजिक उत्तरदायित्वको 'लक्ष्मणरेखा'लाई नखुट्याई नहुने चुनौती देखा परेको छ।

चर्चाको चुरो

कुनैपनि घटना/परिघटना एक-आयामी मात्र नहुने हुँदा 'श्रीषा प्रकरण'लाई पनि अनेक आयामबाट व्याख्या गर्न नसकिने होइन। पत्रकारितामा हामी जुन निकटता (Proximity) को कुरा गर्छौं– त्यसले भौतिक वा भौगोलिकका साथै मानसिक वा भावनात्मक निकटता पनि समेट्ने यथार्थतालाई ख्याल राख्दा सो प्रकरणलाई व्यक्तिपिच्छे फरक-फरक किसिमले हेरिन सक्नु तथा अनुभूत हुन सक्नु स्वाभाविकै हो। कतिपयका लागि यो घटना श्रीषा कार्की एउटी चलचित्र कलाकार हुनाको कारणले उल्लेख्य लाग्नसक्छ, कतिपयलाई उनीमाथि आइपरेको मानसिक यातनालगायत्का मानवीय संवेदनात्मक पक्षले छोइरहेको हुनसक्छ, कतिपयलाई नेपाली प्रेस कति परपीडक भएको त भनेर झोँक चलिरहेको पनि हुनसक्छ। हेर्ने कोण जे-जस्तो भएता पनि यो प्रकरण एउटा दुःखान्त भएकोमा शायदै कसैले विमति जनाउला।

पत्रकारितालाई "हतारमा लेखिएको साहित्य" पनि भनिने गरेको र साहित्यका 'नवरस' (श्रृंगार, हास्य, करुणा, रौद्र, वीर, भयानक, विभत्स, अद्भुत र शान्त) हुने सन्दर्भमा 'श्रीषा प्रकरण'लाई अर्थ्याउनु पर्दा बढी मात्रामा *विभत्स* र *भयानक* रस तथा केही मात्रामा *करुणा* रस मिसिएको यो दुःखान्तबाट नेपाली प्रेसजगत्ले पाठ सिक्नुपर्ने र भविष्यमा यस्ता घटनाको कलङ्क बोक्नु नपरोस् भन्नेतर्फ सचेत हुनैपर्ने देखिन्छ। तर, यसका लागि सर्वप्रथम कुरोको चुरो खुट्याउनु जरुरी छ।

यस प्रकरणलाई व्यक्तिको अधिकार र प्रेसको अधिकार बीचको द्वन्द्व एवम् स्वयम् प्रेसकै अधिकार र कर्तव्यबीचको द्वन्द्वका कसीमा जाँच्नुपर्ने हुन्छ। यद्यपि, यसलाई महिलामाथिको हिंसाको एक अर्को कडीका रुपमा हेर्न पनि सकिन्छ। उपभोक्तावादी सभ्यताले महिलालाई पनि उपभोग्य सामग्रीको रुपमा व्यापार गर्नमा बढी रुचि देखाइरहेको एवम् प्रेस जगत् पनि त्यसबाट मुक्त हुन नसकेको परिप्रेक्ष्यमा श्रीषाको नग्न

नायिका श्रीषा कार्की

तस्वीर छाप्न रुचि देखाउने नेपाली पत्रिका र पत्रकारलाई त्यही प्रवृत्तिको प्रतिनिधिका रुपमा कसैले चित्रित गरेमा कसरी अनौठो मान्नु र ? अनि यस प्रकरणले नेपाली समाजमा व्याप्त लैङ्गिक विभेदलाई छरपस्ट्याएको छ भन्न पनि नमिल्ने होइन। किनकि केही वर्ष अघि चलचित्र अभिनेता राजेश हमालका नग्न फोटाहरु प्रकाशित हुँदा सो घटना साम्सुम् भई हराउनु, तर अहिले श्रीषा कार्कीको फोटो प्रकाशित भएपछिको परिस्थितिमा उनको सामुन्ने 'आत्महत्या' बाहेक अर्को विकल्प नभेटिइनुमा हाम्रो सामाजिक पृष्ठभूमी पनि जिम्मेवार छँदैछ। यी यावत् पक्षहरु समेत सामेल रहेको भएता पनि 'श्रीषा प्रकरण'लाई व्यक्तिको अधिकार र प्रेसको अधिकार बीचको द्वन्द्व एवम् स्वयम् प्रेसकै अधिकार र कर्तव्य बीचको द्वन्द्वको कसीमा जाँच्दा यो दुःखान्तबाट नेपाली प्रेसजगत्ले पाठ सिक्न अवसर प्राप्त हुनेछ।

व्यक्तिको अधिकार र प्रेसको अधिकार

"पत्रकार भएकै आधारमा सामान्य नागरिक भन्दा हामीलाई बढी अधिकार छ भन्ठान्नु पूर्णतया गलत बुझाइ हो। पत्रकार पनि एक नागरिक भएकाले अन्य नागरिकलाई झैं उसलाई पनि अधिकार प्राप्त भएको हो।" भारतका प्रसिद्ध संविधानविद् सुभास कश्यपको यो भनाइले व्यक्तिको अधिकार र प्रेसको अधिकार बीचको अन्तर्सम्बन्ध प्रष्ट्याउन खोजेको छ। भारतको संविधानमा प्रेसका लागि छुट्टै धारा उल्लिखित नभई धारा १९ (१) (क) मा भएको 'अभिव्यक्ति र वाक् स्वतन्त्रता' अन्तर्गत नै मिडियाले स्वतन्त्रता उपभोग गरिरहेको छ, जुन सर्वसाधारण जनताका लागि समेत हो। हाम्रै सन्दर्भमा कुरा गर्दा, नेपाल अधिराज्यको संविधान, २०४७ को भाग ३ मा उल्लिखित मौलिक हक अन्तर्गत रहेका हकहरु एक-आपसमा समान हकहरु हुन्, कुनै हकको तौल बढी र कुनैको कम निश्चय नै होइन। तसर्थ, संविधानले जति महत्व धारा १३ को 'छापाखाना र पत्रपत्रिका सम्बन्धी हक' लाई प्रदान गरेको छ, उत्तिकै महत्व धारा २२ को 'गोपनियताको हक' लाई पनि प्रदान गरेको मान्नैपर्छ। धारा १२ (क) मा प्रत्याभूत गरिएको 'विचार र अभिव्यक्तिको स्वतन्त्रता' होस् वा धारा १६ मा गरिएको 'सूचनाको हक' को व्यवस्था– आधारभूत रुपमा यी नागरिक (व्यक्ति) का लागि हुन् र प्रेसले यिनको उपभोग जनताको हकमा नै गर्ने हो। वास्तवमा प्रजातान्त्रिक प्रणालीमा प्रेसलाई जनताको 'ट्रस्टी'का रुपमा लिइने गरेको यथार्थलाई हामीले भुल्न मिल्दैन। बेलायत र अमेरिका जस्ता प्रेस-स्वतन्त्रताका मोडेल मानिइने मुलुकमा समेत व्यक्तिको गोपनियताको हक र प्रेसको प्रकाशनको हकमा द्वन्द्व हुँदा न्यायालयले व्यक्तिको हकलाई प्राथमिकता दिने गरेको तथ्य पनि यहाँ उल्लेख्य छ।

जोन स्टुआर्ट मिलले उनको प्रसिद्ध लेखोट 'अन लिबर्टी'मा व्यक्तिको स्वतन्त्रताको जोडदार वकालत गरेका छन्। उनको तर्क के रहेको छ भने सरकार वा अरु कुनै 'अथोरिटी'लाई व्यक्तिको जीवनमा तबसम्म हस्तक्षेप गर्ने कुनै अधिकार छैन, जबसम्म उसको कार्यले अरुलाई कुनै नकारात्मक असर पुऱ्याउँदैन। "तिम्रो हात त्यति अगाडिसम्म चलाउन पाउँछौ, जबसम्म अर्काको नाकमा ठोक्किँदैन" भन्ने प्रसिद्ध कहावतको दोहोरो आयामले एकातिर आफ्नो हात चलाउँदा अर्काको नाकमा ठोक्काउन नपाइनेतर्फ सचेत गराएको छभने अर्कातिर त्यतिञ्जेलसम्म उसको कार्यमा बाह्य हस्तक्षेप हुन नहुने मान्यता पनि स्थापित गरेको छ। यसलाई श्रीषा प्रकरणसँग जोड्दा उनले त्यो फोटो राजीखुशीले नै खिचेको भएपनि (यद्यपि, फोटोको दृश्यावलीले त्यो फोटो राजीखुशीले खिचेको भनेर विश्वास गर्न गाह्रै पर्छ) सो फोटो छाप्ने कुनै अधिकार पत्रिकाको देखिँदैन। त्यसमाथि पनि, संविधानको धारा २२ मा "*कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, पत्राचार वा सूचनाको गोपनियता कानुनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ*" भन्ने स्पष्ट प्रावधान भएको



insec

मिति : ०५९/०४

प्रेस विज्ञप्ति

[illegible]

[illegible]

[illegible]

सञ्चार माध्यमद्वारा हुने मानवअधिकार उल्लंघन

एकजना पाठकको दृष्टिमा चढेका केही प्रमुख कुराहरु

– रमेशनाथ ढुंगाना

कुनै पनि भाषणको मूल्याङ्कन वास्तवमा गर्नेशक्तिवान मनुष्य, जो सार्वभौम उपभोक्ता छ त्यसले नै गर्दछ। यो आधारभूत सत्य मानिसलाई पनि अरु साधारभूत सत्यको पनि उपेक्षा तथा अमर्यादा गर्न मिल्दैन। जस्तो कि, मानवअधिकार, व्यक्तिगत स्वतन्त्रता, सूचनाको हक, आदि। संविधान र कानुनले सार्वजनिक माध्यमको सार्वजनिक सेवाको तकिएको शिष्ट, संयमित तथा अवाफदेहीपूर्ण प्रयोगको लागि प्रयोगको छुट्टाछुट्टै स्पष्ट हुन्छन् एस प्रकाशनको पनि छुट्टाछुट्टै उद्देश्य हुन्छन् भने यसको उसिकै महत्वपूर्ण आधारभूत प्रयोजन पनि बोध विस्मरण गिन्दैन। यस्तो विशेषज्ञ तथ्यता पनि म आफ्नो आधारभूत मानवअधिकारको दृष्टिकोणले सम्बन्धित विषयलाई हेर्ने कोशिश कोशिश गर्दा नै यस्तिकको व्यक्त हुन्छ यो मूल्याङ्कन गर्दा अथवा आधारपत्र तयार गर्दा यसै वास्तवमा भोगेर प्रेरेका व्यवहारिक कठिनाई भोग्नै कुनै शब्दमा उसरी व्यक्त गर्न भन्ने किसिमका हुन्।

म आफ्नो नामो प्रकाशित दैनिक र साप्ताहिक समाचारपत्रहरुको एकजना सजग पाठक भएको पनि कोही आधारभूत नागरिक तथा प्रवृत्तिलाई हेर्ने कुरामा मेरो ध्यान व्यतिरेकसम्म पनि एकाग्रसाथ पुगेको रहेछ भन्ने पनि भलाई यो अध्ययनको क्रममा बोध भएको छ।

यसि मैले सम्पूर्णका छुट्टाछुट्टै स्तरी एवं प्रकाशनका छुट्टाछुट्टै उद्देश्य हुन्छन् भनेको हामा दैनिक र साप्ताहिक समाचारपत्रका सन्दर्भमा नै हो। साथै, यो अध्ययन क्रममा आफ्नु परेको व्यावहारिक कठिनाइ भनेको कुनलाई कुन मापदण्डको आधारमा ठीक भन्नु वा बेठिक भन्नु भन्ने किसिमको कठिनाइ नै हो।

मलाइको मतलब यो सामान्य अध्ययनको क्रममा भलाई यो देखेको भएको छ कि हामा दैनिक तथा साप्ताहिक समाचारपत्रहरुको बीचमा कुनै अन्तर रहेछ र त्यो अन्तर केहीहि सतर्कता पूर्वक रहेछ। साप्ताहिक समाचारपत्रहरुको तुलनामा हामा दैनिक समाचारपत्रहरु बढी तटस्थ, वस्तुनिष्ठ तथा कुनै राजनीतिक दलको बकौ प्रचार माध्यम भन्ने प्रवृत्तिबाट टाढा पर्नेका रहेछन्। गोरखापत्र तथा राइजिङ नेपाल जस्तो आफ्नो आफ्नो प्रमुख दैनिक समाचारपत्रहरुको विकास र विस्तारलाई बहुदल आगमनि नै अघ्याएको थियो दशौंदेखि नाएको दिशालाई स्वागत र प्रोत्साहन गर्ने पर्दछ। यसो भन्दैमा त्यो दैनिकहरु आस्थागत झुकाव वा दलगत समर्थनको हिसाबले सर्वथा अलग रहन सकेको छन् भन्ने सोचेको होइन। त्यस्तो तथ्यता पनि हामा दैनिकहरु क्रमशेक्रम ठूलो साप्ताहिक सरह दलको झण्डा बोकेर किसिमका उस्तर उचारक बाटो हेर्नुन् वा नाचेर्नुन् भन्ने मात्र सोचेको हो।

दैनिक समाचारपत्रहरुले निर्वाचन काल जस्तो असाधारण भागबण्डिमा पनि पाप, संधै नै आफ्नो पक्ष वा विपक्ष प्रत्यक्ष देखाइनु सधै किसिमका पाठकहरुलाई जवाफदेहीताको हिसाबले ठीक हुँदैन भन्ने उपेक्षित तथा न्यूनतम आचरणपनि राखी सजग रहेको पाइन्छ। भाषाको प्रयोगमा पनि शिष्टताका जोड दिएको सन्तोषजनक लाग्दछ। गाली गलौजबाट टाढै रहेको तर समाचार विश्लेषण गर्दा भने प्रशस्तमध्ये कर्मोलाई दिएको नपाइने तथ्यका, मुलाहिजा नगर्ने नीति अवलम्बन गर्न खोजेको सराहनीय लाग्दछ। 'एकका न्याय' मकार बहुत नै पक्षपात गर्ने कोही प्रमुख दैनिकहरुको चाहना रहेको स्पष्ट बोध हुन्छ। एकुकर न्यूजलाई रोचक, मार्मिक, अस्वभाविक तथा विवादास्पद बनाउने, राजनीतिक वा सामाजिक विषयमा मात्र नएकोहोरिने एस किसिमको शैलीलाई पनि सराहनीय लाग्दछ।

नेपाली पत्रमा कार्टून विधा यस्तो त्यो विधा भएको र नियमित गर्न कठिनाई पर्नेको तथा प्रकाशन गरेको दिन पनि त्यो कोरेको किसिमको कारण र कोरिने कथानकको कारण सर्मसारी नर सन्देशवाहक हुन सकेको स्पष्ट अनुभूति हुन्छ। म गणितमा मात्र होइन, गणनामा पनि राम्रै कमजोर छु। यो गणना गल्ती तहोस्, ०५६ वैशाख १७-२३ सम्मको समाचारपत्रहरुले काठमाडौं दैनिकसम्मा नेपाली कार्टून देख्न सकिन। यस अन्तर्गत काठमाडौं पोस्टमा पनि एक अङ्कमा मात्र कार्टून प्रकाशित गरेर गोरखापत्र र राइजिङ नेपालमा एस अवधिभर नै कार्टून देख्न परेन। हिमालय टाइम्स र समाचारपत्रले कार्टून विधातर्फ दिएको ध्यान अङ्क प्रशंसनीय लाग्दछ। कुनै कुनै साप्ताहिकमा कार्टूनको नियमितता अपवाद मात्र अनुभव हुन्छ।

पहिलो दिनको शोधिने कुनाबाट शुरु गारिने समस्या प्रशंसनीय कार्टूनिस्ट समावेश गर्ने चाहना साप्ताहिक समाचारपत्रहरुमा बढेको देखिनु स्वागतनीय कुरा हो। तर यो शैलीले राजनीतिक मातिसले राजनीति गर्नेको लागि आफ्नो प्रचार र अर्कोमाथि प्रहार गर्नमा नै लगाएको बुझ्न सहिसर कठिनाई पर्दछ। यस्तो स्थितमा पहिले सन्तुलित विचार प्रकाशित गर्ने र त्यसको प्रकाशकको राजनीतिक उद्देश्य वा आफ्नो पक्षमा मत निर्माण गर्ने लक्ष्य वा भिर्को लक्ष्य हुनुपर्नेमा त्यस्ता गर्न सकेको देखिन्न। गम्भीर पत्रकारिता लम्बाकारको अभावमा यसो गर्न सक्न तैं मेहनत मनुपर्ने देखिन्छ।

कार्टूनकारी विज्ञापन बढी नै आएता पनि आजका प्रमुख दैनिक समाचारपत्रहरुका भित्री पृष्ठहरुमा साप्ताहिक समाचारलाई उचित स्थान दिने प्रवृत्ति बढ्दै जानु कानो सन्तोषजनक लाग्दछ। साप्ताहिक पत्रिकाहरु भने पूरा सबै मुखपत्र नभएता पनि धेरैजसो राजनीतिक दलका मुखपत्रहरु नाम गर्ने किसिमका भएकाले गिनले यहाँका सामाजिक समाचार छापे पनि तोडमरोड गरेर वा शुद्ध राजनीतिक प्रयोजनको लागि मात्र छापेको महसुस गर्न कठिनाई पर्दछ। अर्को शब्दमा, हाम्रा साप्ताहिक पत्रिकामा शुद्ध सामाजिक समाचार अङ्कु भनेको सिला खल्लु जस्तै नै हो।

राष्ट्रिय जीवनका अरु क्षेत्रमा अत्यन्त महत्वको समाचार भएता साइक राजनीतिक समाचारलाई नै प्राथमिकता प्रदान गर्ने बजना मुख्य समाचार बनाउने चलन नै हो। यो विश्वव्यापी चलन हामा दैनिकले यहाँका लोकको देखिनु राम्रो हो। यस्तो तथा समाचारपत्रकार समाज विकासमुखी भन्दा राजनीतिक विषयका नामा बन्दी गरेका छन् भन्ने किसिमका आलोचनाबाट एकोहोरा भए पनि बचन महत्व गर्दछ।

हामा दैनिक समाचारपत्रहरुको सबा भन्दा बेलमा नदी निपुण भएता पनि यिनले पाठको सूचना वाने टिप्पणी भन्ने किसिमको पाठकीय आवाज पुरा गर्नमा पनि धेरै सफलता हासिल गरेका छन्। कुनै पाठकले कुनै एउटा साप्ताहिक मात्र पढ्ने र मुख्य मुख्य कुराहरु त्यसैबाट पत्याउन हो भने त्यो पाठक बहुलाइन पनि बेर लाग्दैन भन्ने हो भने पनि गल्ती हुँदैन। किनभने आकाश-जमीनको अन्तर हुने सूचना हामा साप्ताहिकहरु प्रकाशित गर्ने गर्दछन्। हामा राजनीतिक दलहरु बक आफ्ना मुखपत्रहरुलाई नियमित र व्यापक गरेर ध्यान दिए हुन्थ्यो।

हामा साप्ताहिक समाचारपत्रहरुले दलको मुखपत्रको जस्तो काम गर्ने वा पुष्ट देखिने मुद्दाहरु गरी विषयको औचित्यमा नगएर अर्कोपिछ अभ्यन्तरमा दलीय पोतेबद्धता मात्र सिद्ध गर्ने किसिमको कमजोरी बढाउनु भएन। दलीय पक्ष लिने गर्न साप्ताहिक कार कुनै उटपटाङ्ग समाचार बनाउने, टिटोलपन बढाउने, अभिमतको सैद्धान्तिक आधार पुष्ट नगरी बहुमत वा मुख्य दलपति गुणगानी हुने किसिमका देखिन्छन्। यो पनि ठीक भएन। हामा साप्ताहिकहरुले एक कोटी छुट्टामा हात राखेर सोच्नुपर्यो- दलको मुखपत्र होइन भन्ने हो भने पाठक, समाज पत्रकारिक धर्मपतिको जवाफदेहिता निर्वाहको लागि मोर्ड माथ भए पनि छुट्ट राख्नु पर्यो। हामा समाचारपत्रहरुले सूचनाको कुनै पनि विषयमा कुनै सिरिजत हुँदा वा विश्वासको बिन्दुमा पुग्न महत्व गर्दैनन्। अति अनुमानित, अभिन्दो, अतिरञ्जित, एक पक्षीय खबरीय समाचार प्रकाशित गर्ने प्रवृत्ति राख्दछन्।

(सम्पादिका मण्डलद्वारा ०५६ साल्मा आयोजित कार्यशाला गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट)

Rights and Duties are the same thing looked at from two different points of view. -Srinivash Sastri) अधिकार मार्फत् व्यक्तिले अरुसँग आफ्नो हितका लागि सुविधा खोजेको हुन्छ भने कर्तव्य मार्फत् उसले अरुको हितका लागि सहायता गर्दछ र वास्तवमा कर्तव्यको पालनाबाट मात्र अधिकार प्राप्त गर्न सकिन्छ। साल्मण्डका अनुसार कर्तव्य त्यस्तो कार्य हो जसको पालना नगरिएमा गल्ती हुन्छ। यस आधारमा भन्नुपर्दा, प्रेसजगत्ले आफ्नो अधिकारको कुरा गर्दा कर्तव्यतर्फ पनि ध्यान पुऱ्याउनै पर्छ भन्ने स्पष्ट छ।

प्रसिद्ध विद्वानहरु फ्रेड सिवर्ट, थियोडोर पिटर्सन र विल्बुल स्क्रामले "फोर थ्योरिज अफ प्रेस" पुस्तकमा प्रेसका चारवटा सिद्धान्तहरुको चर्चा गरिसकेपछि परिशेषमा के कुरामा जोड दिएका छन् भने प्रेस स्वतन्त्रताको उपभोग गर्दा समाजप्रतिको दायित्व भुल्न पटक्कै मिल्दैन र कहिलेकाहीं त समाजको वृहत्तर हितका लागि आफ्नो स्वतन्त्रताको बलिदान दिन पनि हिच्किचाउनु हुँदैन। कुनै पनि समाचार प्रस्तुतिका कारणले अझ बढी हानी पुग्ने अवस्था छ भने त्यस्तो प्रस्तुतीकरण तथ्यपरक त होला, परन्तु सामाजिक उत्तरदायित्वको कसीमा खरो उत्रँदैन। इन्दिरा गान्धी हत्याकाण्डको बेलामा प्रेसले हत्याराहरु 'शिख' सुरक्षागार्ड भएको समाचार प्रकाशित गर्दा त्यो तथ्यपरक त भयो, तर सोही समाचारका कारणले तत्कालै दिल्लीका सडकमा सयौं शिखहरु जिउँदै जलाइए। त्यो समाचार प्रवाहित हुँदा 'शिख' सुरक्षागार्ड भएको भन्नुको साटो त्यो शिख शब्द नभएको भए समाचारको तथ्यतामा थोरै अन्तर त पर्दो हो, तर सयौं निर्दोषको अनाहक ज्यान शायद नजाँदो हो कि ! अर्का प्रसिद्ध आमसञ्चार-विज्ञ म्याकक्वाइलले पनि प्रेसको सामाजिक उत्तरदायित्वको पक्षमा निकै जोड दिएका छन्।

हाम्रो देशमा पूर्ववर्ती संविधान (नेपालको संविधान, २०१९) मा उल्लिखित 'वाक् तथा प्रकाशन स्वतन्त्रता' लाई नयाँ संविधानमा अझ व्यापक स्वरुपको 'विचार र अभिव्यक्तिको स्वतन्त्रता'ले प्रतिस्थापित गर्दै 'छापाखाना र पत्रपत्रिका सम्बन्धी हक' समेत प्रत्याभूत गरिनुको उद्देश्य पनि प्रेसजगत्लाई सरकारी हस्तक्षेपबाट मुक्त राखेर स्वतन्त्रताको निर्बाध उपयोग गर्नसक्ने बनाउनु त थियो नै, साथमा प्रेसजगत्प्रतिको आस्था पनि त्यसमा प्रतिबिम्बित भएको हो। प्रेसलाई स्वतन्त्र र अधिकार-सम्पन्न बनाउँदा अझ बढी उत्तरदायित्वपूर्ण बन्ने विश्वास पनि राखिएको हो। माथि भनिएझैं जो जति शक्तिवान् हुन्छ, त्यसले उत्तिकै दायित्व एवम् कर्तव्य पनि वहन गर्नुपर्ने सामाजिक न्यायको सिद्धान्तको परिधिबाट पत्रकारिता क्षेत्रमात्रै बाहिर परोस् भन्ने आग्रह गर्न मिल्दैन। वास्तवमा, सर्वोच्च अदालतले प्रजातन्त्र पुनर्स्थापना पश्चात्का विभिन्न मुद्दाहरुको फैसला गर्ने क्रममा स्पष्ट पारेझैं, प्रेस स्वतन्त्रताको अर्थ असीमित स्वतन्त्रता हुनसक्दैन– जतिसुकै उदार एवं प्रजातान्त्रिक भएता पनि एउटा सभ्य समाजमा स्वतन्त्रता वा अधिकार भन्ने कुरो असीमित हुँदैन र त्यसका लागि एउटा 'लक्ष्मणरेखा' हुनैपर्छ।

सम्पादक श्रेष्ठलाई दुईथरी मुद्दा चलाउनुपर्ने कारण सर्वोच्चद्वारा माग

काठमाडौं, १२ मंसिर (काम)– जनआस्था साप्ताहिकका सम्पादक किशोर श्रेष्ठलाई एउटै अभियोगमा दुई विभिन्नका मुद्दा दायर गर्न मागको कारण १५ दिनभित्र बुझाउन सर्वोच्च अदालतले जिल्लाधार विपक्षीलाई आदेश दिएको छ।

सम्पादक श्रेष्ठले भिन्न कलाकार चीना कार्की आत्महत्या प्रकरणमा सार्वजनिक अपराध तथा सजाय नियमावलीअन्तर्गत मुद्दा दायर गरिसकेपछि पुनः त्यही विषयमा ज्यान मुद्दा चलाउन सीमा संविधानविरोधित हुने दावी गर्दै त्यसलाई रोक्न माग गर्दै गत सोमबार रिट निवेदन दायर गरेका थिए।

न्यायाधीश मोनबहादुर रायमाझीको एकल इजलासले उक्त कारण देखाउ आदेश जारी भएको हो। उक्त रिटको सुनुवाइमा पक्षबाट वरिष्ठ अधिवक्ताहरु सुशील पन्त, प्रकाश बस्ती, मनीशकुमार बस्त र ठीकाराम भट्टराईले एउटै कसुरमा एकपटकभन्दा बढी मुद्दा मुकाइएमा र सजाय भएपछि व्यवस्था गर्नुपर्नाले किटान गरेको रूपा व्यक्ति कायम गर्न–गराउनबाट रोक्न माग गरेका थिए। श्रेष्ठले बदमाशी भावना राखी प्रतिशोध लाग्ने मुद्दामा फसाउन खोजेको बारेमा रिटमा लगएका छन्।



ष्ठको खोजी



अनि, समयक्रमले हामी यस्तो विन्दुमा आइपुगेका छौं, त्यस्तो 'लक्ष्मणरेखा' प्रेसजगत्लाई अरु कसैले कोरिदिने वा थोपर्ने स्थिति छैन। यसका लागि प्रेसजगत् आफैं अघि नसरी हुँदैन। यस तथ्यलाई प्रेसकर्मीहरुले महसूस नगरेका पनि होइनन्। सन् १८९३ मा शिकागोमा भएको पहिलो अन्तर्राष्ट्रिय पत्रकार भेला देखिनै पत्रकारहरुले स्वतःस्फूर्त रुपमा आचारसंहिताको आवश्यकतालाई स्वीकार गरेकै हुन्। सन् १९२३ मै अमेरिकन सोसाइटी अफ न्यूजपेपर एडिटर्स (ASNE) ले सातबुँदे नियम पारित गर्नुमा पनि यही भावनाले काम गरेको छ। हाम्रो देशमा पनि पत्रकार आचारसंहिता छँदैछ। यति हुँदाहुँदै पनि जब 'श्रीषा प्रकरण' हुन्छ भने एकपल्ट फेरि प्रेसजगत्ले आफूभित्र नियाल्नुपर्ने बेला हो यो। नत्र, प्रेस स्वतन्त्रताको दुहाइ दिएर पत्रकारितालाई व्यक्तिगत स्वार्थपूर्तिको निम्ति प्रयोग गरिने र समाचारलाई माध्यम बनाएर अनुचित आर्थिक लाभ वा अन्य लाभ लिने प्रवृत्तिले पत्रकारितालाई विकृत पार्ने निश्चित छ। यदि त्यस्तो विकृतिले पत्रकारिता क्षेत्र गाँजिएमा बाह्य शत्रुहरुसँगको द्वन्द्वमा अपराजेय साबित भइसकेको पत्रकारिता आफूभित्रैका शत्रुहरुबाट पत्तै नपाइकन सहजै पराजित हुने निश्चित छ। 'श्रीषा प्रकरण'मा आन्दोलनरत पक्षहरुबाट 'पीत पत्रकारिता'को तर्क दिँदै नयाँ कानुनको माग गरिनु, राजाबाट त्यस्तो कानुनका लागि प्रधानमन्त्रीलाई निर्देशन दिइनु, अनि पत्रकारहरुचाहीं कतै प्रेस-स्वतन्त्रता संकुचित गरिने पो होकि भनेर आशंकित हुनुपर्ने परिस्थिति आउनु जस्ता घटनाक्रमले सोही संकेत गर्दछ। बुद्धले दिनुभएको सदुपदेश उद्धृत गर्दै यो चर्चाको आरम्भ गरिनु र प्रत्येक पत्रकारले त्यसलाई मनन गर्नैपर्ने खालको छ भनिनुको आशय यससँग स्पष्ट सम्बन्धित छ।



यादव पाण्डेको आपत्ति

काठमाडौं/रास- २३ असोजको जनआस्था साप्ताहिकमा नायिका श्रीषा कार्कीको सम्बन्धमा प्रकाशित समाचारमा आफ्नो नाम जोडिएकोमा यादवप्रसाद पाण्डेले आपत्ति जनाएका छन्। सो समाचारमा मेरो नाम जोडिनु एकदम दुर्भाग्यपूर्ण हो। सो घटना मलाई फसाउने एवं बदिको योजना अनुसार प्रकाशित गइएको हुनुभन्दा दुई अक पहिलेदेखि नै जनआस्थाको कार्यालयमा पाउन थिएँ। जरिब एक वर्षसम्म पनि सो पत्रिकाबाट परिश्रमिक पाउन नसकेको जनाउँदै उनले भनेका छन्- दसै खर्चको रुपमा केहीं पैसा पाउने आश्वासन पाएपछि म जनआस्था कार्यालयमा गएर एक वर्षको परिश्रमिकस्वरुप दुई हजार सिई फर्किएको थिएँ र जनआस्थामा प्रकाशित समाचारमा आफ्नो नाम देखेपछि सम्पादक किशोर श्रेष्ठकहाँ गएर आफूले आपत्ति जनाएको तर, सुनुवाइ नभएपछि विभिन्न अनुरोध गरेकी पत्रकारहरु उनले सस्वरुप बाहिर न्यादिदिन अनुरोध गरेकी पत्रकारहरु पुगी सो भनेका छन्- पत्रकार संघको कार्यालय र संघका सचिव महासचिव शान्तिराज, उपाध्यक्ष सजिन शाक्य र संघका केही केन्द्रीय सदस्यहरुको उपस्थितिमा सो समाचारबारे जानकारी जनाउँदै सम्पूर्ण कलाकार र सम्बन्धित सबै पक्षलाई जानकारी गराईदिन अनुरोध गरेकी छु। तर सबैले कुनै जानकारी नगराइदिएकोमा दुःख लागेको छ।

मानवअधिकार सन्धि अनुगमन : आजको आवश्यकता

- रञ्जना थापा

मानवअधिकारको अवधारणा विश्वको इतिहास जत्तिकै पुरानो छ। हर समुदाय, समाज र राष्ट्रमा मानवअधिकारका अवधारणाहरु कुनै न कुनै रुपमा अवस्थित थियो। समयको विकासक्रम र विश्वमा घट्दै गएको दूरीले आज मानवअधिकारको अवधारणालाई विश्वव्यापी मानिएको छ।

विश्वमा देखिएका समस्याहरुको निराकरण र ती समस्याबाट आम मानव समुदायलाई बचाउनका लागि विश्वव्यापी रुपमा नै अभियानहरु संचालन हुन थाले। संयुक्त राष्ट्र संघको स्थापना त्यसरी चलाइएका अभियान अन्तर्गतकै एक परिणाम मान्नुपर्दछ। दोश्रो विश्वयुद्धको मारबाट सम्पूर्ण मानव जातिको रक्षा र शान्ति अनि उनीहरुका मानवअधिकारको संरक्षण गर्न विश्वका केही देशहरुबीच समझदारी भई संयुक्त राष्ट्र संघको स्थापना भएको हो।

मानवअधिकारको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि संयुक्त राष्ट्र संघको प्रमुख योगदान रहेको छ। साधारण सभाको विभिन्न प्रस्तावहरुद्वारा मानवअधिकारका विभिन्न सरोकारका विषयमा सन्धि, महासन्धि, घोषणापत्रहरु जारी गरिएको छ। ती सन्धि, महासन्धि एवम् घोषणापत्रहरुलाई अन्तर्राष्ट्रिय दस्तावेज भनिन्छ। त्यस्ता अन्तर्राष्ट्रिय दस्तावेजहरुको निर्माण हुनु संयुक्त राष्ट्र संघको मानवअधिकार क्षेत्रमा सबैभन्दा महत्वपूर्ण योगदान रहेको छ। हालसम्म त्यसरी जारी एवं निर्माण गरिएका अन्तर्राष्ट्रिय दस्तावेजहरुको संख्या ९४ भन्दा बढी छ। तिनमा महासन्धिहरु, घोषणापत्रहरुलगायत् अन्य दस्तावेजहरु पर्दछन्।

मूलतः संयुक्त राष्ट्र संघले जारी गर्ने गरेका दस्तावेजहरुलाई साधारण र विशेष, विश्वव्यापी र क्षेत्रीय तथा बन्धनकारी गरी तीन प्रकारमा विभाजन गर्न सकिन्छ। मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८, मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धहरु १९६६ आदिलाई साधारण अन्तर्राष्ट्रिय दस्तावेजको रुपमा लिइन्छ जसमा मानवअधिकारका व्यवस्था एवं प्रावधानहरु व्यापक रुपमा उल्लेख गरिएको हुन्छ। कुनै एक मात्र विषयमा केन्द्रीत रही जारी गरिएका अन्तर्राष्ट्रिय दस्तावेजहरुलाई विशेष प्रकारको अन्तर्राष्ट्रिय दस्तावेज भनिन्छ। जसमा, बालअधिकार सम्बन्धी महासन्धि, महिलाका विषयमा जारी गरिएका महासन्धि, दलितहरुका विषयमा जारी गरिएका महासन्धि आदि पर्दछन्। आइएलओ, युनेस्कोद्वारा जारी दस्तावेजहरुलाई विश्वव्यापी प्रकृतिको दस्तावेज भनिन्छ भने कुनै क्षेत्रको विकास, सम्बन्ध विस्तार र अधिकारका विषयमा केन्द्रीत क्षेत्रीय संगठनहरुबाट जारी दस्तावेजहरुलाई क्षेत्रीय दस्तावेज भनिन्छ। यस अन्तर्गत सार्क, आसियान, काउन्सिल अफ युरोपद्वारा जारी दस्तावेज एवं घोषणापत्रहरुलाई लिन सकिन्छ।

कानुनको वैधता प्राप्त गर्ने दस्तावेजहरुलाई बन्धनकारी दस्तावेजको रुपमा लिइन्छ। जसको पालना गर्नु, त्यसमा व्यवस्था गरिएका प्रावधानहरुको अवलम्बन गर्नु, त्यस्ता दस्तावेजहरुलाई अनुमोदन गर्ने प्रत्येक राष्ट्रको दायित्व हुन आउँछ। राष्ट्रहरुले अनुमोदन गरेका उक्त अन्तर्राष्ट्रिय दस्तावेजहरुको अवलम्बन गर्नका लागि विभिन्न प्रकृयाहरु छन् र ती प्रकृयाहरुले राष्ट्रिय स्तरमा मानवअधिकारको प्रबर्द्धनका लागि प्रभावकारी राष्ट्रिय नीतिहरुको निर्माण गर्न सघाउ पुऱ्याउँदछन्। त्यस्ता प्रकृयाहरुमा सल्लाहकारी (advisory), सहयोगात्मक (assistance), सुधारात्मक उपचार (corrective remedy), निवारक (preventive) र प्रतिवेदन पेश गर्ने (reporting) प्रकृयाहरु पर्दछन्।

रिपोर्टिङ विधिलाई निरन्तर सुपरीवेक्षण विधि पनि भन्न सकिन्छ, जसको माध्यमबाट अन्तर्राष्ट्रिय सन्धि, सम्झौताहरुको राष्ट्रिय स्तरमा अवलम्बन, कार्यान्वयन र देशमा भएको सुधार, कठिनाइहरुको निरन्तर रुपमा अनुगमन गर्न सकिन्छ।

वास्तवमा कुनै पनि राष्ट्रले संयुक्त राष्ट्र संघले जारी गरेका सन्धि, सम्झौता एवं महासन्धिहरुको अनुमोदन गरेर मात्र पुग्दैन। राष्ट्रिय स्तरमा त्यस्ता सन्धिहरुको अवलम्बन पनि गरिनुपर्दछ। राष्ट्रिय स्तरमा अवलम्बन, कार्यान्वयन भएका कुराहरु, तथ्यहरुको विवरणात्मक प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने हुन्छ। जसलाई रिपोर्टिङ भनिन्छ। यो एक प्रभावकारी माध्यम हो, जसबाट सन्धि, सम्झौताको राष्ट्रिय स्तरमा कार्यान्वयन र अवलम्बन गर्दाका उपलब्धी, सुधारहरु र चुनौती एवं कठिनाईहरुको बारेमा जानकारी पाउन सकिन्छ। प्रतिवेदन पेश गर्ने प्रावधान एवम् विधिको व्यवस्था विशेष गरी निम्न ६ अन्तर्राष्ट्रिय दस्तावेजहरुमा पाउन सकिन्छ।

१. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (ICCPR)
२. आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (ICESCR)
३. सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (ICERD)
४. महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW)
५. बालअधिकार सम्बन्धी महासन्धि (CRC)
६. यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि (CAT)

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी महासन्धि अनुमोदन गर्ने राष्ट्रले अनुमोदन गरेको दुई वर्षभित्र शुरुको प्रतिवेदन र त्यसपछि प्रत्येक पाँच-पाँच वर्षमा राज्यले प्रतिवेदन पेश गर्नुपर्ने हुन्छ। प्रतिवेदन संयुक्त राष्ट्र संघको आर्थिक, सामाजिक र साँस्कृतिक समितिमा पेश गरिनुपर्दछ। जुन समितिले महासन्धिको अवलम्बनका बारेमा हेर्ने र अनुगमन गर्ने अधिकार राख्दछ।

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धिलाई अनुमोदन गर्ने राज्यले अनुमोदन गरेपछि शुरु एक वर्षभित्र प्रारम्भिक प्रतिवेदन र तत्पश्चात् प्रत्येक पाँच वर्षमा आवधिक प्रतिवेदन मानवअधिकार समितिमा पेश गर्नुपर्दछ।

महिलाविरुद्ध हुने भेदभाव उन्मूलन गर्ने महासन्धिको अनुमोदन गर्ने राज्यले अनुमोदन गरेको एक वर्षभित्र प्रारम्भिक प्रतिवेदन पेश गर्नुपर्ने र त्यसपछि प्रत्येक ४/४ वर्षमा आवधिक प्रतिवेदन पेश गर्नुपर्ने हुन्छ। यही विधि र प्रकृया यातना विरुद्धको महासन्धिमा पनि लागू हुन्छ।

बालबालिकाको अधिकार सम्बन्धी महासन्धिको प्रारम्भिक प्रतिवेदन अनुमोदन गरेको एक वर्षभित्र र तत्पश्चात् प्रत्येक पाँच वर्षमा आवधिक प्रतिवेदन पठाउनुपर्ने प्रावधान महासन्धिमै उल्लेख गरिएको छ।

जातीय विभेद विरुद्धको महासन्धिको प्रतिवेदन पेश गरिनुपर्ने समय भने अरु

महासन्धिको भन्दा फरक छ। उल्लेखित महासन्धि अनुमोदन गरेको एक वर्षभित्र प्रारम्भिक प्रतिवेदन र त्यसपछि प्रत्येक दुई वर्षमा आवधिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था महासन्धिमै उल्लेख छ।

नेपालले हालसम्म मानवअधिकारसँग सम्बन्धित १६ वटा अन्तर्राष्ट्रिय दस्तावेजहरुको अनुमोदन गरिसकेको छ भने थप ३ वटा दस्तावेजहरुमा हस्ताक्षर गरेको छ। जसमध्ये प्रमुख ६ वटा दस्तावेजहरु- नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि, बालअधिकार सम्बन्धी महासन्धि र यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि पनि पर्दछन्। नेपाल सन्धि ऐन २०४७ को दफा ९ अन्तर्गत नेपाल पक्ष राष्ट्र भएर अनुमोदन गरेका त्यस्ता दस्तावेजहरु नेपालको राष्ट्रिय कानुन सरह मान्य हुन्छन्। साथै, नेपालले ती सन्धिहरुको राष्ट्रिय स्तरमा अवलम्बन गर्नु पर्दछ र सोको बारेमा संयुक्त राष्ट्र संघको तोकिएको समितिमा प्रतिवेदन पेश गर्नुपर्ने हुन्छ। तर, हालसम्म नेपालले जातीय विभेद विरुद्धको महासन्धिको १४ वटा आवधिक प्रतिवेदन पेश गरेबाहेक अन्य पाँचवटा महासन्धिहरुको प्रारम्भिक प्रतिवेदन मात्र बुझाएको छ। यसबाट के कुरा स्पष्ट हुन्छ भने नेपालले अन्तर्राष्ट्रिय सन्धि, सम्झौताहरुको अनुमोदन त्यसप्रति प्रतिबद्धता जनाई देशमा मानवअधिकारको स्थितिमा सुधार ल्याउनु भन्दा पनि अन्तर्राष्ट्रिय क्षेत्रमा लोकप्रियता हासिल गर्न र प्रजातान्त्रिक मुलुक भनेर चिनिनका लागि गरेको जस्तो देखिन्छ।

यी मध्ये सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिको चौधौं चरणसम्मको सम्पूर्ण प्रतिवेदन सरकारले संयुक्त राष्ट्र संघसमक्ष बुझाइसकेको छ। आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको १९९३ जुन ३० मा बुझाइनु पर्ने शुरु प्रतिवेदन नै २५ अक्टोबर १९९९ मा बुझाइएको थियो।

सरकारले समयमा प्रतिवेदन पठाउन नसक्नु लज्जास्पद यथार्थता हो। अर्कातर्फ यस सम्बन्धमा मानवअधिकार संस्थाहरुको ध्यान जानु र सरकारलाई समयमै प्रतिवेदन पेश गर्न दबाब दिनु उत्तिकै महत्वपूर्ण कुरा हो। महासन्धिहरुमा पनि गैरसरकारी संस्थाहरुको संलग्नताबाट प्रतिवेदन तयार र पेश गर्न सक्ने प्रावधान उल्लेख गरिएको छ। त्यसकै फलस्वरुप इन्सेकले मानवअधिकारका सन्धिहरुको अनुगमनका लागि पहल गरिरहेको छ। जसको परिणामस्वरुप इन्सेकभित्र सन्धि अनुगमन केन्द्रको स्थापना गरिएको छ भने विभिन्न क्षेत्रमा कार्यरत मानवअधिकारवादी संघ, संस्थाहरुको संलग्नतामा इन्सेकको संयोजकत्वमा मानवअधिकार सन्धि अनुगमन संयोजन समिति निर्माण भइसकेको छ।

प्रजातन्त्र पुनर्स्थापनापछिको महत्वपूर्ण उपलब्धीहरुमध्ये अन्तर्राष्ट्रिय सन्धि, सम्झौताको अनुमोदन एक हो तर राष्ट्रिय स्तरमा त्यसको कार्यान्वयन नहुनु बिडम्बना हो। अझ महत्वपूर्ण कुरा त समय-समयमा पठाउनुपर्ने प्रतिवेदनहरु पठाउन नसक्नु अत्यन्त लज्जास्पद कुरा हो। तसर्थ, सरकार आफूले अन्तर्राष्ट्रिय स्तरमा जनाएका प्रतिबद्धताप्रति कार्य गर्न मानवअधिकार सन्धिहरुको अनुगमन गर्नुपर्ने बेला भइसकेको छ। मानवअधिकार संघ-संस्थाहरुले यसतर्फ ध्यान दिनु अति आवश्यक छ।

महासन्धि	रिपोर्टिङ चरण	रिपोर्ट पेश गर्नुपर्ने मिति	पेश गरिएको मिति	रिपोर्ट पेश गरिनुपर्ने अवधि
नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (ICCPR)	तेश्रो	१३ अगस्ट २००२	-	
	दोश्रो	१३ अगस्ट १९९७	-	५ वर्ष
	पहिलो	१३ अगस्ट १९९२	३० मार्च १९९४	
आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (ICESCR)	पहिलो	३० जुन १९९३	२५ अक्टोबर १९९९	५ वर्ष
सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (ICERD)	सोह्रौं	१ मार्च २००२	-	
	पन्ध्रौं	१ मार्च २०००	-	२ वर्ष
	चौधौं	१ मार्च १९९८	२५ अक्टोबर १९९९	
महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW)	तेश्रो	२२ मे २०००	-	
	दोश्रो	२२ मे १९९६	-	४ वर्ष
	पहिलो	२२ मे १९९२	१६ नोभेम्बर १९९८	
बालअधिकार सम्बन्धी महासन्धि (CRC)	तेश्रो	१३ अक्टोबर २००२	-	५ वर्ष
	दोश्रो	१३ अक्टोबर १९९७	-	
	पहिलो	१३ अक्टोबर १९९२	१० अप्रिल १९९५	
यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि (CAT)	तेश्रो	६ डिसेम्बर २०००	-	
	दोश्रो	६ डिसेम्बर १९९६	-	४ वर्ष
	पहिलो	६ डिसेम्बर १९९२	६ अक्टोबर १९९३	

'असक्षम' प्रधानमन्त्री र संवैधानिक राजाले निम्त्याएको संकट

– लेखनाथ भण्डारी

शाही घोषणाको पृष्ठभूमि

आफ्नै पार्टीका सभापतिको नेतृत्वमा रहेको बहुमतप्राप्त सरकारलाई हटाएर देशको बिग्रँदो शान्ति-सुरक्षाको स्थिति नियन्त्रण गरी शान्ति स्थापना गर्ने प्रमुख नारा अघि सार्दै सरकारको नेतृत्व कब्जा गर्न सफल शेरबहादुर देउवाले अन्ततः राजाबाट आफूलाई 'असक्षम' प्रधानमन्त्री सावित गराई पदमुक्त गराउनु भयो। आतंकवाद नियन्त्रण गर्ने मुद्दामा प्राप्त राष्ट्रिय अन्तर्राष्ट्रिय समर्थन र सहानुभूतिलाई प्रधानमन्त्री देउवाले एक पछि अर्को कदममा निरंकुश प्रवृत्ति देखाउन थाल्नु भएको थियो। प्रथमतः प्रधानमन्त्री बन्ने वातावरण तयार गर्नुका अतिरिक्त संकटकाल लागू गर्ने, संकटकाल लम्ब्याउने, पार्टी विभाजन गरी महाधिवेशनका नाममा आफैलाई सभापति घोषणा, प्रतिनिधिसभा विघटनको सिफारिस तथा स्थानीय निकाय भंग गर्ने जस्ता कार्यले देउवामा स्वेच्छाचारी एवं निरंकुश चरित्र हावी भएको अनुमान गर्न सकिन्थ्यो।

प्रधानमन्त्री देउवाले संसदमा दर्ता गराउनु भएको संकटकाल लम्ब्याउने प्रस्ताव फिर्ता लिन नेपाली काँग्रेसले निर्देशन दिएपछि ०५९ जेठ ८ गते राति ११ बजे नेपाली काँग्रेसको पक्षमा सुविधाजनक बहुमत रहेको प्रतिनिधिसभा विघटनको सिफारिस गरी कार्तिक २७ गते निर्वाचनको मिति तोक्नु भएको थियो। श्री ५ बाट प्रधानमन्त्री देउवाको सिफारिस तत्कालै अनुमोदन भएको थियो। तर तोकिएको मितिमा देशको विद्यमान परिस्थितिमा निर्वाचन हुन सक्छ वा सक्दैन भन्ने विषयमा चल्दै आएको विवादमा अन्ततः ०५९ असोज १३ गते प्रधानमन्त्री देउवाकै अध्यक्षतामा बसेको ७ वटा राजनीतिक पार्टीहरुको वैठकले निर्वाचन हुन नसक्ने निष्कर्ष निकालेको थियो। प्रधानमन्त्रीसहित नेपाली काँग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), राप्रपा, नेपाल सद्भावना पार्टी, जनमोर्चा नेपाल, नेपाल मजदूर किसान पार्टी र नेपाली काँग्रेस (प्रजातान्त्रिक) का शिर्षस्थ नेताहरु सम्मिलित सो वैठकले 'मुलुकमा हाल विद्यमान जटिल परिस्थितिलाई मध्यनजर राख्दा आगामी ०५९ कार्तिक २७ गते प्रतिनिधिसभाको निर्वाचन गर्न सम्भव नदेखिएकोले विभिन्न राजनीतिक दलहरुबाट व्यक्त विकल्पहरुलाई समेत ध्यानमा राखी संविधानसम्मत ढंगले उपयुक्त निकास खोज्न वैठकले सिफारिस गरेको छ।' भनी निर्णय गरेको थियो।

असोज २५ गते गठित मन्त्रिमण्डल

- **प्रधानमन्त्री** : लोकेन्द्रबहादुर चन्द
- **उप-प्रधानमन्त्री** : बद्रीप्रसाद मण्डल
- **मन्त्रीहरु** : डा. बद्रीप्रसाद श्रेष्ठ, नरेन्द्रविक्रम शाह, धर्मबहादुर थापा, गोरेबहादुर खपाङ्गी र डा. उपेन्द्र देवकोटा
- **सहायकमन्त्रीहरु** : अनुराधा कोइराला र गोपाल दहित

शाही घोषणाको मुख्य आदेश

- अर्को व्यवस्था नभएसम्म नेपाल अधिराज्यको कार्यकारिणी अधिकार श्री ५ मा निहित।
- 'असक्षम' प्रधानमन्त्री शेरबहादुर देउवा पदमुक्त र मन्त्रिपरिषद विघटन।
- नयाँ मन्त्रिमण्डलका लागि निर्वाचनमा भाग नलिने स्वच्छ छवि भएका व्यक्तिको नाम सुझाव गर्न राजनीतिक दलहरुलाई आव्हान।
- संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रप्रति प्रतिबद्धता।
- शान्ति सुरक्षाको व्यवस्था मिलाई नयाँ सरकारको निर्वाचन गराउने।
- कुनै पनि राष्ट्रसेवकले कर्तव्यबाट विचलित हुनु नपर्ने।
- सबै देशवासीको सदिच्छाले नै देशमा सुव्यवस्था कायम हुने।

चन्द सरकार गठन भएपछि मारिएका
(०५९ मंसिर १४ गतेसम्म)

सरकारबाट	माओवादीबाट	जम्मा
४०१	१४१	५४२

तोकिएको मितिमा जुनसुकै मूल्यमा निर्वाचन सम्पन्न गर्ने दृढता व्यक्त गर्दै आएको सरकार र निर्वाचनको विकल्प नभएकाले निर्वाचनलाई सामना गर्न तयार राजनीतिक पार्टीहरुबीच एकाएक निर्वाचन हुन नसक्ने निष्कर्षमा सहमति भएको थियो। त्यही सर्वदलीय सहमतिपछि शान्ति सुरक्षाको कारण निर्वाचन हुन नसक्ने ठहरमा पुगेको सरकारले कार्तिक २७ गतेका लागि घोषित चुनाव एक वर्षभन्दा बढी समय पछि सार्न ०५९ असोज १७ गते राजा समक्ष सिफारिस गरेको थियो। संविधानको धारा ५३ (४) अनुसार प्रतिनिधिसभा विघटन गरी निर्वाचन गराउनका लागि विषम परिस्थितिका कारण कठिनाई उत्पन्न भएकोले सरकारले बाधा अड्काउ फुकाउने अधिकार सम्बन्धी धारा १२७ प्रयोग गर्दै ०५९ कार्तिक २७ गते घोषित चुनाव ०६० मंसिर ३ गते सार्न श्री ५ समक्ष सिफारिस गरेको थियो। सरकारको सिफारिसमा संविधानको धारा १२७ अनुसार आदेश जारी गरी ५३ (४) अनुसारको बाधा फुकाई आम निर्वाचनको मिति तोकिनु पर्ने कुरा उल्लेख गरिएको थियो।

मध्यरातको शाही घोषणा

प्रधानमन्त्री देउवाले एक वर्षपछि निर्वाचन सार्नका लागि सिफारिस गर्नु भएको भोलिपल्ट अर्थात् ०५९ असोज १८ गते राति १०:४५ बजे श्री ५ बाट राष्ट्रका नाममा सम्बोधन गर्ने क्रममा 'निर्धारित मितिमा निर्वाचन सम्पन्न गर्न असक्षम प्रधानमन्त्री शेरबहादुर देउवालाई आज ०५९ असोज १८ गतेदेखि पदमुक्त गरिबक्सी मन्त्रिपरिषद् विघटन गरिबक्सेका छौं।' उल्लेख भएको थियो। त्यसैगरी सोही घोषणामा कार्तिक २७ गतेको निर्वाचन स्थगित गर्दै अर्को व्यवस्था नभएसम्मका लागि नेपाल अधिराज्यको कार्यकारिणी अधिकार श्री ५ स्वयंले ग्रहण गरेको जनाइएको थियो। घोषणामा नयाँ मन्त्रिपरिषद्का लागि नाम सुझाव गर्न राजनीतिक पार्टीहरुलाई आह्वान गर्दै ५ दिनको समयावधि तोकिएको थियो।

नेपाल अधिराज्यको संविधान ०४७ को धारा १२७ अनुसार प्रधानमन्त्रीले गरेको सिफारिसलाई श्री ५ बाट सोही धारा प्रयोग गर्दै र धारा २७ (३) समेतलाई विचार गरी उक्त घोषणा मार्फत् केही आदेशहरु जारी गरिएका थिए। संविधानको धारा १२७ मा 'बाधा अठड्काउ फुकाउने अधिकार : श्री ५ बाट यो संविधान कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउन आदेश जारी गरिबक्सने छ र यस्तो आदेश संसद समक्ष राखिने छ।' भन्ने व्यवस्था छ भने धारा २७ (३) मा 'श्री ५ बाट नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिका लागि यो संविधानको पालना र संरक्षण गरिबक्सने छ।' उल्लेख छ।

शाही घोषणाप्रति राजनीतिक पार्टीहरुको प्रतिक्रिया

तोकिएको मितिमा निर्वाचन नगरी एक वर्षपछि निर्वाचन पर सार्ने प्रधानमन्त्रीको सिफारिसलाई राजनीतिक पार्टी तथा संविधानविद्हरुले संविधानको प्रस्तावनासमेत मिचिएको तथा काम चलाउ सरकारलाई त्यो अधिकार नभएको बताउन थालेका थिए। निर्वाचन सम्पन्न गर्ने उद्देश्यले मात्र सरकारको समयावधि तोकिएकोले निर्वाचन गर्न नसक्ने भएपछि सरकारको वैधानिकता स्वत: समाप्त हुने भएकाले देउवालाई निर्वाचनको मिति लम्ब्याउने अधिकार नभएको कारण उक्त सिफारिसको वैधानिकता एवं प्रभावकारीताका सम्बन्धमा बहस भइरहेकै समयमा एकाएक असोज १८ गते राति श्री ५ बाट राष्ट्रका नाममा सम्बोधन गर्दै जारी आदेशले अर्कै परिस्थिति सृजना गरिदियो।

शाही कदमलाई राजनीतिक पार्टीका नेताहरुले अस्वभाविक तथा अनपेक्षितका अतिरिक्त असंवैधानिक र अप्रजातान्त्रिक भएको भनी तत्कालै तीब्र आलोचना गरेका थिए। त्यस क्रममा नेपाली काँग्रेसका नेता रामचन्द्र पौडेलले मुलुक प्रतिगमनतिर गएको बताउनु भयो भने नरहरी आचार्यले संवैधानिक राजतन्त्रका निम्ति अप्रत्याशित र आश्चर्यजनक भएको तथा नेपाली जनतामा निहित सार्वभौमसत्तालाई पूर्णत: उपेक्षा र उल्लंघन गरिएको बताउनु भएको थियो। यसै सम्बन्धमा नेकपा (एमाले) का महासचिव माधव नेपालले पनि शाही घोषणाबाट संवैधानिक तथा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको मर्म र भावनामा आघात पुगेको बताउनु भएको थियो। शाही घोषणाका सम्बन्धमा पदमुक्त प्रधानमन्त्री देउवाले असंवैधानिक कदम भएको र राजाबाट संविधान बाहिर गएर अनपेक्षित कदम उठाइएको कुरा सार्वजनिक गर्नु भएको थियो। त्यस्तै जनमोर्चा नेपालका उपाध्यक्ष लिलामणि पोखेलले बहुदलीय व्यवस्थाको मर्म सकिएको बताउनु भयो। नेपाल सद्भावना पार्टीले पनि शाही घोषणा प्रजातान्त्रिक मूल्य मान्यतामा मेल नखाएको जनाएको थियो। नेकपा (माओवादी) ले शाही घोषणालाई ०४६ सालको ऐतिहासिक जनआन्दोलनको उपलब्धीहरुमाथि अन्तिम प्रहार गर्दै देशमा सामन्ती प्रतिगमनको खुलेआम आरम्भ भनी तिब्र टिप्पणी गरेको थियो।

शाही घोषणाको परिणाम

शाही घोषणामार्फत् नयाँ मन्त्रिपरिषद् गठनका लागि ५ दिनभित्र स्वच्छ छवि भएका र निर्वाचनमा भाग नलिने व्यक्तिको नाम पठाई सहयोग गर्न राजनीतिक दलहरुलाई आह्वान गरे अनुसार श्री ५ बाट असोज २० गते प्रमुख राजनीतिक पार्टीका शीर्षस्थ नेताहरुलाई छुट्टाछुट्टै भेट गरिएको थियो। राजासँगको भेट पछि विघटित प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने ६ राजनीतिक पार्टीको वैठकले विद्यमान जटिल परिस्थितिको निकास खोज्न राजालाई सामूहिक भेट गरी राजनीतिक दलहरुको परामर्श र सहभागिताका सम्बन्धमा जानकारी गराउने निष्कर्ष असोज २१ गते निकालेको थियो। सर्वदलीय वैठकको निष्कर्ष सहितको पत्र राजदरबारमा बुझाउँदा पनि राजाबाट राजनीतिक पार्टीका नेताहरुलाई सामूहिक भेट भने दिइएन।

राजासँग सामूहिक भेट गरी विद्यमान जटिल परिस्थितिको निकास खोज्ने ६ वटा राजनीतिक दलहरुको निर्णयपछि नै देशमा झनै जटिल राजनीतिक परिस्थिति सृजना हुँदै जान थालेको थियो। नेकपा (एमाले) का भातृसंगठनहरुले

वर्तमान मन्त्रिपरिषदलाई दिइएको जिम्मेवारी

- राष्ट्रिय सहमति सहितको अनुकूल परिस्थितिको सिर्जना गरी देशमा विद्यमान अशान्तिको वातावरण हटाउने।
- स्वतन्त्र र निष्पक्ष ढंगमा स्थानीय निकाय तथा प्रतिनिधिसभाको निर्वाचन यथाशीघ्र सम्पन्न गरी बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको संस्थागत सुदृढीकरण गर्ने।
- सबै तहका भ्रष्टाचार नियन्त्रणको कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्ने।
- आर्थिक अनुशासन एवं पारदर्शिता अवलम्बन गर्नुका साथै सर्वसाधारण जनताका लागि सेवामूलक कार्यक्रम संचालन गरी सुशासनको प्रत्याभूति दिने।
- परिलक्षित परराष्ट्र नीतिअनुसार छिमेकी राष्ट्रहरुसँग रहेको सुमधुर सम्बन्ध एवं समझदारी तथा दौत्य सम्बन्ध कायम भएका सबै मुलुकहरुसँगको मित्रताको सम्बन्धलाई अझ सुदृढ र घनिष्ट तुल्याउँदै लैजाने।

असोज २२ गते नै शाही घोषणाको विरोधमा एक ऱ्याली सार्वजनिक गरे भने नेपाली काँग्रेस (प्रजातान्त्रिक) ले शाही घोषणा विरुद्ध सडकमा उत्रन समेत अरु दललाई आग्रह गरेको थियो। शाही घोषणालाई लिएर केही मानवअधिकार संस्था लगायत्का नागरिक समाजले विरोध वक्तव्य वा धर्ना दिए। स्वागत र समर्थनमा भने नामै नसुनिएका अनेकौं संस्थाले वक्तव्य, जुलुस र दिपावली गरेका समाचार प्रकाशमा आए।

विघटित प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने ६ दलले राजासँग सामूहिक भेटका लागि गरेको प्रयास विफल भए पनि पुन: ती पार्टीका नेताहरुले राजासँग छुट्टाछुट्टै भेट गर्नु भएको थियो। त्यसरी श्री ५ सँग भेट गर्नेहरुमा गिरिजाप्रसाद कोइराला, माधव नेपाल, शेरबहादुर देउवा लगायत्का नेताहरु हुनुहुन्थ्यो। सामूहिक भेटको सर्वदलीय निर्णयको उल्लंघन स्वरुप श्री ५ सँगको यस भेटपछि राजाबाट राजनीतिक पार्टीहरुको परामर्श र सहभागितामा मन्त्रिपरिषद् गठन गर्नुपर्ने अडानबाट राजनीतिक पार्टीहरुमा विचलन आएको आशंका गरिएको छ। राजासँगको सामूहिक भेटको लागि गरिएको सर्वदलीय निर्णय पछि पुन: एक्ला-एक्लै भेट गर्ने अर्को सर्वदलीय निर्णय भने भएको थिएन।

चन्द प्रधानमन्त्रीमा नियुक्त

श्री ५ समक्ष दलहरुको सहभागितामा मन्त्रिपरिषद गठन गर्न आग्रह गर्दै राजनीतिक पार्टीहरुले सामूहिक भेटको प्रयास गरिरहेकै बेला श्री ५ बाट केही नेतालाई मात्र व्यक्तिगत भेट दिइएको थियो। यसैबीच श्री ५ बाट असोज २३ गते सपरिवार गोरखा दरबार सवारी भई २४ गते अपरान्ह मात्र राजधानी फर्कनुलाई पनि श्री ५ बाट सामूहिक भेटको मागलाई पूर्णत: उपेक्षा गरिएको राजनीतिक पार्टीहरुले महसूस गरेका थिए।

अन्तत: श्री ५ बाट असोज २५ गते नेपाल अधिराज्यको संविधान ०४७ को धारा १२७ बमोजिम प्रधानमन्त्री पदमा पूर्व प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दलाई नियुक्त गरी ९ सदस्यीय मन्त्रिमण्डल गठन तथा कार्य विभाजन गरिएको घोषणा भयो। नवगठित मन्त्रिपरिषद्का अध्यक्ष प्रधानमन्त्री चन्दसमेत अन्य ५ जना मन्त्रीले सोही दिन आ-आफ्ना पदको शपथग्रहण पनि लिएका थिए। नवगठित मन्त्रिपरिषद्लाई देशमा विद्यमान अशान्ति हटाउने, सकेसम्म चाँडो स्थानीय र आम निर्वाचन गराई बहुदलीय प्रजातन्त्रको सुदृढीकरण गर्ने, सबै तहका भ्रष्टाचारलाई प्रभावकारी रुपमा रोक्ने, जनतालाई सुशासनको प्रत्याभूति दिने र परराष्ट्र सम्बन्धलाई अझ सुदृढ र घनिष्ट तुल्याउने जस्ता प्रमुख जिम्मेवारी तोकिएको थियो। राजनीतिक पार्टीहरुको सर्वदलीय सहमति रहँदारहँदै पनि राप्रपाका चन्द, सद्भावनाका मण्डल र जनमुक्तिका खपाङ्गी भने शुरुमा पार्टीको समेत निर्णय नलिई सरकारमा गएका ती पार्टीहरुले पनि बताएका थिए।

नवगठित सरकारप्रति राजनीतिक पार्टीको दृष्टिकोण

काम चलाउ नै भए पनि जन निर्वाचित प्रधानमन्त्रीलाई पदमुक्त गरी श्री ५ बाट गठन भएको सरकारप्रति ठूला राजनीतिक पार्टीहरुले तिब्र आलोचना गरे। मन्त्रिमण्डलका अधिकाँश सदस्य गैरराजनीतिक भएको तथा असोज १८ गतेको शाही घोषणाको त्रुटी सच्याउनुको सट्टा पुन: राजनीतिक पार्टीलाई पूर्णत: उपेक्षा गरी सहमति र सहकार्यको बाटो तर्फ नगएको उनीहरुको टिप्पणी थियो। सरकार गठनको लगत्तैदेखि सरकारमा नजाने अडान राखेका नेपाली काँग्रेस र नेकपा (एमाले) ले उक्त अडान पटक-पटक दोहोऱ्याएका छन्। श्री ५ बाट ६ दलको परामर्श रुचाइबक्सेन भन्ने धारणा राख्नुहुने राप्रपाका अध्यक्ष सूर्यबहादुर थापाले चन्दलाई पार्टीको निर्णयविना सरकारमा गएको हुनाले पार्टीगत रुपमा आफूले सरकारलाई सहयोग गर्न नसक्ने कुरा सरकार गठन भएकै दिन बताउनु भएको थियो। तर, अहिले आएर राप्रपाले पार्टीलाई सहयोग र समर्थन दुवै गर्ने औपचारिक निर्णय गरिसकेको छ।

नेकपा (एमाले) ले नवगठित चन्द सरकारलाई 'असंवैधानिक' भएको तथा १८ गते राजाबाट जसरी संविधानमाथि आक्रमण भएको थियो, त्यसरी नै ६ दलको अनादर गर्दै अर्को आक्रमण भएको भनी आपत्ति जनाएको थियो। राजाले पार्टीगत रुपमा नभई व्यक्तिगत आधारमा सरकार गठन गरेकोमा गम्भीर रोष प्रकट गर्दै नेपाली काँग्रेसले संवैधानिक हैसियत प्रदान नगरिएसम्म पार्टी सरकारमा नजाने भनी जनाएको अडान हालसम्म कायम नै राखेको छ। जनमोर्चा नेपालले भने मन्त्रिपरिषद्को घोषणा प्रतिगमनको दिशामा खुला कदम र पञ्चायती तानाशाही ब्युँताउने कारवाही भएको ठहर गऱ्यो। अर्कातिर आफ्नै पार्टीका कार्यवाहक अध्यक्ष बद्री मण्डल र पार्टी महासचिव गोरेबहादुर खपाङ्गीको सरकारमा सहागिता रहेका क्रमश: नेपाल सद्भावना पार्टी र जनमुक्ति पार्टीमा पनि शुरुमा पार्टीको निर्णयविना भएको विषयलाई लिएर विवाद उत्पन्न भएको थियो।

सरकारको प्राथमिकता र प्रतिबद्धता

देशमा अशान्तिको वातावरण हटाउने र सकेसम्म चाँडो निर्वाचन सम्पन्न गराउने मुख्य जिम्मेवारी दिएर राजाबाट गठित वर्तमान सरकारले आफ्ना प्राथमिकता एवं प्रतिबद्धताहरु ती कुरा सम्पन्न गर्नुलाई नै जनाउँदै आएको छ। विगत साढे ६ वर्ष पहिलेदेखि नेकपा (माओवादी) ले शुरु गरेको 'जनयुद्ध' को शान्तिपूर्ण समाधान तथा माओवादीलाई राजनीतिक मूल धारमा ल्याउने कसरत यो सरकारको लागि प्रमुख चुनौतिका रुपमा छ। त्यसपछि मात्र निर्वाचनको वातावरण तयार हुन सक्छ। नव नियुक्त प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले संचारकर्मीहरुसँगको एक भेटमा देशमा सबै राजनीतिक पार्टीले गाउँ-गाउँ घुमेर जुन बेला अब निर्वाचन गर्न सकिन्छ भनेर सल्लाह दिन्छन्, आफूले तत्कालै निर्वाचनको घोषणा गर्ने कुरा बताउनु भएको थियो। तर सरकारले विद्यमान शान्ति सुरक्षाको विग्रँदो स्थितिमा सुधार ल्याउनका लागि तत्कालै के गर्न सक्छ भन्ने सम्बन्धमा भने अझैसम्म ठोस नीति अघि सारेको छैन। प्रधानमन्त्री चन्दले माओवादी समस्या समाधान गर्न 'सेल' गठनको तयारी भइरहेको बताउनु भएको एक महिना बितिसक्दा पनि

त्यसले आकार लिन सकेको छैन। नवनियुक्त गृहमन्त्री धर्मबहादुर थापाले देशमा नेपालीले नेपालीलाई मारिरहने स्थितिको चाँडै अन्त्य गर्ने कुरा बताउँदै 'माओवादी पनि नेपाली, हामी पनि नेपाली' भएको कथन सार्वजनिक गर्दै देशमा व्याप्त हत्या हिंसाको अन्त्य गर्न सबै पक्षबाट सरकारले सहयोग पाउनु पर्ने बताउनु भएको पनि एक महिना पुगिसकेको छ। तर, सरकारले सबैको सहयोग प्राप्त गर्ने वातावरण तयार नगरेको अन्य राजनीतिक दलहरुको टिप्पणी छ।

देशको सबैभन्दा प्रमुख समस्याका रुपमा रहेको नेकपा (माओवादी) 'जनयुद्ध' को समाधान नै सरकारको प्राथमिक दायित्व भएकोमा सरकारको सहमति पाइन्छ। तर, नेकपा (माओवादी) प्रति वर्तमान सरकारको दृष्टिकोण र व्यवहार के र कस्तो भन्ने अझै स्पष्ट छैन। माओवादीलाई विगतको सरकारले आतंककारी भनी गरेको घोषणा र माओवादी नेताहरुको टाउकोको मूल्य तोकिएको सम्बन्धमा सरकारमा रहनेहरुबीच विवाद भएको पाइन्छ। सरकारले आफ्नो आधिकारिक दृष्टिकोण सार्वजनिक गरेको छैन भने केही मन्त्रीहरु विगतका सबै नीति वर्तमान सरकारलाई मान्य नहुने भएकाले माओवादीप्रतिको दृष्टिकोण र व्यवहार राजनीतिक रुपले हुने बताइरहनु भएको छ तर विगतकै सरकारले संकटकाल घोषणा गरी परिचालन गरेको सुरक्षा फौजको कारवाही संकटकाल नरहे पनि जारी नै राखिएको छ।

वर्तमान सरकारले तत्कालिन राहत कार्यक्रमको घोषणा, पुनर्स्थापना, आय आर्जन र रोजगारीमा जोड दिने आकर्षक नारा पनि सार्वजनिक गरेको छ। उपप्रधानमन्त्री मार्फत् सार्वजनिक सो कार्यक्रमपछि देशमा पेट्रोलियम पदार्थको मूल्य वृद्धि भएको छ भने स्वास्थ्यमन्त्रीले सार्वजनिक गर्नुभएको स्वास्थ्य सुधार नीति र कार्यक्रम पछि देशको सर्वसाधारण गरीबका लागि पहुँच हुने तथा सुविधा सम्पन्न मानिएको वीर अस्पतालमा विगतमा लिइँदै आएको सामान्य शुल्कहरुमा कैयौं गुना बृद्धि गरिएको छ। त्यस्तै अर्थमन्त्रीले सार्वजनिक गर्नु भएको आर्थिक नीतिले पनि आम जनतालाई तत्काल कुनै राहत प्रदान गरेको छैन।

प्रमुख समस्याका रुपमा रहेका माओवादीले देशको विद्यमान समस्या समाधानका लागि राजा समेतको संलग्नता रहेको गोलमेच सम्मेलन र वार्ताको विषयलाई प्राथमिकता दिएको कुरा व्यक्त गर्दै आएका छन्। तर, विगतको तुलनामा उनीहरुका हिंसात्मक कार्यमा कुनै कमी आएको छैन। माओवादीका भूमिगत नेता डा. बाबुराम भट्टराईले वर्तमान राजनीतिक संकटको तीनवटा निकासहरु भएको र तिनीहरुमा प्रतिक्रान्तिकारी निकास, क्रान्तिकारी निकास र सुधारवादी निकास भएको बताउनु भएको छ। उहाँले देशको पछिल्लो स्थिति र राजाको कदमले देश प्रतिक्रान्तिकारी निकोसतर्फ उन्मुख भएकाले अग्रगामी क्रान्तिकारी निकासको लागि क्रान्तिकारी र सुधारवादी शक्ति बीचको समन्वय हुनुपर्नेमा जोड दिनु भएको छ। त्यसरी नै डा. भट्टराई र प्रचण्डले केही दिन पहिले एक विज्ञप्तिमार्फत् देशमा शान्तिपूर्ण निकासको निम्ति पहल नभई मुलुकको ध्यान अन्यत्रै मोडिएको र वर्तमान चन्द सरकारमा कुनै पार्टी सहभागी हुँदा देश र जनताप्रति गम्भीर विश्वासघात हुने उल्लेख गर्नु भएको थियो। अर्कातिर वर्तमान मन्त्रिपरिषद्मा विगतका नेकपा (माओवादी) को कार्यकर्ताका रुपमा विद्यमान राज्यसत्तालाई ढाल्ने संकल्प गर्दै जनसभाहरुमा भाषण गरेका तथा सुरक्षा फौजको कारवाहीमा समेत परेका बर्दियाका गोपाल दहित सहायक मन्त्री रहेका छन्। मन्त्री दहितले आफू माओवादी नभएको, वर्तमान राज्यसत्तालाई ढाल्ने संकल्प गर्दै भाषण नगरेको र सुरक्षा फौजको कारवाहीमा थुनामा नपरेको बताए पनि उनलाई पार्टीको निर्णय विना सरकारमा गएको भनी नेकपा (माओवादी) को भातृ संगठन थारुवान मुक्ति मोर्चाले पार्टीको सदस्यबाट समेत निष्काशन गरी कारवाही गरेको सार्वजनिक भएको छ।

कार्यकारी अधिकारको विवाद

शाही घोषणामार्फत् राजाले अर्को व्यवस्था नभएसम्मका लागि आफूमा लिएको कार्यकारी अधिकार चन्द मन्त्रिपरिषद् गठन गरी जिम्मेदारी तोक्दा पनि उल्लेख नगरेका कारण वर्तमान सरकारमा राज्यको कार्यकारी अधिकार नभएको र भएको भन्नेबीच तीब्र विवाद हालसम्म पनि जारी छ। संविधानत: संवैधानिक राजामा कार्यकारी अधिकार नरहने भएकाले मन्त्रिपरिषद गठनसँगै सरकारले सो अधिकार प्राप्त गरेको सरकारमा रहने र सरकार पक्षधरहरुको दाबी छ। तर सरकारकै प्रतिनिधि गोपाल दहितले भने वर्तमान मन्त्रिपरिषद्लाई कार्यकारी अधिकार नभएकाले माओवादीसँगको वार्तामा राजाको भूमिका हुनुपर्ने बताउनु भएको छ।

नेकपा (एमाले) र नेपाली काँग्रेसले राजाले एक पछि अर्को त्रुटी दोहोऱ्याएर ०४६ सालमा प्राप्त बहुदलीय प्रजातन्त्र समाप्त गर्न खोजेको आशंका र आरोप लगाउँदै आउने क्रममा राजाले शाही घोषणा र मन्त्रिपरिषद् गठनका क्रममा भएको त्रुटी सच्याएर अघि बढ्ने वातावरण तयार गरे सरकारलाई सहयोग गर्ने वा सहभागी हुनेसम्मका संकेत पनि दिंदै आएका छन्। राजाको कदम र सरकारप्रतिको दृष्टिकोण कस्तो बनाउने भन्ने सम्बन्धमा विघटित प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने ६ वटा राजनीतिक पार्टीहरु

विस्तारित मन्त्रिपरिषदको कार्य विभाजन

प्रधानमन्त्री :	लोकेन्द्रबहादुर चन्द, राजदरबारसम्बन्धी र रक्षा
उप-प्रधानमन्त्री :	बद्रीप्रसाद मण्डल, कृषि तथा सहकारी र स्थानीय विकास
मन्त्रीहरु :	रमेशनाथ पाण्डे, सूचना तथा सञ्चार र सामान्य प्रशासन
	देविप्रसाद ओझा, शिक्षा तथा खेलकूद
	डा. बद्रीपसाद श्रेष्ठ, अर्थ
	नरेन्द्रविक्रम शाह, परराष्ट्र
	धर्मबहादुर थापा, गृह र कानुन, न्याय तथा संसदीय व्यवस्था
	गोरेबहादुर खपाङ्गी, महिला, बालबालिका तथा समाज कल्याण
	उपेन्द्र देवकोटा, स्वास्थ्य र विज्ञान तथा प्रविधि
	नारायणसिंह पुन, भौतिक योजना तथा निर्माण
	बद्रीनारायण बस्नेत, भूमिसुधार तथा व्यवस्था र वन तथा भू-संरक्षण
	कमलप्रसाद चौलागाई, श्रम तथा यातायात व्यवस्था र जनसंख्या तथा वातावरण
	कुवेर शर्मा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन
	महेशलाल प्रधान, उद्योग, वाणिज्य तथा आपूर्ति
	दिपक ज्ञवाली, जलस्रोत
सहायकमन्त्रीहरु :	अनुराधा कोइराला, महिला, बालबालिका तथा समाज कल्याण
	गोपाल दहित, जनसंख्या तथा वातावरण
	रविभक्त श्रेष्ठ, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन
	जगतबहादुर गुरुङ, उद्योग, वाणिज्य तथा आपूर्ति
	रवीन्द्र खनाल, शिक्षा तथा खेलकूद
	डा. असर्फी शाह, स्थानीय विकास
	प्रकाश चित्रकार परियार, भूमिसुधार तथा व्यवस्था

बीच पटक-पटक एउटै सहमति एवं निष्कर्षमा पुग्ने प्रयासका लागि भएका बैठकहरु भने टुँगोमा पुग्न सकेनन्। तर पनि ती दलले मुलुकको स्थिति थप अन्यौलपूर्ण भएकोमा सहमति कायम गरेका छन्। पछिल्लो पटक राजासँगको भेटपछि नेकपा (एमाले) का नेता के. पी. शर्मा ओलीले राजाले शाही घोषणा र मन्त्रिपरिषद् गठन गर्ने क्रममा गरेका त्रुटी सच्याएर राजनीतिक पार्टीहरुको दलीय अस्तित्व स्वीकार गर्दै सहमतिका आधारमा अघि बढ्न इच्छुक भएको कुरा बताउनु भएको थियो। एकातिर राजाबाट त्रुटी सच्याउन सक्ने सम्भावनाप्रति आशावादी रहेको नेता ओलीले बताइरहनु भएको थियो भने अर्कातिर राजाबाट गत असोज २५ गते गठित मन्त्रिपरिषद्मा ०५९ मंसिर १ गते एकाएक फेरबदल गरी २२ सदस्यीय मन्त्रिपरिषद्को घोषणा गरेपछि राजा र राजनीतिक पार्टीहरुबीचको सम्बन्ध पछिल्लो पटकको लागि अविश्वास र आशंकित भएको छ। पूर्व प्रधानमन्त्री तथा नेपाली काँग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले शाही घोषणालाई ०४६ सालदेखिकै 'ग्र्याण्ड-डिजाइन' भएकाले त्यसलाई रोकी सुरक्षित अवतरण नगर्ने हो भने राजतन्त्र वारपारको स्थितिमा पुग्ने चेतावनी पनि दिनु भएको छ। 'असक्षम' भनी राजाबाट पदमुक्त प्रधानमन्त्री तथा नेपाली काँग्रेस (प्रजातान्त्रिक) का सभापति शेरबहादुर देउवाले भने राजाको महत्वकाँक्षा र उहाँको राजतन्त्रप्रतिको निष्ठा बीच मेल नखाएका कारण राजाबाट वर्तमान कदम चालिएको कुरा दोहोऱ्याउँदै आइरहनु भएको छ।

यसैबीच देशको वर्तमान राजनीतिक समस्या र समाधानको लागि राष्ट्रिय सभाको बैठक बोलाएर उपयुक्त निकास खोजिनु पर्ने विषयमा राष्ट्रिय सभाका सांसदहरुले प्रधानमन्त्रीसँग माग पनि गरेका थिए। प्रधानमन्त्री तथा राष्ट्रिय सभाका अध्यक्ष सांसदहरुसँगको भेटघाटमा त्यसप्रति सकारात्मक भएता पनि यही मंसिर १० गते भित्र बस्नुपर्ने भनी माग गरिएको राष्ट्रिय सभाको बैठक बस्न सकेन। संविधानत: एक प्रतिनिधिसभाको अधिवेशन र अर्को अधिवेशन बीच ६ महिनाभन्दा बढी समय रहन नहुने र राष्ट्रिय सभालाई पनि संविधानले कतिपय अवस्थामा प्रतिनिधिसभाको अधिकार दिइएको कारण राष्ट्रिय सभाका सांसदहरुले उक्त माग गरेका थिए।

संभावना र आवश्यकता

राजा राजनीतिक दलहरुसँग सहकार्य गर्न तथा विगतमा भएका केही त्रुटी सच्याउन तयार रहेको कुरा सार्वजनिक भइरहेकै बेला यही मंसिर १ गते श्री ५ बाट पुरानै मन्त्रिपरिषद् गठन गर्दाको शैलीमा थप १३ सदस्यलाई सरकारमा समावेश गरियो। यस विषयलाई लिएर पनि राजनीतिक पार्टीहरुले राजाबाट थप एकपक्षीय कदम चालेको भनी आपत्ति जनाएका छन्।

नेपाली काँग्रेसले विद्यमान समस्या समाधानको उपयुक्त निकास खोज्ने क्रममा पार्टीभित्र संविधानसभाको बहसलाई केही दिन पहिले मात्र छूट दिएको थियो। तर, सभापति कोइरालाले भने संविधान सभाको आवश्यकताको बहस अनावश्यक भएको बताउनु भएको छ । नेकपा (एमाले) ले राजाबाट भएका त्रुटी सच्याउन र निर्वाचन घोषणा गर्न राजालाई एक महिने "अल्टिमेटम" सहित कार्यकर्ता जागरण अभियान देशव्यापी रुपमा शुरु गरिसकेको छ। उपप्रधानमन्त्री बद्री मण्डलले समस्याको शान्तिपूर्ण समाधानको लागि संविधानसभा पनि वार्ताको एजेण्डा हुन सक्ने बताउनु भएको छ।

देशको वर्तमान राजनीतिक संकट र अन्यौल तथा शान्ति सुरक्षाको स्थिति दिन प्रतिदिन विग्रँदै जानुमा विगत १२ वर्षको राजनीतिक दलहरुको कमजोरी वा असफलतालाई आधार मानेर अदृश्य कुनाबाट दलीय प्रजातन्त्रलाई नै आघात पुग्ने काम भइरहेको देखिन्छ। तर यस अवस्थामा एक गल्तीलाई जित्न अर्को गल्ती दोहोऱ्याउने प्रवृत्ति झनै घातक एवं प्रत्युत्पादक भएर निस्कने परिणामप्रति कसैको सचेतता पाइँदैन। संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रमा जनमतप्राप्त दलहरुको अस्तित्वलाई उपेक्षा गर्दै खोजिने समाधान स्थायी नहुनेतर्फ राजा र वर्तमान मन्त्रिपरिषद्ले समयमै ध्यान दिई राजनीतिक पार्टीहरुसँग सहकार्य गर्नु जरुरी छ।

अनुत्तरित प्रश्न र आशंका

प्रतिनिधिसभा विघटन भई निर्वाचनको मिति तोकिसकिएको र सर्वोच्च अदालतले पनि प्रतिनिधिसभा विघटन गर्ने प्रधानमन्त्रीको अधिकारलाई संवैधानिक ठहर गरेको अवस्थामा निर्वाचनको कुनै विकल्प नभएकाले सरकारले निर्वाचनको वातावरण तयार गर्नुपर्ने र सबै राजनीतिक दलले निर्वाचनमा भाग लिनै पर्नेमा साना/ठूला सबै राजनीतिक पार्टीहरु सहमत थिए। शान्ति सुरक्षाको कारण निर्वाचन हुन नसक्ने, निर्वाचनले देशका समस्यालाई समाधान नगर्ने, संसद पुनर्स्थापना हुनुपर्ने तथा नेकपा (माओवादी) लाई समेत निर्वाचनमा सहभागी गराउन पहल गर्नुपर्ने वा संविधानसभाको निर्वाचनतर्फ अग्रसर हुनुपर्ने जस्ता बहस र विवाद भइरहेकै थिए। तर पनि निर्वाचन हुन नसक्ने र सरकारले नै निर्वाचनको मिति सार्ने सम्बन्धमा भने चर्चा थिएन। प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) ले विद्यमान स्थितिमा निर्वाचन हुन नसक्ने तर निर्वाचनको विकल्प नभएकै कारण निर्वाचनमा भाग लिन तयार भएको जनाएको थियो।

तर ०५९ असोज १३ गते प्रधानमन्त्री देउवाको अध्यक्षतामा प्रधानमन्त्री निवास बालुवाटारमा बसेको बैठकले गरेको निर्णय र प्रधानमन्त्री देउवाले धारा १२७ को प्रयोग गर्न श्री ५ लाई गर्नु भएको सिफारिस बीचको सम्बन्ध भने रहस्यमय नै छ। सो बैठकमा केही राजनीतिक दलहरुद्वारा प्रतिनिधिसभा पुनर्स्थापनाको पक्षमा विशेष जोड दिइएको बैठकपछि जारी प्रेस विज्ञप्तिमा समेत उल्लेख छ। तर, निर्वाचन गर्न सम्भव नदेखिएकोले विभिन्न दलहरुबाट व्यक्त विकल्पहरुलाई समेत ध्यानमा राखी संविधानसम्मत ढंगले उपयुक्त निकास खोज्न बैठकले प्रधानमन्त्रीलाई गरेको सिफारिस भने अनुत्तरित र आशंकाको घेरामा छ। राजनीतिक दलहरुबाट व्यक्त विकल्पहरु के-के थिए र संविधानसम्मत ढंगले उपयुक्त निकास खोज्न भनी गरिएको सिफारिस के-के थिए ? के तिनै सिफारिस र विकल्पको आधारमा प्रधानमन्त्रीले श्री ५ लाई धारा १२७ को प्रयोग गर्दै बाधा अड्काउ फुकाउन सिफारिस गर्नु भएको थियो ? उक्त बैठकमा भएको सहमति, विकल्प र प्रधानमन्त्रीलाई सिफारिस गर्न दिइएको अधिकार तथा त्यसको सीमा अझैसम्म स्पष्ट गरिएको छैन। तर प्रधानमन्त्रीको उक्त सिफारिसलाई भने नेपाली काँग्रेस, नेकपा (एमाले) र जनमोर्चा नेपालले भने विरोध जनाउँदै वैधानिकता सकिएको सरकारले चालेको अप्रजातान्त्रिक एवं संविधानमाथिको प्रहार भएको तथा सत्ता लम्ब्याउने कुर्सीको खेल भनी आलोचना गरेका थिए। प्रधानमन्त्रीको सिफारिसका सम्बन्धमा राजनीतिक पार्टीहरुले आ-आफ्नो धारणा बनाउन नपाउँदै श्री ५ बाट जारी घोषणाले राजनीतिले पुन: अर्कै मोड दियो। त्यसैले पनि असोज १३ गतेको सर्वदलीय बैठकको निर्णय, निष्कर्ष, विकल्प र प्रधानमन्त्रीलाई दिइएको अधिकारको सीमा अनुत्तरित मात्र नभएर सत्ता साझेदारीको खेल पनि हुन सक्ने आशंका गरिएको छ। बैठकले सम्भवत: प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने सबै राजनीतिक पार्टीहरु सम्मिलित सरकार गठन गर्ने तथा आ-आफ्ना हैसियत अनुसार सरकारमा प्रतिनिधित्व गराउने समझदारी भएकाले सो प्रयोग गर्ने अधिकार प्रधानमन्त्रीलाई सुम्पिएकोमा प्रधानमन्त्रीले श्री ५ मा एक वर्षपछि निर्वाचन सार्ने र धारा १२७ अनुसार बाधा अड्काउ फुकाउने सिफारिस गर्नु भएपछि बैठकमा सहभागी अन्य पार्टी आश्चर्यमा परेको पनि हुन सक्छ। तर पनि उक्त बैठकले प्रधानमन्त्रीलाई दिएको अधिकारको सिमा र शर्त कसैले जनतालाई बताएका छैनन्। ●



ओझेलमा परेको भोकविरुद्धको अधिकार

– केदार कोइराला, अधिवक्ता

मानव सभ्यताको इतिहास खोतल्दा मानवले आफ्नो विकासक्रममा बाँच्नका लागि आवश्यक पर्ने खाद्यवस्तुको खोजीमा जंगली जीवन गुजारेको पाइन्छ। खाद्यवस्तुको खोजी र संचयकै क्रमिकताले क्रमश: समाजमा वर्गको उत्पत्ति भएको पाइन्छ। यसबाट समाजमा हुनेखाने टाठाबाठा र हुँदा खाने सोझासिधा वर्गको जन्म भयो। यी दुवै वर्ग बीचको खाडल बढ्दै गयो। शासक/शोषक र शोषित/शाषित वर्गको उदय भयो। यसरी एउटै रगत-मासुका मानवबीच विभेद बढ्दै गयो र यो विभेद राजनीतिक, सामाजिक, आर्थिक, शैक्षिक एवं सांस्कृतिक क्षेत्र तथा जनजाति, भाषाभाषी, धर्म, वर्ण र लिंगसम्म पुग्यो। फलस्वरुप, विश्व हिंसा र आतंकले ग्रसित भयो। दुईवटा ठूला युद्ध विभिषिकाबाट विश्व पीडित भयो। मानवजातिको भलाईका लागि हिंसा, भय र आतंकबाट मुक्त हुने न्यूनतम वातावरणको खोजीमा सन् १९४८ डिसेम्बर १० मा मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी भयो। मानवअधिकारभित्रको आधारभूत अधिकार भनेको प्रत्येक मानवको बाँच्न पाउने अधिकार हो। बाँच्न पाउने अधिकारभित्र केवल जीवनको अधिकार मात्र पर्दैन, जिउने परिवेश एवं वातावरणको अधिकार अर्थात् पर्याप्त जीवनस्तरको अधिकार पनि पर्दछ। त्यसका लागि आधारभूत तत्व भनेको मानवको भोक विरुद्धको अधिकार (Right against hunger) हो।

अवधारणा

मानवअधिकारको चर्चा गर्ने बित्तिकै हाम्रो दिमागमा बोल्ने, लेख्ने, सभा संगठन गर्ने स्वतन्त्रता भन्ने भान पर्दछ। मानवअधिकाररुपी सिक्काका दुईवटा पाटाहरु समानता र स्वतन्त्रतातर्फ हाम्रो ध्यान जाँदैन। हामी केवल राजनीतिक र नागरिक अधिकारतर्फ केन्द्रित भइहाल्छौं। मानवअधिकारको आन्दोलनका धेरै हिस्साहरु नागरिक एवं राजनीतिक स्वतन्त्रताका निम्ति व्यतित भएकाले पनि हाम्रो ध्यान त्यसतर्फ मात्र केन्द्रित भएको हुनसक्छ। तर, मानव किन आफ्नो जीवन धान्न नसकेर हिंसा र आतंकतर्फ उन्मुख हुन पुग्यो भन्ने सवालमा राज्यको ध्यान केन्द्रित छैन। सशस्त्र समूह वा प्रहरीको गोलीद्वारा १ जनाको मृत्यु हुँदा आम नागरिक, समाज र राज्यमा जति चर्चा, चासो र संवेदनशीलता हुन्छ, त्यति चासो, चर्चा र संवेदना भोकमरीले हुने हजारौं मानिसको मृत्युमा किन हुँदैन ? यो मानवको जीवनको अधिकारबारे चर्चा गर्दा उठ्ने अहम् महत्वको प्रश्न हो। गरीबी, अभाव र अशिक्षाको परिणाम कुनै दैवी वरदान हो या राज्यको गलत नीति ? वास्तवमा हामी मानवअधिकाररुपी सिक्काको अर्को पाटो समानतातर्फ संवेदनशील छैनौं। हामी आर्थिक एवं सामाजिक न्यायतर्फ उन्मुख छैनौं। लोककल्याणकारी दिशातर्फ उन्मुख छैनौं। हाम्रो राज्य व्यवस्था त्यसतर्फ उदासीन छ। प्रजातन्त्र र विकासका लाभहरु आधारभूत जनतासमक्ष पुग्न सकेको छैन। वितरण प्रणाली असमान छ। जति वितरित छ, त्यसमा आधारभूत वर्गका नागरिकको पहुँच छैन। यस्तो अवस्थामा हामीले जीवनको अधिकारलाई केवल बाँच्ने अधिकारका रुपमा मात्र बुझ्ने सोचाइले मानवअधिकारको सही अर्थ दिन सक्दैन।

जीवनको अधिकारलाई हेर्ने कुरामा दार्शनिक रुपमै मत भिन्नताहरु छन्। यसका पक्षपाती समाजवादी विचारकहरुले जेनतेन बाँच्ने कुरालाई मात्र जीवनको अधिकार मान्दैनन् भने पूँजीवादी एवं उदारवादी विचारकहरु जीवनको अधिकारलाई केवल जीउज्यानको स्वतन्त्रतासँग मात्र जोड्दछन्। मानवअधिकारको नवीन अवधारणाले यी दुवै कुरालाई अपूर्ण मान्दछन्। त्यसैले सन् १९९३ को मानवअधिकार सम्बन्धी भियना सम्मेलनद्वारा रोटी (Bread) र स्वतन्त्रता (Freedom) मा कुन ठूलो र महत्वपूर्ण भन्ने विवादलाई निरर्थक ठानियो र भनियो- "मानवअधिकार अन्तरसम्बन्धित, अविभाज्य र विश्वव्यापी छ। रोटी विनाको स्वतन्त्रता र स्वतन्त्रता विनाको रोटी दुवै निरर्थक छन्।" समयक्रममा यो पुष्टि हुँदै गएको छ। तर पनि हामी किन नागरिकका भोक विरुद्धको अधिकार, खाद्यान्नको अधिकारबारे त्यति चर्चा र चासो राख्दैनौं र राखे पनि यसलाई गरीबी, अभाव, प्राकृतिक एवं दैविक विपत्तिसँग जोडेर संवेदनहीन बन्छौं ? के गरीबी, अकाल र भोकमरी राज्यका नीतिहरुसँग सम्बन्धित छैनन् ? के यिनले मानवको अधिकारलाई प्रतिनिधित्व गर्दैनन् ? आज देशमा व्याप्त हत्या, हिंसा र आतंकको स्थिति भोक विरुद्धको अधिकारसँग पनि सम्बन्धित छ भन्ने तथ्यलाई नजरअन्दाज गर्न सकिएला ?

गरीबी र भोकमरी

प्रसिद्ध अर्थशास्त्री एवं नोबेल पुरस्कार विजेता प्रा. अमर्त्य सेनले अन्तर्राष्ट्रिय श्रम संगठनका तर्फबाट "विश्व रोजगार कार्यक्रम" को स्वरुप निर्धारण गर्ने क्रममा आर्थिकरुपले पिछडिएको विश्व समुदायको समस्याका सन्दर्भमा अकालग्रस्त अर्थव्यवस्थाको अध्ययन गरी गरीबी र अकालका बारेमा सुक्ष्म विश्लेषण गरेको पाइन्छ। प्रा. सेन आफूले सन् १९४३ मा देखेको बंगालको भयावह भोकमरीलाई अध्ययनको मुख्य विन्दू मानी सन् १९६८ र १९७४ को मध्य अफ्रिकी महाद्वीपमा भएको भोकमरी तथा ई.पू. ४६ मा रोम, सन् १९१८ मा कश्मीर, सन् १९३३-३७ मा चीन र सन् १९४५-५२ मा आयरल्याण्डमा भएको भोकमरीलाई समेत विश्लेषण गरेको पाइन्छ। मानवको बाँच्न पाउने अधिकारका बाधक भनेको गरीबी, अभाव हो भने ठूला-ठूला खडेरी, बाढी, प्राकृतिक प्रकोप, खाद्य उत्पादनको कमी र जनसंख्या बृद्धि यसका कारक तत्व हुन्। तर मानव समुदायले यसलाई पनि आफ्नो काबुभित्र लिँदा समेत यो समस्या किन यथावत छ ? प्रा. सेन प्रश्न गर्नुहुन्छ- अकालग्रस्त मुलुकको अध्ययनबाट त्यस्ता देशको अर्थ व्यवस्थामा कूल उत्पादन र प्रति व्यक्ति उत्पादनमा गिरावट आएको पाइँदैन तर ती गाउँहरुमा किन मानिसहरु भोकमरीले पीडित भए ? प्रशस्त खाद्य पदार्थ उत्पादन गर्ने उत्पादक वर्ग नै किन भोकमरी र अकालबाट पीडित छन् ?

यी प्रश्नहरुको जवाफ खोज्न र भोकमरीको स्वरुपको सही पहिचान गर्न समाजमा स्वामित्वको संरचनाको ठीक ढंगले अध्ययन गर्नु पर्दछ भन्ने मान्यता प्रा. सेनको छ। उहाँ भन्नुहुन्छ- गरीबी असमान वितरण प्रणालीको उपज हो भन्ने कुरामा विवाद गरिरहनु पर्दैन तर त्यतिले मात्र निष्कर्ष निस्कँदैन। जुन स्वामित्वको संरचनाको सवाल छ,

त्यसलाई सही ढंगले बुझ्नु पर्दछ। स्वामित्वको अर्थ व्यक्तिको कुनै वस्तुमाथिको हक, अधिकार वा दाबीलाई लिइन्छ, जसमा कुनै व्यक्तिको अधिकार स्थापित गर्न उसले त्यसलाई आर्जन गरेको हुन्छ। हाल समाजमा ती आर्जनका ४ तरिका देखिन्छन्। (क) व्यापार वा विनिमयद्वारा (ख) उत्पादनद्वारा (ग) श्रमद्वारा र (घ) उत्तराधिकार वा हस्तान्तरणद्वारा। यी ४ तरिकाबाट समाजमा स्वामित्व स्थापित भएको देखिन्छ।

खाद्य सामाग्रीको प्राप्ति र संचय व्यक्तिको स्वामित्व सम्बन्धी प्रारम्भिक धारणा हो र सम्पत्तिसम्बन्धी प्राचीन अधिकार हो। जब भूमी र उत्पादनका साधनमाथि केही सीमित वर्गले आफ्नो स्वामित्व स्थापित गरे तब समाजमा दास र मालिक गरी दुई वर्गको सृजना भयो। त्यसले नै एकातिर विपन्नता र अर्कातिर सम्पन्नता, एकातिर अभाव र अर्कातिर पूर्णताको स्थिति निम्त्यायो। परिणामस्वरुप समाजमा गरीबीको जन्म भयो। प्रा. सेनको निष्कर्ष छ- खडेरी, बाढी, प्राकृतिक प्रकोप, खाद्यान्न उत्पादनमा कमी जस्ता कुरा भोकमरीको सवालमा गौण हुन्। मूल कुरा, भोकमरी केवल खाद्यान्नको अभाव, कमी वा गरीबी मात्र होइन। गरीबी चरम अभावको परिणति होइन तर सापेक्ष अभावको द्योतक हुनसक्छ। भोकमरीको स्थिति सृजना हुनु अगावै पनि गरीबी हुन्छ। सबै भोकमरीको अवस्थामा गरीबी हुनसक्छ तर सबै गरीबीमा भोकमरी हुँदैन। भोकमरी अति डरलाग्दो परम अभावको परिणाम हो र परम अभाव असमान वितरण प्रणालीले निम्त्याएको समस्या हो। यहाँ प्रा. सेनको स्पष्ट धारणा छ कि विश्वमा बढ्दै गएको पूँजीको एकीकरण र केन्द्रीकरण तथा राज्यको सामाजिक सुरक्षा एवं रोजगारको अधिकारको क्षेत्र अर्थात् मानवको आर्थिक, सामाजिक एवं साँस्कृतिक अधिकारप्रतिको दायित्वमा देखिएको उदासिनताले क्रमशः विश्व अभाव, गरीबी र भोकमरीतर्फ धकेलिँदै छ। आजको भोकमरी विरुद्धको एवं खाद्यान्नको अधिकारको हनन यसैको परिणाम हो।

खाद्यान्नको अधिकार

भोक भन्नाले उपभोगका निम्ति खाद्यान्नको चरम अभावको भौतिक अवस्थालाई बुझाउँछ। यस्तो अवस्थामा कुनै परिवर्तन गरिएन भने पीडित व्यक्ति भोकले मर्न सक्दछ। भोकलाई परिभाषित गर्ने कुनै परिमाणजन्य मापदण्डहरु छैनन्। कुपोषण भोक भन्दा कम गम्भीर अवस्था हो। कुपोषणबाट शारीरिक अवस्था कमजोर हुन्छ, कुपोषणको शिकार भएको व्यक्तिलाई सजिलै रोग लागेर ज्यान खतरामा पर्न सक्छ। कुपोषणलाई उमेर अनुसार हुनुपर्ने शारीरिक तौलको ६० प्रतिशत भन्दा कम तौलको अवस्था भनेर पनि परिभाषित गरिन्छ।

खाद्यान्नको अधिकारमा केवल खाद्यान्नको पूर्ति मात्र नभई स्वस्थ, सफा र स्वच्छ खानलायक पिउने पानीसमेतको अधिकार हो। अन्तर्राष्ट्रिय मापदण्ड अनुसार खानाको अधिकारका निम्ति मुख्य तीन तत्वहरु पर्दछन् :

१. सबैका लागि पर्याप्त भोजन हुनु पर्दछ। "मध्यम स्तरीय सक्रिय" व्यक्तिका निम्ति पुरुष भएमा प्रतिदिन ३ हजार क्यालोरी र महिला भएमा प्रतिदिन २२ सय क्यालोरी ऊर्जा आवश्यक हुन्छ। एउटा सामान्य निस्क्रिय मानिसको लागि पुरुष भए १८ सय क्यालोरी र महिलालाई १५ सय क्यालोरी ऊर्जा न्यूनतम आवश्यकता हो। विश्व खाद्य तथा कृषि संगठन (एफएओ) ले "अत्यावश्यक ऊर्जा" उक्त न्यूनतम दरको १२० प्रतिशत छ भनी लेखाजोखा गरेको छ।
२. खाद्यान्न समग्रमा कमसेकम स्वास्थ्यका निम्ति लाभदायक हुनुपर्छ। स्वास्थ्यका निम्ति प्रतिकूल नहोस् भन्नाका निम्ति खाद्य सामाग्री न्यूनतम भिटामीन र खनिज तत्वयुक्त हुनुपर्छ।
३. खाद्यान्न समुचित ढंगबाट वितरित तथा सुपथ मूल्यमा सबैका लागि प्राप्त हुनुपर्छ।

विश्व जनसंख्याको आधा हिस्सा अझै पनि पर्याप्त खाद्यान्न र पोषणको अभावमा छ। सन् १९८० मा विश्व स्वास्थ्य संगठनले गरेको दाबीअनुसार विश्वका सबै प्रकारका रोगमध्ये ८० प्रतिशत दूषित पानीको कारणबाट हुने गरेको छ। हाल विश्वमा कूल ८० करोड मानिस भोकमरीबाट पीडित छन्। एशियामा मात्र सो संख्या ५० करोड छ। नेपालमा यो संख्या ५० लाख छ। एशिया प्रशान्त क्षेत्रका प्रत्येक ६ व्यक्तिमध्ये एकले स्वास्थ्यका लागि आवश्यक खाना खान पाउँदैनन्। विश्व खाद्य तथा कृषि संगठन (एफएओ) को पछिल्लो विश्व खाद्य असुरक्षा सर्भेक्षणले यस क्षेत्रका दुई तिहाई मानिस कुपोषणमा बाँच्न बाध्य भएको तथ्य सार्वजनिक गरेको छ। दक्षिण एशियामा मात्र ३० करोड व्यक्ति भोकमरीको चपेटामा छन्।

नेपालमा खाद्यान्नको अधिकार

विश्वले विकासोन्मुख राष्ट्रको कोटीमा राखेको नेपाल कृषि प्रधान देश हो। यहाँको कूल जनसंख्याको ८०.३ प्रतिशत जनता कृषिमा आश्रित छन्। नेपालको जनसंख्या २ करोड ३१ लाखभन्दा बढी छ। यसको बृद्धिदर वार्षिक २.२४ प्रतिशत छ। नेपालको प्रतिव्यक्ति वार्षिक आय हाल १५ हजार ८ सय २६ रुपैयाँ रहेको छ। यूएनडीपीद्वारा प्रकाशित मानव विकास प्रतिवेदन २००० ले नेपाललाई न्यून विकास समूहमा पर्ने देशमा राखेको छ। यो तथ्य सन् २००१ को प्रतिवेदनमा पनि यथावत् छ। प्रतिवेदन अनुसार मानव विकासका दृष्टिले नेपालका ५१.३ प्रतिशत जनता डरलाग्दो गरीबीमा छन्। विश्वमा नेपाल मात्र यस्तो मुलुक हो, जहाँ महिलाहरुको औसत आयु पुरुषहरुको भन्दा कम छ जबकी वैज्ञानिकरुपमा पुरुषभन्दा महिलाको आयु बढी हुनु पर्ने हो। सन् २००१ को प्रतिवेदन अनुसार नेपालीको सरदर आयु ५९.५ वर्ष छ। प्रतिवेदनले नेपालको राष्ट्रिय आयको असमान वितरण प्रणालीलाई पनि उजागर गरेको छ। प्रतिवेदनले भनेको छ, नेपालको कूल जनसंख्याको सबभन्दा गरीब २० प्रतिशतले कूल राष्ट्रिय आयको ७.६ प्रतिशत मात्र आर्जन गर्दछन् भने धनी २० प्रतिशतले ४४.८ प्रतिशत आर्जन गर्दछन्। मानवअधिकार-मानव विकास मूल विषय रहेको सन् २००० को प्रतिवेदनमा शिक्षाको लगानीमा पनि यस्तै असमानता देखाइएको छ। जसअनुसार शिक्षा क्षेत्रमा भएको कूल खर्चको करिब ५० प्रतिशत २० प्रतिशत धनीहरुका लागि खर्च भएको र १० प्रतिशत मात्र तल्लो तहका २० प्रतिशत जनताका लागि खर्च भएको जनाइएको छ। राष्ट्रसंघले भनेको छ- नेपालको आधा जनसंख्या "निरपेक्ष गरीबी" मा बाँचिरहेको छ। जनतालाई पर्याप्त खान पुग्दैन। आवास, स्वास्थ्य सेवा र शिक्षाको अवसर पर्याप्त छैन। नेपालको सबभन्दा ठूलो निर्यात भन्नु नै आफ्ना गरीब जनता हुन्। बर्षेनी कामदारको रुपमा विदेशिनेहरुको संख्या बढ्दै आएको छ। सन् २००१ को प्रतिवेदन अनुसार ४२ प्रतिशत नेपाली डरलाग्दो गरीबीमा बाँचेका छन्।

विश्वको मूल्याङ्कनमा क्रमशः ओरालो झरेको नेपाल प्रशस्त खेतियोग्य भूमी, पहाडी एवं तराई क्षेत्रमा ठूला एवं साना सिंचाईको प्रशस्त सम्भावना र जाँगरिला इमान्दार हातहरु हुँदाहुँदै पनि- "कृषि प्रधान देश यहाँ जनता मर्छन् भोकले, नदी त यहाँ प्रशस्तै छन् मानिस मर्छन् प्यासले" भन्ने उद्दरण सार्थक भएको स्थितिमा छ। यसको कारणमा कुनै पनि देशको आधारभूत स्थितिको निर्णायक तत्वका रुपमा रहने उत्पादन पद्धति हो। हाल उत्पादनका साधनमा देशका सीमित वर्गको नियन्त्रण छ। देशको कूल खेतियोग्य भूमीको ४० प्रतिशत भाग ९.४४ प्रतिशत उच्च वर्गका परिवारको हातमा छ, अर्कातर्फ ५५ प्रतिशत तल्लो परिवारका व्यक्तिको हातमा जम्मा १२ प्रतिशत मात्र भूमी छ। सन् १९८१ को कृषि गणना अनुसार २.९ प्रतिशत परिवारले ४७.३ प्रतिशत जमीन ओगटेको छ र भूमीहीन किसानको संख्या २० लाखभन्दा बढी छ। यस परिस्थितिमा नेपाली किसानको खाद्यान्नको अधिकारको ग्यारेण्टी कसरी हुन सक्छ? आर्थिक वर्ष ०३८/३९ सम्म खाद्यान्नमा आत्मनिर्भर नेपाल त्यसपछि क्रमशः परनिर्भर हुँदै गएको छ। श्री ५ को सरकार कृषि मन्त्रालयको सन् १९९७/९८ को जनसंख्या र खाद्यस्थितिको तथ्यांकलाई हेर्दा देशलाई ४१ लाख ७८ हजार ७७

मेट्रिक टन खाद्यान्न आवश्यक देखिन्छ भने देशको कूल उत्पादन ४० लाख २७ हजार ३ सय ४८ मेट्रिक टन मात्र रहेको पाइन्छ। यसरी देशमा १ लाख ५० हजार ७ सय २९ मेट्रिक टन खाद्यान्न अभाव देखिन्छ। खासगरी देशका पूर्वी पहाड, पूर्वी तराई, मध्य तराई, मध्य पश्चिम र सुदूर पश्चिमको तराईको खाद्यान्न उत्पादन र आवश्यकता सन्तोषजनक देखिन्छ भने अन्य भागमा त्यहाँ उत्पादित खाद्यान्नले अपुग भई आयात गर्नुपर्ने देखिन्छ। विकास क्षेत्रका दृष्टिले हेर्दा पूर्वाञ्चल बाहेक अन्यत्रको उत्पादन र आवश्यकताको स्थितिमा माग बढी र आपूर्ति कम देखिन्छ। देशका ७५ मध्ये ५५ जिल्ला खाद्यान्न अपुग जिल्लाका रुपमा परिचित छन्। विश्व खाद्य तथा कृषि संगठन (एफएओ) ले सन् १९९९ मा गरेको अध्ययन प्रतिवेदन विश्वमा खाद्य असुरक्षा बढेको र मानिसहरु भोकमा बाँचेका र अकाल मृत्युको डरमा रहेको तथ्य स्पष्ट पारेको छ। उक्त प्रतिवेदन अनुसार २.५ प्रतिशतभन्दा कम जनसंख्या पोषणविहीन भएको देश पहिलो श्रेणी, २.५ देखि ४ प्रतिशतसम्म भएको दोस्रो श्रेणी, ५ देखि १९ प्रतिशतसम्म तेस्रो श्रेणी, २० देखि ३४ प्रतिशतसम्म चौथो श्रेणी र ३५ प्रतिशत भन्दा माथि पाँचौं श्रेणीको पोषणविहीन अवस्था मान्दा नेपाल चौथो श्रेणीमा परेको र यहाँको कूल जनसंख्याको २१ प्रतिशत जनता आधारभूत खानेकुराबाट वञ्चित रहेको स्थिति छ। सो प्रतिवेदन अनुसार नेपालमा खानाको उपलब्धता र डाइट कम्पोजिसन हेर्दा प्रतिदिन प्रतिव्यक्ति सरदर २३ सय २० क्यालोरी उपलब्ध छ भने आवश्यकता सरदर २६ सय देखिन्छ। मुख्य खाना भात खाने ७७ प्रतिशत छन्। स्वास्थ्य र सरसफाईतर्फ हेर्दा सो प्राप्त गर्ने कूल जनसंख्याको १६ प्रतिशत, औसत आयु ५५ वर्ष, ५ वर्ष मुनिको शिशु मृत्युदर प्रतिहजार १ सय १४ रहेको पाइन्छ। पाँच वर्ष मुनिका बालबालिकाको पोषण स्थिति हेर्ने हो भने कम तौल भएका बालबालिका ४७ प्रतिशत, बृद्धि रोकिएका पुड्के ४९ प्रतिशत र स्वस्थ मानवीय स्थितिअनुसार काम नलाग्ने बालबालिका ११ प्रतिशत छन्।

खाद्यान्नको अभावलाई पूरा गर्न स्थापित नेपाल खाद्य संस्थानले आर्थिक वर्ष ०५६/५७ मा मुलुक भित्रबाट १६ हजार ८ सय १४ र भारतबाट ५ हजार ९ सय ७५ गरी जम्मा २२ हजार ८ सय ५९ मेट्रिक टन खाद्यान्न खरिद गरेको थियो। सरकारी तथ्यांकलाई आधार मानेर हेर्दा पनि नेपालको बढ्दो जनसंख्यालाई यहाँ उपलब्ध खाद्यान्नले नपुगेको अवस्था छ। के नेपालको उत्पादन क्षमता र कृषि उत्पादकत्व प्राकृतिक रुपमै कमजोर भएका कारण यस्तो भएको हो ? प्राकृतिक रुपमै उत्पादन क्षमता कम हुने तथ्यलाई कृषि वैज्ञानिक र कृषि विशेषज्ञहरु अस्वीकार गर्दछन्। नेपालको तराई खाद्यान्नको उर्वरभूमी हो भने पहाडी क्षेत्रका प्रशस्त टार र फाँटहरु, उपत्यका र दुनहरु पनि खाद्यान्न उत्पादनका दृष्टिले उपयुक्त भूमी हुन्। हिमाली क्षेत्रको फलफूल खेती, पशुपालन र जडिबुटी खेती पनि हाम्रा निम्ति उत्तिकै महत्वपूर्ण क्षेत्र हुन्। नेपाल विगतमा खाद्यान्न निर्यात गर्ने देश थियो। तर, वर्तमानको यो दुर्गतिका लागि दीर्घकालीन कृषि विकासका लागि आवश्यक पर्ने भौतिक पूर्वाधारका सम्बन्धमा हाम्रो सरकारी नीति र प्रतिबद्धता फितलो देखिन्छ। कुनै पनि आयोजनामा हुने अति राजनीतिकरण, कमिशनखोरी र भ्रष्टाचारका कारणले नेपालको कृषि अर्थतन्त्र ध्वस्त भएको तथ्यलाई कृषि विशेषज्ञहरु स्वीकार्दछन्। उनीहरुको दावी छ- यदि उचित नीति र इमान्दार राजनीतिक नेतृत्व हुने हो भने नेपालले खाद्यान्नमा आत्मनिर्भर हुने मात्र होइन, विदेश निर्यात गर्नसक्ने क्षमता समेत राख्दछ।

खाद्यान्नको अधिकारबारे अन्तर्राष्ट्रिय समुदाय

जीवनको अधिकारको सन्दर्भमा खाद्यान्नको अधिकारलाई लिएर अन्तर्राष्ट्रिय स्तरमा भएका प्रयत्नहरु हेर्दा संयुक्त राष्ट्रसंघ बडापत्रले समेत आफ्नो प्रस्तावनामा व्यक्तिको मानवीय मूल्य र मर्यादा ख्याल गर्दै बृहत्तर स्वतन्त्रतामा सामाजिक प्रगति र जीवनको उच्चस्तर कायम गर्ने निश्चय गरेको छ भने मानवअधिकारको विश्वव्यापी घोषणापत्रको प्रस्तावनाले पनि अभावबाट मुक्ति पाउनुपर्छ भन्ने सर्वसाधारण जनताको उच्चतम घोषित आकाँक्षा भएको उल्लेख गरेको छ। सोही घोषणापत्रको धारा २२ र २५ ले विशेषगरी खाद्यान्नको अधिकार र सामाजिक सुरक्षाको अधिकारलाई ग्यारेण्टी गरेको छ। त्यसरी नै मानवअधिकारको अर्को दस्तावेज आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा ११ ले पर्याप्त जीवनस्तरको अधिकार र भोकबाट मुक्त हुने अधिकारका लागि पक्ष राष्ट्रले खाद्यान्नको समुचित संरक्षण र वितरणको व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। जसमा भनिएको छ- "वर्तमान अनुबन्धका पक्ष राष्ट्रहरु प्रत्येकलाई आफ्नो र आफ्ना परिवारको सदस्यहरुको मान्यता दिन्छन्। यस सम्बन्धमा आवास लगायत् पर्याप्त स्तरको जीवन प्राप्त गर्ने र जीवन स्थितिमा निरन्तर सुधारको अधिकारलाई मान्यता दिन्छन्। यस सम्बन्धमा स्वतन्त्र सम्मिलनमा आधारित अन्तर्राष्ट्रिय सहयोगको विशेष महत्वलाई स्वीकार गर्दै पक्ष राष्ट्रहरुले यो अधिकारको प्राप्तिलाई सुनिश्चित गर्न उपयुक्त कदम चाल्नेछन्।" त्यसरी नै अनुबन्धमा भनिएको छ- "भोकबाट मुक्त हुने सबैको मुलभूत अधिकारलाई मान्यता दिंदै वर्तमान अनुबन्धका पक्ष राष्ट्रहरुले एक्लै अथवा अन्तर्राष्ट्रिय सहयोगद्वारा ठोस कदमहरु चाल्नेछन्, जुन निम्न कुराका लागि आवश्यक हुन्छन् :

नेपालको खाद्य सुरक्षालाई हेर्दा नेपालको कृषि उत्पादकत्व र आवश्यकताको विगत दश वर्षको स्थिति यसप्रकार छ

(युनिट : मेट्रिक टन)

खाद्यान्न/वर्ष	८९/९०	९०/९१	९१/९२	९२/९३	९३/९४	९४/९५	९५/९६	९६/९७	९७/९८	९८/९९
धान	१८३१७१३	१८९२१०५	१७३८०१३	१३९३६९७	१८२७११०	१५७७८२०	१९४९७६१	१०००२७४७	२०३५७२५	२०७४८९३
मकै	८५७८४६	८७७०७५	८३६५६४	११०००४५२	८३७६५३	८८३२६७	९२९५१३	८९४७७९	९४०७६५	९२२१८३
गहुँ	६६७९७२	६५१९५६	६०३५९२	५९५९९८	६८७४२६	७०९३०४	७८६९३६	८२७४३८	८०८४८	८५४८०४
कोदो	१८४५४६	१९०१७७	१८७७००	१९४४०७	२२४९५८	२१९२६२	२३६४७८	२३६९९२	२३३७६६	२३८९६७
जौ	७५१०	७६४२	७५७९	७५७२	७९६५	८१०७	१११९०	१०६४१	१०२४४	८७५०
कूल उत्पादन	३५४८५८७	३६१८९५५	३३७३४४८	३२९२१२६	३५८५११२	३३९७७६०	३९१३८७८	३९१३८७८	४०२७३४८	४०९९५९७
जम्मा आवश्यकता	३५५८०११	३४८६७७६	३५६१८३८	३६३३७२४	३७२३७२२	३८८२९१५	३९४८२२९	४०७९१३५	४१७८०७७	४२८५८५६
अपुग खाद्यान्न	-९४२४	-१३२१७९	-१८८३९०	-३४१५९८	-१३८६१०	-४८५१५५	-३४३५१	-१०६५४८	-१५०७२९	-१८६२५९

श्रोत : श्री ५ को सरकार कृषि मन्त्रालय

- प्राविधिक र वैज्ञानिक ज्ञानको पूर्ण प्रयोग गरेर, पोषणको सिद्धान्त सम्बन्धी ज्ञानको प्रचार गरेर र प्राकृतिक स्रोतहरुको सबभन्दा प्रभावशाली विकास र उपयोग गर्ने किसिमले कृषि व्यवस्थाका सुधार गरेर उत्पादन पद्धतिको सुधार गर्नु संरक्षण गर्नु र वितरण गर्नु।
- खाद्यान्न आयात र निर्यात गर्ने दुवै प्रकारका देशका समस्याहरुलाई ध्यान दिंदै आवश्यकता अनुसार विश्व खाद्य आपूर्तिमा समान वितरण निश्चित गर्नु।"

यसरी खाद्यान्नको अधिकारलाई अन्तर्राष्ट्रिय दस्तावेजले स्वीकार गरेको मात्र नभई यसलाई कार्यान्वयन गर्न भियना विश्व सम्मेलनले आफ्नो घोषणाको भाग २ अनुच्छेद १३ मा समेत उल्लेख गरेको छ। जसमा भनिएको छ- "यो विश्व सम्मेलन ठहर गर्दछ कि अत्यन्त गरीबी, अकाल तथा सामाजिक वहिष्कार मानवीय मर्यादाको उल्लंघन हो। अत्यन्त गरीबीको कारणबारे राम्ररी जानकारी गर्न त्यसको निदान पत्ता लगाउन र अत्यन्त निर्धन र गरीबीमा बाँचेका जनसमुदायले निर्णय प्रक्रियामा सहभागी भई अत्यन्त गरीबीका विरुद्ध संघर्षमा प्रयासरत रहन र मानवअधिकारको प्रबर्द्धनमा सम्भव होस्।" त्यसैगरी सो सम्मेलनले मान्छेहरुका बिरुद्ध गुप्त अथवा प्रकट दुवै रुपमा सबै किसिमका भेदभावकोसमूल समाप्तिको लागि अनुरोध गरेको छ।

जीवनस्तर एवं पोषणको स्तरमा बृद्धि ल्याई खानाको अधिकारलाई प्रत्याभूति दिन सन् १९४५ मा गठित संयुक्त राष्ट्र संघीय विश्व खाद्य तथा कृषि संगठन (एफएओ) हाल विश्वका १ सय ५८ देशमा क्रियाशील छ। इटलीको राजधानी रोममा प्रधान कार्यालय भएको यस संस्थाले सुडानको भोकमरीमा उल्लेख्य खाद्यान्न वितरण गरेको थियो। सन् १९७४ मा विश्व खाद्य सम्मेलन, सन् १९८८ मा एशिया तथा प्रशान्त क्षेत्रका कृषि तथा खाद्य समस्या सम्बन्धी सम्मेलन र सन् १९९२ मा विश्व स्वास्थ्य संगठनसमेतको सहभागितामा रोममा भएको पोषण सम्मेलन र सन् १९९६ मा विश्व खाद्य शिखर सम्मेलन मार्फत् यसले मानवको पर्याप्त जीवनस्तरको अधिकार एवं खाद्यान्नको अधिकारबारे विश्व जनमतको ध्यान केन्द्रित गराउँदै आएको छ। सन् २०१५ सम्म भोकको स्तर आधा घटाउने लक्ष्य लिई यसै वर्ष अर्थात् सन् २००२ मे २७ देखि ३० सम्म इटलीको रोममा विश्व खाद्य शिखर सम्मेलन सम्पन्न भयो। त्यसरी नै जर्मनीको हिडेनवर्गमा प्रधान कार्यालय रहेको खाद्यान्न, काम र सूचना सम्बन्धी अन्तर्राष्ट्रिय गैर सरकारी संस्था फियान इन्टरनेशनलले पनि मानिसको खाद्यान्नको अधिकारबारे जनमत सृजना गर्ने गरेको छ।

कर्णालीमा सरकारी अनुदान

आर्थिक वर्ष ०५८/५९ मा कर्णाली अञ्चलका पाँच जिल्लाका लागि छुट्याइएको खाद्य विवरण *(क्वीन्टलमा)*

जिल्ला	निर्धारित कोटा	थप कोटा	जम्मा	वितरण कोटा	बाँकी
जुम्ला	८७००	४१५८	१२८५८	१०८८५	१९७३
हुम्ला	६६००	३४५२	१००५२	७५५९	२४९३
मुगु	४९००	४०९	५३०९	५२९६	१३
डोल्पा	६७००	१२६४	७९६४	.....	....
कालिकोट	५४००	- २७	५३७३	.....	....

नोटः आर्थिक वर्ष ०५९/६० मा कर्णालीको लागि निर्धारित कोटा थपघट भएको छैन तर श्री ५ को सरकारले अनुदान घटाएको छ । आर्थिक वर्ष ०५८/५९ मा २० करोड ५० लाख ढुवानी र २ करोड ब्याज गरेर २२ करोड ५० लाख छुट्याइएको थियो तर आर्थिक वर्ष ०५९/६० मा त्यो घटाएर १८ करोड ५० लाखमा झारिएको छ ।

श्रोतः नेपाल खाद्य संस्थान/कर्णाली खबरपत्रिका, वर्ष ३, अंक १२

खाद्यान्नको अधिकारबारे न्यायालय

भारतीय सर्वोच्च अदालतले ३ सेप्टेम्बर २००१ का दिन भारतीय मानवअधिकारवादी समुदाय र पिपल्स युनियन अफ लिबर्टिजले दायर गरेको रिट निवेदनमा खाद्यान्नको अधिकारलाई आधारभूत मानवअधिकार मान्दै भारत सरकारलाई नसिहत सहित खाद्यान्न वितरणको सुव्यवस्थाका लागि अन्तरिम आदेश दिएको थियो। उक्त फैसलामा मान्छेको बाँच्न पाउने अधिकारभित्र खाद्यान्न, पानी, आवास, शिक्षा, स्वास्थ्य र वातावरण पर्दछ भनी उक्त अधिकारलाई "मानवअधिकारको आधारभूत पक्ष" भनिएको छ।

तर, नेपालको सर्वोच्च अदालतले हुम्ला लगायत्का जिल्लाको भोकमरीको विषयलाई लिएर दायर भएको अधिवक्ता माधवकुमार बस्नेत, बिरुद्ध सम्माननीय प्रधानमन्त्रीसमेत भएको मुद्दामा भनेको छ- "यसमा एउटा उत्तरदायी सरकारको प्रमुख काम, कर्तव्य, जनताको जीउधनको सुरक्षा गर्नुपर्ने सन्दर्भमा हुम्ला जिल्ला समेतमा फैलिएको भोकमरी र महामारीलाई नियन्त्रण गर्न र राहत सामाग्री पुऱ्याउन स्वयं श्री ५ को सरकार र सो अन्तर्गतका विभिन्न निकायहरु प्रयासरत रहेको कुरा लिखित जवाफबाट देखिन्छ। उक्त कुराहरु बनावटी हुन् भन्न मिल्ने देखिंदैन। साथै, चालिएका प्रयासहरु अपर्याप्त र अपुरो छ भन्न सकिने तथ्ययुक्त प्रमाण समेत नदेखिंदा निवेदन माग बमोजिम परमादेशको आदेश जारी गर्नुपर्ने स्थिति देखिएन।" उक्त मुद्दामा निवेदकका तर्फबाट संविधानको धारा ११ र धारा १२(१) को प्रश्न उठाइएको थियो।

उपसंहार

उल्लेखित अन्तर्राष्ट्रिय चासो, प्रतिबद्धता र व्यवस्थाका बाबजुद पनि आज विश्वका अधिकाँश जनता खाद्यान्नको अधिकारको दृष्टिले अत्यन्त कठिन परिस्थितिमा बाँचेका छन्। हाम्रोजस्तो अत्यन्त पिछडिएको राष्ट्र र त्यसमा पनि पिछडिएका किसानहरु जो खान, आङ ढाक्न, बिरामी पर्दा स्वास्थ्य उपचार गराउन सक्दैनन्, मानव विकास प्रतिवेदनले पनि त्यस्ता जनताको संख्या कूल जनसंख्याको आधा भन्दा बढी भएको तथ्य उजागर गरेको छ। यसको निराकरणको उपाय भनेको नेपालमा रहेको सामन्ती भूस्वामित्वको अन्त्य र क्रान्तिकारी भूमीसुधार, समान र न्यायोचित वितरण प्रणाली, सामन्ती एवं ठालु उत्पादन सम्बन्धको अन्त्य, उत्पादनका साधनमाथि आधारभूत वर्गको स्वामित्व, आधुनिक कृषि प्रणाली आदि हुन सक्छन्। तब मात्र आम जनताको खाद्यान्नको अधिकार प्रत्याभूत हुन सक्छ, ओझेलमा परेको भोकविरुद्धको अधिकारको सम्मान हुन सक्छ।

सन्दर्भ सामग्रीहरु

१. सेन, अमर्त्य, पोभर्टी एण्ड स्टार्भेसन, दिल्ली पब्लिकेसन, २००२
२. यूएन चार्टर, यूडीएचआर १९४८, आईसीईएससीआर १९६६, भियना डिक्लरेसन १९९३, यूएन पब्लिकेसन
३. दि स्टेट अफ फूड इन्सेक्यूरिङ इन दि वर्ल्ड, एफएओ, रोम १९९९
४. स्टाटिस्टिकल इन्फर्मेसन अफ नेपलिज् एग्रिकल्चर, १९९८-००, मिनिस्ट्रि अफ एग्रिकल्चर, नेपाल १९९९
५. डा. शर्मा, गोपाल, ह्युमन राइट्स एण्ड इन्टरनेशनल इन्स्टिच्यूसन, रत्न पुस्तक भण्डार, काठमाण्डौ
६. ह्युमन डेभलपमेन्ट रिपोर्ट, यूएनडीपी, २०००, २००१
७. सर्भे रिपोर्ट, एफएओ, रोम २००१
८. टाइम्स अफ इण्डिया
९. वि.सं. ०५५ सालको रिट नं. ३३४१ सर्वोच्च अदालत नेपाल

नेपाली समाजमा महिलाविरुद्ध हुने हिंसा

- निर्मला महत

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), सामाजिक न्यायका लागि अभियान केन्द्रद्वारा धनुषा, सर्लाही, सिराहा र सप्तरी गरी चार जिल्लामा महिला कार्यक्रम संचालित छ। ती चार जिल्लाका १५/१५ गाविसमा १५/१५ वटा महिला अगुवा समूहहरुले स्थानीय विकासका लागि स्थानीय सरकारलाई उत्तरदायी बनाउन तथा सुशासन कायम गर्न सक्रियताका साथ जनवकालत अभियान अगाडि बढाइरहेका छन्। स्थानीय विकास बाहेक सामाजिक क्षेत्रमा पनि महिलाहरुको सहभागिता अत्यन्त प्रशंसनीय छ। आफ्नो समाज, समुदायमा महिला विरुद्ध हुने हिंसाबाट पीडित महिलाहरुलाई सामाजिक न्याय दिलाउन, ती स्थानीय महिला अगुवा समूहहरु सफल भएका छन्। महिलाका सवाल आफैंमा संवेदनशील र गम्भीर प्रकृतिका हुन्छन्। त्यस्ता सवालमा महिला अगुवा समूहहरुको भूमिका सबल हुँदाहुँदै पनि विद्यमान विभेदपूर्ण कानुन, ऐनले गर्दा नेपाली महिलाहरु अझै बढी हिंसाका शिकार भएका छन्। साथै, सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक, कानुनी, धार्मिक, साँस्कृतिक परम्परागत विभेद हिंसाको मूल कारणका रुपमा देखा परेका छन्।

इन्सेक कार्यरत ती चार जिल्लाको अध्ययनबाट महिलाहरु बढी घरेलु हिंसा र त्यसपछि परम्परागत हिंसाको शिकार भएको पाइन्छ। त्यस्ता हिंसा सम्बन्धी कानुनी उपचारका सम्बन्धमा स्थानीय महिला अगुवा समूहका सदस्यहरुलगायत् पीडित पक्षप्रति अनभिज्ञ रहेको पाइएको छ। यस सम्बन्धमा सामाजिक परिचालक कुसुम आचार्य भन्नुहुन्छ - "हामी महिला विरुद्ध हुने हिंसा सम्बन्धी कानुन सानुनका बारेमा जान्दैनौं। म स्वयम् हिंसा पीडित भएकी हुँदा हाम्रा दिदी बहिनीहरुले त्यस्तो मार खेप्न नपरोस् भन्ने उद्देश्य लिएर महिला अगुवा समूहसँग मिलेर बहुविवाहका विरुद्धमा अभियान नै चलाएका छौं र केही हदसम्म हामी सफल भएका पनि छौं।"

परिभाषा

महिला विरुद्ध हुने हिंसाको परिभाषालाई बुझ्ने र हेर्ने दृष्टिकोणमा आज फराकिलोपन आएको छ। यस्तो हुनुमा सन् १९९३ मा संयुक्त राष्ट्रसंघद्वारा महिलाविरुद्ध हिंसा उन्मूलन सम्बन्धी घोषणापत्र जारी हुनु मुख्य कारण हो। उक्त घोषणा पत्रमा महिला विरुद्धको हिंसाको परिभाषा यसप्रकार गरिएको छ- "महिला विरुद्ध हिंसा भन्नाले राज्यबाट हुने हिंसाका अतिरिक्त अंगभंग गर्ने, बालबालिकामाथि यौन दुर्व्यवहार गर्ने, दाइजो सम्बन्धी हिंसा, वैवाहिक बलात्कार, स्त्री गुप्तांग विच्छेद गर्ने तथा महिलाहरुलाई क्षति पुऱ्याउने अन्य परम्परागत हिंसा लगायत् पारिवारिक हिंसा, परिवारको अन्य सदस्यहरुबाट हुने हिंसा तथा शोषणसँग सम्बन्धित हिंसा, कुनै समुदायसित भइरहेको बलात्कार, यौन दुर्व्यवहार, यौन उत्पीडन तथा काम गर्ने स्थानमा, शिक्षालयहरु तथा अन्य स्थानमा तर्साइने घटना, महिलाहरुको बेचबिखन, जबर्जस्ती बेश्यावृत्ति गराइने लगायत्का शारीरिक, यौन तथा मानवीय हिंसाहरुलाई जनाइनेछ।"

संयुक्त राष्ट्रसंघको यही परिभाषालाई मापदण्ड मानेर विश्वव्यापी रुपमा यस सम्बन्धमा फराकिलो भएर सोच्न थालिएको छ। यसैलाई आधार बनाएर श्री ५ को सरकार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले महिला विकास तथा सशक्तीकरणको निम्ति तयार गरेको राष्ट्रिय कार्य योजनामा नेपाली समाजमा भइरहेका महिला विरुद्ध हिंसाका प्रकारहरुलाई विभिन्न शीर्षक अन्तरगत विभाजन गरिएको छ, जसलाई हेर्दा सम्पूर्ण महिलाहरु कहीं न कहीं कुनै न कुनै स्थानमा हिंसाका शिकार भइरहेको थाहा पाइन्छ।

शारीरिक हिंसा

कुटपिट, बलात्कार, जीउ मास्ने/बेच्ने, कारोबारमा संलग्न गराउने, जबर्जस्ती देहव्यापार वा बेश्यावृत्तिमा लगाउने, हाडनाता करणी, भ्रुण हत्या वा जबर्जस्ती गर्भपतन गर्नुपर्ने स्थितिको सृजना गर्ने, बालबालिकालाई यौन सम्बन्धी कूकार्यमा प्रयोग गर्ने, धकेल्ने, घोक्राउने, शारीरिक अंगभंग गर्ने, पोल्ने, काट्ने, अपहरण गर्ने, हत्या गर्ने, बुहारीलाई कामको बोझ थोपरेर दुःख दिने आदि।

मानसिक हिंसा

शारीरिक प्रहार, अपशब्दको प्रयोग, सार्वजनिक स्थलमा दुर्व्यवहार, कार्यस्थलमा दुर्व्यवहार, पत्रद्वारा धम्की, टेलिफोनमा अपशब्द प्रयोग गरी मानसिक आघात पुऱ्याएर आत्महत्या गर्ने परिस्थितिको सिर्जना गर्ने, हेला गर्ने, प्रशंसा नगर्ने, अरुको अगाडि होच्याउने, काम गर्न वा बाहिर जान नदिने र महिलाले कमाएको सम्पत्तिमा नियन्त्रण गर्ने, हैकम जमाउने, महिलाहरुका लागि नभई नहुने वस्तुको नाश गर्ने, केटाकेटीको अगाडि जथाभावी गाली गर्ने वा सजाय स्वरुप अलग राख्ने, चित्त दुखाउने उद्देश्यले आफ्नो अनुचित सम्पर्कबारे फलाक्ने वा अरुसँग लागेको भनी आरोप लगाउने, महिलाको इच्छा दबाउने, शरणार्थी महिलाहरुलाई यातना दिने आदि।

परम्परागत हिंसा

देउकी, झुमा, छाउपडी प्रथा, बालविवाह, बहुविवाह, अनमेल विवाह, जारी प्रथा तथा बादी प्रथा (यौन व्यापारमा संलग्न हुनुपर्ने), बन्धक मजदुरी, बोक्सीको दोष, दाइजो तथा तिलकको लागि प्रताडना, धार्मिक रितिरिवाजबाट शोषित गर्ने, प्रजनन स्वास्थ्यमा महिलाको अधिकार नहुने, जातीय परिधिभित्र छुवाछुतको प्रचलन, रजस्वला, सुत्केरी बेलामा छुवाछुतको भेदभाव राख्ने, १२

मानवअधिकार उल्लंघनका घटनामा पीडित महिला संख्या



श्रोत : मानवअधिकार वर्ष पुस्तक, इन्सेक

दिन गुफा राख्ने, विधवाप्रति दुर्व्यवहार, छोरीलाई बोझ सम्झने परम्परा आदि।

नेपालको सन्दर्भमा माथि उल्लेखित हिंसाको प्रकृति वा अवस्था हेर्दा नेपाली महिलाहरु पुरुषहरुबाट मात्रै नभएर महिलाबाटै पनि हिंसाको शिकार हुने गरेका छन्। धर्म, संस्कृति र परम्पराको नाउँमा भएका हिंसात्मक गतिविधिहरु, अशिक्षित, गरीब वर्ग, ग्रामीण सुमदायमा मात्र नभएर शिक्षित धनी वर्ग र शहरी समुदायका महिलाहरु पनि त्यस पीडा वा यातना सहन वाध्य छन्। यसरी धनी-गरीब, शिक्षित-अशिक्षित, शहरी-ग्रामीण, संस्कृति, परम्परा र भौगोलिक संरचनाका आधारमा महिला विरुद्ध हुने हिसांहरु अत्यन्त दु:खद र निदनीय छन् भन्ने कुरा संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानले महिला वर्ष सन् २००० को उपलक्ष्यमा "२१ औं शताब्दीका लागि लैंगिक समानता, विकास र शान्ति" विषयक विशेष अधिवेशन उद्घाटन समारोहमा भन्नुभएको थियो- "महिला विरुद्धका हिंसा सबैभन्दा लज्जास्पद मानवअधिकार उल्लंघन हो। यस्तो हिंसालाई कुनै पनि भूभाग, संस्कृति अथवा धनको सीमाले छेकबार लगाउन सकेको छैन। यदि यस्ता हिंसाहरु भइरहने हो भने हामी समानता, विकास र शान्तिका लागि वास्तविक प्रगति गर्न सक्तैनौं।"

समग्रमा भन्नुपर्दा, नेपाली महिलाहरु सामाजिक, आर्थिक, राजनीतिक, कानुनी तथा मनोवैज्ञानिक दृष्टिमा उपेक्षित छन्। जसको परिणामस्वरुप महिलाहरुको शक्ति संरचना, शक्ति नियन्त्रण, आर्थिक नियन्त्रण, आर्थिक स्रोत र साधन परिचालन, रोजगारीको अवसर, निर्णायक पदहरु, स्वास्थ्य, प्रजनन अधिकार, राजनीतिक सहभागिता, सामाजिक मूल्य र मान्यता तथा आफ्नो शरीरमा समेत पहुँच नभएका कारण कुनै न कुनै रुपमा हिंसाका शिकार भएका छन्। जसका कारण उनीहरुले आफ्नो स्वतन्त्र व्यक्तित्व कायम गर्नसमेत सकिरहेका छैनन्।

नेपाली महिलाहरु वर्तमान अवस्थामा अझ बढी हिंसाका शिकार हुन पुगेका छन्। राज्य एवं गैर राज्य पक्षबाट हिंसाका शिकार भएको तथ्यांक इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तक २००२ को पृष्ठ ४१६ मा प्रष्टरुपमा उल्लेख गरिएको छ। घटनाहरुलाई ३७ वटा शीर्षकमा देखाइएको छ। विशेष गरी महिला विरुद्ध हुने हिंसाका घटनामा गैरराज्यद्वारा भएका हननमा कुटपिट २ सय २१, धम्की ४५, महिला किनबेच ५३, महिला किनबेचको प्रयास ५१; बलात्कार १ सय ५७, बलात्कारको प्रयास १ सय ४, बहुविवाह १ सय ६, जारी ६, कारण यातना ७७, बालअधिकार ५३, जातीय छुवाछूत २७, अपहरण ३४ तथा अन्य गरी कूल १ हजार ३ सय ४० जना महिला हिंसाका शिकार भएको सार्वजनिक जानकारीमा आएको थियो।

त्यसैगरी राज्यद्वारा भएका हिंसाका घटनामा गोलीद्वारा हत्या २८, गोलीद्वारा घाइते १४, गिरफ्तारी र यातना १ सय ७८, लाठी चार्ज २, बेपत्ता पारिएको १५, कुटपिट २६, धम्की २, भेला र संगठित हुने अधिकार ३७, निष्पक्ष न्यायिक अधिकार ३, बलात्कार ४, बलात्कार प्रयास ३, महिला भएकै कारणबाट ६, आर्थिक अधिकार २, अमानवीय व्यवहार २ गरी कूल ३ सय २४ महिलाहरु हिंसाका शिकार भएका थिए।

यसरी हेर्दा महिला विरुद्धका हिंसा दिन प्रतिदिन बढ्दो छ। यस्ता हिंसा रोक्न नेपालमा ऐन कानुन हुँदै नभएको त हैन, भएका ऐन, कानुनमा एकातिर लैंगिक भेदभावका कारण महिलाहरुले न्याय पाउन सकिरहेको छैन भने अर्कातिर कानुनको दृष्टिमा नै अपराध सिद्ध गर्न नसकिने अधिकार जस्तो: प्रजनन अधिकार हनन्, वैवाहिक बलात्कार, महिनावारी हुँदा अलग बस्नुपर्ने, बच्चा जन्मँदा गोठमा राख्नुपर्ने जस्ता विषयमा कानुन मौन छ। आजसम्म भएका यस्ता घटनाहरुको विरुद्धमा अदालतमा मुद्दा दायर भएको छैन। त्यसैले जबसम्म महिलाहरुले यस्ता घटनाहरुको विरुद्धमा अदालतमा न्याय माग्न जाँदैनन् तबसम्म कानुन निर्माताहरुको ध्यानाकर्षण हुँदैन। त्यस्तै गरी जबसम्म कानुन बन्दैन, तबसम्म पीडित महिलाहरुले कानुनी उपचार प्राप्त गर्न सक्दैनन्। यसका लागि प्रयास नभएका भने होइनन्। नेपाली महिलाहरुको निरन्तर संघर्षबाट नै मुलुकी ऐन एघारौं संशोधन पारित भयो, जसलाई सकारात्मक रुपमा लिन सकिन्छ। त्यसैगरी महिला विरुद्ध हुने हिंसा सम्बन्धी ऐनको लागि पनि नेपाली महिलारु संघर्षरत छन्। विगतमा घरायसी हिंसा सम्बन्धी ऐन र पारिवारिक अदालतको आवश्यकताका सोचहरु नआएका होइनन्। त्यसका लागि विधेयक पनि तयार भइसकेको छ। तर, पारित गराउन वर्तमान र भविष्यमा पनि सम्पूर्ण नेपाली महिलाहरुले संघर्ष गर्नुपर्ने आवश्यकता टड्कारो रुपमा देखा परेको छ। अत: सम्पूर्ण नेपाली महिलाहरुको सहभागिता, ऐक्यबद्धता र प्रतिबद्धता भएमा अवश्य पनि महिला विरुद्ध हुने हिंसामा रोक लगाउन सकिन्छ। ●

सप्तरी जिल्ला बकधुवा गाविस-९ की पीडित सीतादेवी परियारलाई महिला अगुवा समूहले दिएको न्याय :

सीतादेवी परियार (बहुविवाहबाट पीडित)

सीतादेवी परियार दुई छोराकी १९ वर्षीय आमा हुन्। उनको विवाह सात वर्ष अघि १२ वर्षको उमेमा १८ वर्षीय ज्ञानबहादुर परियारसँग भएको थियो। हाल उनको उमेर २५ वर्षको छ। एक मात्र छोरा भएको कारण उनी केही पनि काम गर्दैनन्। ज्ञानबहादुर अल्छी छन्। त्यसैले उनका बाबुआमाले दाउरा बेचेर उनलाई पालेका छन्।

०५८ माघ १८ गते ज्ञानबहादुरले अचानक प्रकाशपुर -२ बस्ने २१ वर्षीय मिथिला परियारलाई भगाएर घरमा ल्याएका थिए। पीडित सीतादेवी परियारले महिला अगुवा समूहसमक्ष आफ्नो सम्पूर्ण दु:ख पोखिन्। ०५८ माघ २० गते ज्ञानबहादुर परियारको घरमा गई सोधपुछ गर्दा उनले-"मैले मिथिलालाई घरमा श्रीमती भएको तर काम नगर्ने र रोगी भएको जानकारी पहिलेनै दिएको हुँ। मिथिलाले सीतादेवीको सेवा गर्छ भनेर ल्याएको आज तीन दिन भइसकेको छ। अब महिला अगुवा समूहले जे गर्छ, गरोस्।"

ज्ञानबहादुरको कुरा सुनेपछि उक्त समूहका सदस्यहरुले मिथिलासँग सोधपुछ गरे। उनी भन्छिन्- "उनले घरमा रोगी श्रीमती छ भन्ने जानकारी त दिएका हुन्।"

दुवै पक्षका कुरा सुनेपछि समूहका सदस्यहरुले मिथिलालाई "महिलाले महिलाको शोषण गर्नु हुँदैन, तिमी पनि हाम्री बहिनी हौं। ज्ञानबहादुर अल्छी छ उसले आफ्ना छोराहरुलाई त पाल्न सक्दैन भने तिमीलाई कसरी पाल्छ ? तिमी आफैंलाई दु:ख हुनेछ त्यसैले तिमी फर्क, आफ्नै गाउँ जाऊ।" भनी सम्झाई-बुझाई गरे।

तर, मिथिलाले- "म आई हालें अब यही घरमा बस्नुछ" भन्न थालिन। त्यसपछि महिला अगुवा समूहका सदस्यहरुले- हामीले भनेको मान्ने हो भने मान, नत्र हामी प्रहरी कार्यालयमा खबर गर्छौं, तिमीलाई प्रहरीले सजाय दिनेछन्। यो गाउँमा हामी महिला समूह बहुविवाहको विरुद्ध सक्रिय छौं। त्यसैले तिमी जान्छ्यौ भने जाऊ, नत्र प्रहरी बोलाउनेछौं भनेपछि मिथिलाले भनिन्- "यस्तो कुरा थाहा पाएकी भए म आउने नै थिइनं, त्यसैले म जान्छु।" मिथिलाले यस्तो भनेपछि महिला अगुवा समूहका सदस्यहरुले ५-५ रुपैयाँ उठाएर मिथिलालाई बस खर्च दिई एक जना समूह सदस्यको साथ लगाई उनको गाउँसम्म पुऱ्याए।

यसरी महिला समूहले पीडित सीतादेवी परियारलाई सामाजिक न्याय दिलाए। हाल यस वडामा कसैले पनि बहुविवाह गर्ने गरेको छैन।

आतंककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण तथा सजाय ऐनमा के छ ?

- हरि फुयाँल, अधिवक्ता

सशस्त्र राजनीतिक विद्रोहले देशको सुरक्षासँग सम्बन्धित र फौज्दारी कानुनमा पुनरावलोकन र थपघटको आवश्यकता महसूस भई ०५४ सालदेखि नै विद्रोहलाई मध्यनजर गरी कानुनहरुमा संशोधन र आतंककारी गतिविधि नियन्त्रण ऐन ल्याउने प्रयासहरु भएका थिए। मुलुकी ऐनका विभिन्न महलहरु, विस्फोटक पदार्थ ऐन, शान्ति सुरक्षा ऐन र अन्य कतिपय ऐनहरुमा संशोधनको प्रस्ताव राखी संसद सचिवालयमा संशोधन प्रस्ताव दर्ता भएको थियो। विशेषगरी सुरक्षा निकायहरुले ऐन कानुनहरुमा संशोधन गर्नेभन्दा पनि छुट्टै आतंककारी गतिविधि नियन्त्रण ऐन बनाउन तत्कालीन सरकारहरुलाई प्रस्ताव राख्दै आएका थिए। यस्तो कानुन बन्ने संभावनाले संसद, राजनीतिक दल र नागरिक समाजमा गम्भीर बहसको सृजना गरेको थियो। अन्ततः राजनीतिक उतार चढावका कारणले नागरिक अधिकारका लागि अत्यन्त अनुदार मानिएको आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन देशमा संकटकालको घोषणासँगसँगै कार्यान्वयनमा आयो।

विशेषगरी अमेरिकामा सन् २००१ सेप्टेम्बर ११ मा भएको घटनापछि आतंकवाद एउटा सापेक्ष विवादको विषयमात्र बनेन, बरु विकसित देशहरुले यसलाई विश्वव्यापी अभियानको रुपमा विकास गरिरहेका छन्। कुनै पनि प्रकारका सशस्त्र राजनीतिक आन्दोलनहरुले आतंकवादको अन्तर्राष्ट्रिय चपेटामा पर्नुपर्ने संभावना विकसित भएको छ। नागरिक अधिकार अभियानमा संलग्न व्यक्ति वा संस्थाहरुले यसमा गम्भीर चासो देखाएका छन् र गोलमटोल रुपमा गरिने आतंकवाद तथा राजनीतिक अभिष्ट प्राप्त गर्न प्रयोग गरिने आतंककारी क्रियाकलाप दुवैको विरोध गरेका छन्।

ऐनका मुख्य प्रावधानहरु

नेपालका राजनीतिक घटनाक्रमहरुसँगै ०५८ चैत २८ गते जारी "आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन २०५८" यसै ऐनको दफा १.३ अनुसार यो ऐन प्रारम्भ भएको मितिले २ वर्षसम्म मात्र बहाल रहने व्यवस्था छ। अन्तर्राष्ट्रिय अभ्यासमा यस प्रकारको कानुनलाई सूर्यास्त ऐन (Sun-Set Act) भनिन्छ।

यस ऐनको परिभाषा खण्डले 'हातहतियार', 'खरखजना', 'बम', 'विस्फोटक पदार्थ', 'विषालु पदार्थ', 'सुरक्षाकर्मी', 'आतंककारी तथा विध्वंसात्मक कार्य', 'आतंककारी', 'मतियार', 'सम्पत्ति', 'सुराकी', 'सुरक्षा अधिकारी' र 'आदेश' भन्ने शब्दहरुलाई परिभाषित गरेको छ। माथि उल्लेखित परिभाषाहरु 'आतंककारी क्रियाकलाप' र 'आतंककारी' हरुलाई कारवाही गर्ने प्रयोजनका निम्ति अत्यन्त व्यापक र असीमित छन्। जस्तैः यस ऐनअनुसार परिस्थितिजन्य अवस्थामा जो कोही व्यक्तिलाई पनि मतियारको रुपमा परिभाषित गर्ने अवस्था छ। 'करकापमा परेको अवस्थामा' ऐनले छूट दिएको भए पनि सशस्त्र हतियारबन्द दस्ताले खाना खान, बास बस्न वा चन्दा दिन जबर्जस्ती गरेको अवस्थालाई कुनै पनि सुरक्षा निकायको ऐनले छूट दिएको विशिष्ट अवस्थामा भनी कारवाही नगरेको पाइएको छैन। परिभाषा खण्डमा भएको दफा २ (च) को 'सुरक्षाकर्मी' को परिभाषाले प्रहरी वा सशस्त्र प्रहरी वा शाही नेपाली सेनालाई समेटेको छ। शाही नेपाली सेनालाई दफा २ (ठ) अनुसार कुनै पनि गैरसैनिक व्यक्तिलाई पक्राउ गर्ने अधिकार प्रत्यायोजन गर्ने यो नै नेपालको एउटा मात्र ऐन हो। अर्थात् सुरक्षा अधिकारीको रुपमा रहेको प्रमुख जिल्ला अधिकारीको आदेशमा शाही नेपाली सेनाले व्यक्तिहरुलाई पक्राउ गर्न पाउने अधिकार दिएको छ। तर, संविधानको धारा १४ अनुसार त्यसरी पक्राउ गरिएको व्यक्ति प्रहरीमार्फत् मुद्दा हेर्ने निकायमा पेश गर्नु पर्दछ। यस ऐनले शाही नेपाली सेनालाई अनुसन्धान वा तहकिकात गर्ने कार्यको जिम्मा दिएको छैन, बरु ऐनको दफा ९ को व्यापक र सकारात्मक परिभाषा गर्दा नजरबन्द राख्नुपर्ने अवस्थाका व्यक्तिहरुलाई 'मानवोचित ठाउँ' अन्तरगत शाही नेपाली सेनाको ब्यारेकमा राख्न पनि सकिने भन्ने तर्क गर्न सकिन्छ।

माथि उल्लेखित परिस्थितिमा विद्यमान सैनिक हिरासतमा रहेका भनिएका व्यक्तिहरु गैरकानुनी थुनामा छन्। व्यक्तिहरुलाई गैरकानुनी थुनामा राख्नु हुँदैन भनेको थुनामा राख्नु हुँदैन भनेको होइन बरु हरेक थुनावाहक कानुनी प्रक्रिया अन्तर्गत थुनामा हुनु पर्दछ भनेको हो। यस प्रसंगमा पारदर्शी रुपमा थुनुवा केन्द्रहरु स्थापना गरी 'हिरासत व्यवस्थापन' गर्नु नै यस्ता आरोपहरुबाट उन्मुक्ति प्राप्त गर्नु हो।

यस ऐनको दफा ३ ले 'आतंककारी तथा विध्वंसात्मक अपराध' को परिभाषा दिएको छ। जस अन्तर्गत कस्ता-कस्ता कार्यहरु आतंककारी तथा विध्वंसात्मक अपराध हुन् भनी निर्धारण गरिएको छ। दफा ३.२ मा उद्योग वा षडयन्त्रलाई व्याख्या गरिएको छ। यो बृहद र व्यापक रुपमा प्रयोग हुन सक्दछ। यस प्रावधानभित्र पनि 'करकाप' बाट गराएको कार्यलाई छूट दिइएको छ तर व्यवहारमा सुरक्षा निकायहरुले त्यसको विश्लेषण गर्नेतर्फ समय लगाएको बुझिएको छैन।

यथार्थमा यस ऐनलाई "सूर्यास्त" बनाउनुको अर्थ कथंकदाचित 'आतंक' को अवस्था विद्यमान नरहेमा सरकारमा रहने शक्ति, सरकार वा पार्टीले यही कानुनमार्फत् आफ्ना विपक्षीहरुमाथि दमन गर्न सक्छ भन्ने मनसाय हो।

दफा ४ ले ऐनको वहिर्क्षेत्रीय प्रयोग अन्तर्गत राज्य बाहिर रहेको राज्यको सम्पत्ति, नागरिक वा सार्वभौमसत्तामा असर पर्ने गरी गरेको कार्यलाई राज्यभित्रै भएको सरह मानी नेपाल बाहिरका क्रियाकलापलाई समेट्ने प्रयत्न गरेको छ तर कारवाहीको प्रक्रिया भने निर्धारण गरेको छैन।

दफा ५ ले ऐनका कार्यक्षेत्रहरुलाई व्यापकता दिएको छ। श्री ५ को सरकार वा प्रमुख जिल्ला अधिकारीले यस्ता अधिकारको प्रयोग गर्ने छन्। जसमा तजविजी आधारमा पक्राउ गर्न सक्ने, जहाँ र जसलाई पनि जुनसुकै बेला खानतलासी लिन सक्ने, पक्राउ वा खान तलासी लिँदा बाधा विरोध भएमा वा अन्य आवश्यक अवस्थामा बल वा हतियारको प्रयोग गर्ने अधिकार सुरक्षाकर्मीलाई दिइएको छ। हातहतियारधारी व्यक्ति वा समूहसँग मुठभेड भएमा शक्ति वा हतियारको प्रयोग गर्न पाउने अधिकारको दुरुपयोग हुनुका कारणहरुमा सुरक्षाकर्मीको मनोवैज्ञानिक अवस्था र छिपेर रहेको राज्यको सखाप पार्ने रणनीति हुन सक्दछन्। शंकास्पद व्यक्तिहरुमा निगरानी राख्ने र पक्राउ गर्ने अधिकार ऐनले दिएको छ तर यसको प्रगोग देख्नेबित्तिकै गोली प्रहार गर्ने (Shoot at Sight) अवस्थासम्म भएका तथ्यहरु बाहिर आएका छन्। शक्तिको प्रयोगका विभिन्न अवस्थाहरुलाई विश्लेषण गर्दा मैदानमा बसेको सुरक्षाकर्मीले परिआउने सबै अवस्थामा सबै खाले

शक्तिको प्रयोग गर्ने र त्यसलाई आवश्यक पर्दा ऐनको परिधिभित्र पार्ने कार्य सजिलै हुन सक्दछ। यस ऐनले बैंक खाता रोक्का र राहदानी जफत गर्न सक्ने अधिकार पनि सुरक्षा अधिकारीलाई दिएको छ।

दफा ६ को प्रयोग विवेकयुक्त ढंगले गरिनुपर्ने प्रावधान सोही दफाको मर्मबाट बुझ्न सकिन्छ। निजी सवारी साधन, खाद्य सामाग्री वा अन्य वस्तुभित्र विवादग्रस्त क्षेत्रमा पठाउने खाद्य तथा स्वास्थ्य सामाग्रीहरु पनि पर्दछन्। खाद्य र स्वास्थ्य सामाग्री रोकिँदा आम जनसमुदायमा पर्ने असरको क्षतिपूर्ति गर्न सकिँदैन। यथार्थमा यसको प्रयोगले जनताका आर्थिक र सामाजिक अधिकारमा असर परेको पाइन्छ।

यस ऐनको दफा ७ भित्र संकटकालको विकल्प छिपेको छ। जसअन्तर्गत सरकारले आतंक प्रभावित तथा आतंककारी क्षेत्र घोषणा गर्न सक्दछ। देशका विभिन्न भागहरुलाई त्यस्ता क्षेत्रमा विभाजन गर्न सकिने अधिकार सरकारलाई दिइएको भएता पनि सरकार संकटकाल लगाउने मानसिकतामा मात्र देखियो। यसै दफाले कुनै व्यक्ति, संघ, संस्था, संगठन वा समूहलाई आतंककारी घोषणा गर्न पाउने अधिकार पनि सरकारलाई दिएको छ।

दफा ८ ले सर्वसाधारणका अनुमति प्राप्त हतियारहरु सरकारले नियन्त्रणमा लिने अधिकार सुरक्षा अधिकारीलाई दिएको छ। स्थानीय जनताहरुबाट बुझाइएका हतियारहरु यही दफाअन्तर्गत संकलन गरिएका हुन् तर त्यस्ता हतियार जफत भएको नभई फिर्ता गर्नुपर्ने हुन्छ।

दफा ९ ले शंकास्पद व्यक्तिलाई नजरबन्द ('मानवोचित ठाउँ') मा ९० दिनसम्म राख्न पाउने अधिकार दिएको छ। यस दफाको प्रावधानबाट के बुझ्न सकिन्छ भने नजरबन्द बाहेक अन्य तरिकाबाट गिरफ्तार भएका व्यक्तिहरु नियमित हिरासतमा रहने छन्, जुन प्रहरीको क्षेत्राधिकार भित्र मात्र पर्दछन्।

ऐनको दफा १० ले 'अपराध' को प्रकृति हेरी सर्वस्वसहित जन्म कैद, पाँचदेखि दश वर्षसम्म कैद, अंश कब्जा र न्यूनतम रुपमा एक महिना कैद र पाँच सय रुपैयाँसम्म जरिवाना हुने प्रावधान गरेको छ। सामान्यतया यस ऐन अन्तर्गतको अभियोग लागेका व्यक्तिहरुलाई थुनामा राखी पुर्पक्ष गर्ने व्यवस्था गरिएको छ।

दफा १२ ले आतंक प्रभावित क्षेत्र भनी घोषणा भएका ठाउँहरुमा संवैधानिक परिधिभित्र रहेका राजनीतिक पार्टीहरुलाई आफ्ना गतिविधि गर्न पाउने अवस्था प्रदान गरेको छ अर्थात् ऐनका प्रावधानहरु Blanket Provision (संकुचित खालका) हैनन् भन्ने मर्म यस दफा भित्र पाइन्छ।

दफा १३ ले अनुगमन र समन्वय सम्बन्धी व्यवस्था गरेको छ। यस ऐनको कार्यान्वयनबाट परेको मर्काको निवेदन सर्वोच्च अदालतका भुतपूर्व न्यायाधीश अध्यक्ष, रक्षा, गृह र कानुन मन्त्रालयका सचिव र नायव महान्यायधिवक्ता रहेको अनुगमन समितिमा दिने र त्यसमा समितिले 'मर्का देखिएमा त्यसको निवारण गर्न सम्बन्धित निकायलाई परामर्श दिने र सरकारलाई सुझाव दिने' जस्ता बृहद र गोलमटोल काम जिम्मा दिइएको छ। हालसम्म यस्तो अनुगमन समिति बनाइएको छैन। त्यसैगरी दफा १३.२ मा आतंककारी तथा विध्वंसात्मक कार्य रोक्न शाही नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र अन्य सरकारी निकायका जिल्ला प्रमुखहरुको समन्वय समिति क्षेत्रीय प्रशासक वा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठन गरिने व्यवस्था गरिएको छ। यो प्रावधान स्थानीय प्रशासन ऐन २०२८ को क्षेत्रीय र जिल्ला सुरक्षा समितिसँग समानान्तर प्रकृतिको छ। ऐनले कल्पना गरेको समन्वय समितिहरु बने/नबनेको, कार्यहरु भइरहेको वा नभएको तथा क्षेत्रीय र जिल्ला सुरक्षा समितिसँग यसको सम्बन्ध के-कस्तो अवस्थामा रहेको छ भन्ने यथार्थता स्थलगत भ्रमणबाट मात्र प्राप्त गर्न सकिन्छ। यद्यपि सैद्धान्तिक रुपमा एकै प्रकारका दुईवटा समितिहरु विद्यमान हुनुले अप्ठेरो सृजना भएको अनुमान गर्न सकिन्छ।

दफा १५ ले यस ऐनअन्तर्गत मुद्दा हेर्ने अधिकार र पुनरावलोकन सम्बन्धी व्यवस्था गरेको छ। जसमा सरकारलाई राजपत्रमा सूचना प्रकाशित गरी त्यस्ता निकाय तोक्ने अधिकार अख्तियार गरिएको छ। विशेष कार्यविधि प्रयोग हुने र पुनरावेदन सर्वोच्चमा लाग्ने व्यवस्था गरिएका कारण सरकारले न्याय परिषद्को परामर्शमा ऐन लागू भएको ६ महिनापछि मुद्दा हेर्ने निकायमा विभिन्न ठाउँका पाँच वटा पुनरावेदन अदालतलाई तोकेको छ। हालसम्म प्राप्त जानकारी अनुसार, यस ऐनअन्तर्गतका मुद्दाहरु त्यस्ता अदालतमा दर्ता भएको पाइएको छैन। सुरक्षाका कारणले विभिन्न ठाउँहरुबाट मुद्दा दर्ता गर्ने अदालतसम्म थुनुवाहरुलाई ल्याउन नसकिने र हिरासत वा जेलमा पनि राख्न नसकिने अवस्था भएका कारण भीडन्तमा व्यक्तिहरुको मृत्युदर बढेको हुन सक्दछ भन्ने अनुमान छ।

दफा १७ अन्तर्गतको सुरक्षाकर्मीलाई सुराकीको रुपमा प्रयोग गर्न पाउने अधिकारभित्र सादा पोशाकका हतियारधारी व्यक्तिहरुले गर्ने हत्या पर्दछ वा पर्दैन वा त्यस्तो हत्या अन्तर्राष्ट्रिय मानवीय कानुनको "झुक्याई हत्या गर्न नपाइने" प्रावधानसँग तालमेल खान्छ, खाँदैन भन्ने प्रश्नहरु छलफलका विषय बनेका छन्। त्यसैगरी साठी दिनसम्म अनुसन्धानका लागि थुनामा बस्नुपर्ने प्रावधान छिटो न्याय पाउने अधिकारसँग बाझिएको छ वा छैन भन्ने बहस पनि चलेको पाइन्छ।

दफा १९ ले आतंककारी गतिविधिका कारण घाइते, अंगभंग वा मृत्यू भएको सुरक्षाकर्मीलाई क्षतिपूर्ति दिने व्यवस्था गरेको भएता पनि यसको कार्यान्वयन केही पहुँच भएका व्यक्तिमा मात्र सीमित भएको पाइएको छ भने आतंककारी र विध्वंसात्मक गतिविधिका कारण प्रभाव परेको व्यक्ति, सुरक्षा कारवाहीमा परेको निर्दोष सर्वसाधारण व्यक्तिका आश्रित परिवार वा बदनियतपूर्वक ऐनको अधिकार प्रयोग भएको प्रमाणित भएमा क्षतिपूर्ति दिने व्यवस्था गरिएको भएता पनि यो विषय एक व्यापक अन्यौलपूर्ण र पीडादायक बनेको छ।

एकातिर सर्वसाधारणहरु पनि "आतंककारी"को सूचीमा परेका छन् भने सशस्त्र हतियारधारी शक्तिका निःशस्त्र समर्थक व्यक्तिहरु पनि शंकास्पद मुठभेडमा मारिएका छन्। सरकारले कतिपय ठाउँमा क्षतिपूर्ति दिएको पनि बुझिएको छ, तर त्यसको प्रक्रिया, मापदण्ड र छनौटका बारेमा व्यापक अन्यौलता र सरकारी इच्छाको कमी रहेको बुझिन्छ।

निष्कर्ष

राज्यले यस्ता ऐनहरु निर्माण गर्नु एकातर्फ वाध्यात्मक हो भन्न सकिन्छ भने अर्कोतर्फ राज्य आफैका गैरप्रजातान्त्रिक र गैरजिम्मेवार क्रियाकलापबाट सृजित समस्याको कारण राज्यमा व्यापक प्रजातान्त्रीकरण, समानता र जिम्मेवारी बोध नहुनु पनि हो भनिन्छ। कडा कानुनहरु नागरिक अधिकार विपरित हुन्छन्। प्रजातान्त्रिक शैलीमा सुरक्षा निकायहरुको प्रतिरोधात्मक भूमिकालाई ग्रहण गरिँदैन। तर, जब सशस्त्र विवाद हुन्छ, त्यसबेला राज्यको वैधानिकता प्राप्त सुरक्षा निकायले प्रयोग गरेको बल वैधानिक नै भएता पनि यसको प्रक्रियालाई आलोचना गर्न पाइनु पर्दछ। त्यसैगरी गैरराज्यपक्षले विद्रोहको अधिकार राख्दछन्, तर यसको प्रक्रिया आलोचनाको विषय बन्न सक्दछ।

यो ऐन मानवअधिकारका अन्तर्राष्ट्रिय प्रावधानहरु, अन्तर्राष्ट्रिय मानवीय कानुनका प्रावधानहरु, संविधानको मौलिक हक र कानुनी अधिकारहरु तथा संकटकालमा पनि अहरणीय अधिकारहरुका विपरित आएको छ। यसको संवैधानिक परीक्षण गर्न हालसम्म अदालतमा मुद्दा परेको अवस्था छैन। त्यसैगरी यस ऐनका सबै प्रावधानहरु कार्यान्वयनमा आएका पनि छैनन्। यस ऐनको दुई वर्ष अवधि समाप्त भएपछि यसै प्रकृतिको अध्यादेशले जीवन्तता दिन सक्ने अनुमान हालको राजनीतिक वातावरणमा गर्न सकिन्छ भने यस ऐनको खारेजीसँगै शान्ति प्रक्रियाको एउटा कडी शुरु हुन पनि सक्दछ। ●

बढ्दै गएको नृसंशता

– कृष्ण गौतम

जुन राज्यसत्ताका जुन कार्यको विरोधमा विद्रोह गरिएको हो, सो राज्यसत्ताको तुलनामा अझै घृणित, अमानवीय व्यवहार गर्नुलाई कसरी अग्रगामी उपलब्धीको रुपमा गणना गर्ने ? 'सदियौं पुराना सबै प्रकारका बेथिति र उत्पीडनका विरुद्ध सधैका लागि मुक्ति'को उद्देश्यले संचालित नेकपा (माओवादी) का हालका गतिविधिले नै सदियौं पुराना सबै प्रकारका उत्पीडनलाई उछिन्न थालेको छ । इतिहासमा अन्य प्रकारका उत्पीडन भएकै भए पनि हाल माओवादीले गरेका हिंसात्मक कार्यले ती सबै उत्पीडनलाई बिर्साएको छ । 'नेपाली जनताको मुक्ति'का लागि आव्हान गरेको 'जनयुद्ध'का क्रममा नेपाली जनताका विरुद्ध अपनाइएका त्यस्ता घटनाहरुका सम्बन्धमा माओवादीहरुको के कस्तो धारणा रहेको छ भन्ने सम्बन्धमा त उनीहरुले स्पष्ट गरेका छैनन् । तर एक-दुई घटनामा चिन्ता, दुःख व्यक्त गर्ने गरेको पाइएको छ । के उनीहरुबाट भएका त्यस्ता घटना दुःख र चिन्ता व्यक्त गर्दैमा सीमित वा क्षम्य हुन सक्छन् त ? यहाँ त्यस्तै केही घटनाहरु माओवादीहरुको जानकारीका लागि समेत एकमुष्ठ रुपमा प्रस्तुत गरिएका छन् । के माओवादी नेतृत्वलाई यस्ता घटनाहरु भइरहेको र त्यसबाट जनमुक्ति सम्भव छैन भन्ने थाहा छैन र ?

- धादिङ जिल्ला कटुञ्जेका एमाले कार्यकर्ता रामचन्द्र श्रेष्ठलाई ०५९ असोज २१ गते राति १२ बजेतिर पसलको सामान किन्ने निहुँमा ढोका खोल्न लगाई पसलका सामान लुट्नुका साथै अपहरण गरियो। भोलिपल्ट बिहान श्रेष्ठको खोजी भयो। घरबाट अन्दाजी ४ सय मिटर उत्तरमा लास फेला पऱ्यो। टाउकोमा खुकुरी प्रहार गरिएको, घाँटी दुवै पट्टिबाट सेरिएको, कोखा र ढाडमा खुकुरी प्रहार गरिएको, दाहिने च्यापुमा खुकुरी नै खुकुरी प्रहार गरिएको, छातीदेखि पेटको तल्लो भागसम्म चिरी आन्द्रा भुँडी निकलिएको, भालाले शरीरका विभिन्न भागमा खोपिएको र उत्तानो अवस्थामा रहेको लास फेला परेको थियो।
- रामेछाप जिल्ला बिजुलीकोट गाविस-८ का भीमबहादुर महतलाई ०५९ भदौ १६ गते राति घरबाट अपहरण गरियो। स्थानीय मंगेश्वर माविको चौरमा पुऱ्याई ढुंगाले दुवै खुट्टा भाँचियो। विभिन्न भागमा त्रिशुलले घोची प्वाल पारियो। त्यस्तो अवस्थामा उनलाई घटनास्थलमै छोडेकाले भीमबहादुर पीडा सहन नसकी कराए। परिवारका सदस्यहरु त्यहाँ पुगे। उनले पानी मागेर पिए, एकछिन कुराकानी गरे, त्यसपछि वान्ता गरे र उनको मृत्यु भयो।
- काभ्रे जिल्ला च्याले गाविसका निवर्तमान अध्यक्ष कृष्णप्रसाद सापकोटालाई ०५९ भदौ ३० गते राति घरबाट अपहरण गरी कुशादेवी र भुमेडाँडा गाविसको सिमानामा पर्ने ठाटीगैरोमा पुऱ्याई खुकुरीले छियाछिया पारी काटेर मारियो। पीडितको टाउको घटनास्थलको बाटोमा र शरीर त्यसको ५० मिटर जति तल खोल्सामा फेला पारिएको थियो।
- भोजपुर जिल्ला हेलौछा गाविस-९ का महेन्द्र राईलाई ०५९ असोज २५ गते राति माओवादीहरुले राँगो काट्ने मौलामा लगी राँगोलाईझैं घाँटीमा खुकुरी प्रहार गरी हत्या गरे ।

माथि उल्लेखित घटनाहरु नेकपा (माओवादी) द्वारा जनसाधारणको क्रुरतापूर्वक हत्या गरिएका पछिल्ला केही उदाहरण मात्र हुन्।

"नयाँ जनवादी गणतन्त्रको स्थापना"का लागि ०५२ फागुन १ गतेदेखि 'जनयुद्ध' थालनी गरेको नेकपा (माओवादी) पक्षबाट पछिल्लो चरणमा आएर मानवीय मूल्यको अत्यन्त उपहास गर्दै निर्मम ढंगले जनसाधारणमाथि श्रृङ्खलाबद्धरुपमा आक्रमण गरिंदै आएको छ।

आक्रमणका घटनाहरुमा सबै किसिमका आततायी शैलीहरु प्रयोग भएको पाइन्छ। निःशस्त्र व्यक्तिलाई कुटपिट गर्ने, हातखुट्टा भाँचिदिने, आँखा, जिब्रो निकाल्ने, शरीरका विभिन्न भागका हतियार प्रयोग गरी छियाछिया हुने गरी काट्ने, कतिलाई त्यसै छोडिदिएर तड्पाइ-तड्पाई मार्ने र कतिलाई अन्त्यमा गोली ठोकेर मार्ने गरिएका घटना सार्वजनिक भइरहेका छन्। कतिपय घटनाहरुमा गोली प्रहारबाट नमि नमरेकालाई काटेर पनि मारिदिएका छन्। मारिए पछि लासलाई समेत टुक्रा-टुक्रा पार्ने पनि गरिएको छ।

माओवादीहरुले गर्ने आक्रमणका घटनाहरु जेसुकै भए पनि सबैमा क्रुरता देखिन्छ। गुडिरहेका यात्रुबाहक बस तथा जीपलाई एम्बुसमा पार्ने काम होस् वा बम प्रहार गरेर आगो लगाउने, सबै घटनाहरुमा मानिसहरु टुक्रा-टुक्रा हुँदै मारिएका वा जिउँदै जल्दै मरेका छन्। मानिसहरुको बढी भीड हुने स्थानहरु तथा विद्यालयहरुमा बम राख्ने गर्नाले पनि अबोध बालबालिका मारिएका छन्। माओवादीले गर्ने गरेका आक्रमणको निशाना हुनबाट कुनै क्षेत्र अछुतो छैन। ८५ वर्षीय बृद्धादेखि ३ महिने बालबालिका, राजनीतिक पार्टीका कार्यकर्तादेखि वकिल, मानवअधिकारवादी वा पत्रकार, दलित, जनजाति तथा सवलाङ्गदेखि अपाङ्गसम्म सबै आक्रमणको शिकार भएका छन्।

आक्रमण थरि-थरिका

रोल्पाको हार्जङमा ०५५ माघ २७ गते एउटा घरमा बसेका व्यक्तिहरुलाई घरमा आगो लगाई आक्रमण गर्दा बालकदेखि बृद्धासम्म ९ जनाको घटनास्थलमै र एक जनाको उपचार गर्दागर्दै मृत्यु भएको थियो। सो घटनालाई हिटलरको ग्याँस च्याम्बरको पुनरावृत्तिका रुपमा चित्रण गर्दै सबै क्षेत्रबाट निन्दा गरिएको थियो।

चितवनको भण्डारामा ०५८ फागुन १० गते काठमाण्डौबाट वीरगञ्जतर्फ गइरहेको रात्री बस रोकेर यात्रुलाई ओर्लन समेत नदिई आगो लगाइदिँदा आफ्नो मामाको काखमा बसेर यात्रा गरिरहेकी ९ वर्षीय अबोध बालिका काजोल खातुन समेत ५ जनाले जलेर ज्यान गुमाउन वाध्य भए। सो घटनाको सबै क्षेत्रबाट निन्दा भएपछि माओवादी नेता डा. बाबुराम भट्टराईले असावधानी भएको जनाउँदै क्षमायाचना गरेका थिए।

सर्लाहीको सासापुरमा ०५९ कार्तिक १८ गते काठमाण्डौबाट सिराहातर्फ गइरहेका मकालु यातायातको बसमा माओवादीले पेट्रोल बम प्रहार गर्दा २ जना यात्रु बससँगै जलेर मरे भने अन्य एकजना घाइतेको अस्पतालमा उपचार गराउँदा-गराउँदै मृत्यु भयो। घटनामा मृत्यु हुनेमध्ये अञ्जु रेग्मी ७ महिनाकी गर्भवती थिइन्। उपचार गर्दागर्दै ३ दिनपछि सर्लाहीको मलंगवा अस्पतालमा उनको मृत्यु भएको थियो । त्यतिमात्र कहाँ हो र ? उनका ६ वर्षीय छोरा रविन र ४ वर्षीय छोरी रविनाको अनुहार र हातखुट्टा जलेर क्षतविक्षत भए । तिहार मनाउन आफ्नो गन्तव्यतर्फ गइरहेका अन्य कैयौं व्यक्ति जलेर घाइते भई छट्पटाइरहे।

दोलखाको चरिकोटबाट काठमाण्डौ आइरहेको बसलाई ०५९ कार्तिक २८ गते माओवादीहरु विद्युतीय धरापमा पार्दा ३ जनाको मृत्यु भयो भने २४ जना घाइते हुनपुगे। यस घटनाको सबै क्षेत्रबाट आलोचना गरिएपछि माओवादीका अध्यक्ष प्रचण्डले घटनाप्रति आफूलाई दुःख लागेको भन्दै गल्ती स्वीकार गरे।

बम जस्ता विस्फोटक पदार्थहरु यत्रतत्र राख्ने गर्नाले विस्फोटनमा परेर काभ्रेको बनेपामा एक बालकको मृत्यु भयो भने अन्य ३ जना घाइते भए। डोटीमा एक बालकले ज्यान गुमाए। त्यसको लगत्तै दाङको गंगापरस्पुरमा ७ वर्षीय अनिल चौधरीको पनि माओवादीले राखेको बम विस्फोटनमा परी मृत्यु भयो। यस श्रृङ्खलाको सुरुवातितिर रोल्पाको सदरमुकाम लिवाङमा ०५५ सालमा माओवादीले राखेको बम विस्फोटनमा गिट्टी कुटेर जिविका गर्ने परिवारका काले सुनारको मृत्यु भएको थियो र सुन्तली सुनार घाइते हुन पुगेकी थिइन्। त्यसपछि अछामको मंगलसेनमा प्रकाश ढुंगानाको सार्वजनिक धारा नजिक राखिएको बम विस्फोट हुँदा मृत्यु भएको थियो। यस्तै प्रवृत्तिको घटनामा कालिकोटको मान्म र बाजुरामा समेत बालबालिकाले ज्यान गुमाएका थिए। एक ठाउँमा भएको गल्तीबाट पाठ सिक्नुको साटो एक पछि अर्को घटना दोहोऱ्याउँदै जानु माओवादी पक्षको लापर्वाही हो वा नियत कसरी बुझ्ने ?

बाँकेको शमशेरगञ्ज गाविसमा ०५९ असार २६ गते माओवादीहरुले गाउँ नै घेरा हालेर कब्जा गरी मोतिलाल तमौली र सोहन यादवको सामूहिक हत्या गरे। यसभदा पहिले सिराहा जिल्ला अर्नमा गाविस-२ स्थित ब्रम्हपुरी भन्ने ठाउँमा सो गाविसमा तत्कालिन उपाध्यक्ष ५० वर्षीय शिवनारायण यादव र ३२ वर्षीय विजयकुमार यादवलाई आँखामा पट्टी बाँधेर ०५८ चैत ३१ गते राति अपहरण गरी घरभन्दा एक कि.मी. पूर्व खेतमा लगेर धारिलो हतियार प्रहार गरी हत्या गरेका थिए। शिवनारायणको घाँटी र छातीको माथिल्लो भाग एवं हात र खुट्टाहरुमा समेत ठाउँ-ठाउँमा काटिएको थियो।

कुनै क्षेत्र अछुतो रहेन

माओवादीहरुले आक्रमण गरी हत्या गर्ने घटनाहरुलाई विश्लेषण गर्ने हो भने कुनै क्षेत्र/ वर्ग/ पेशा/ आदि अछुतो छैन, सबै हिंसाको शिकार भएका छन्।

रुकुमका यदु गौतम, हरिभक्त ओली, बाँकेका शंकर शाह, बर्दियाका गोविन्द पौडेल वा कपिलवस्तुका आदित्यमणि ज्ञवालीदेखि ०५९ कार्तिक २८ गते कैलालीको धनगढीमा मारिएका पूर्व सांसद चक्रबहादुर डगौरा चौधरी र ०५९ मंसिर २ गते कैलालीकै टिकापुरका हरिहर अधिकारीसम्म थुप्रै राजनीतिक कार्यकर्ताहरु माओवादीबाट मारिएका छन्।

राजनीतिक कार्यकर्ताहरुपछि शिक्षकहरु माओवादीबाट मारिएका छन्। ती मध्ये केही अत्यन्त क्रुर ढंगले मारिएका छन्। लमजुङ जिल्ला दुराडाँडास्थित पाणिनी संस्कृत मा.वि.का प्रधानाध्यापक ४५ वर्षीय मुक्ति अधिकारीलाई ०५८ माघ ३ गते दिउँसो विद्यालयमा पढाइरहेको अवस्थामा माओवादीहरुले अपहरण गरी हात कम्मरको पछाडि लगी बाँधेर खुट्टामा पनि लामो फड्को मार्न नमिल्ने गरी डोरीले कसेर उनको घरको बाटो हुँदै चन्द्रपाटा भन्ने ठाउँमा पुऱ्याई पानी ट्याङ्की पछाडि उत्तीसको रुखमा झुण्डाएर गोली हानी हत्या गरे। उनलाई पहिला दुवै हात पछाडि फर्काइ रुखमा बाँधेर घाँटी गलबन्दीले कसियो, छट्पटाइरहेको अवस्थामा दाहिने काँध र माथिल्लो पेटमा छुरी धसियो र अन्त्यमा कञ्चटमा गोली हानिएको थियो।

विभत्स ढंगले शिक्षकहरुको हत्या गर्नेक्रममै ०५८ माघ १० गते मोरङ जिल्ला केराबारी गाविस-६ आमगुजी प्रा.वि.का शिक्षक रेवतबहादुर तुम्बाहाम्फे (लिम्बु) लाई विद्यालयबाट बाहिर ल्याई नाँगै पारेर धारिलो हतियारले शरीरको विभिन्न भागहरुमा खुकुरी प्रहार गरी हत्या गरियो।

त्यसैगरी ०५९ जेठ १८ गते धादिङ जिल्ला मुरलीभञ्ज्याङ गाविसमा पर्ने पाल्पा सामरी भञ्ज्याङ निमाविका प्रधानाध्यापक मिनबहादुर श्रेष्ठलाई चन्दा नदिएको आरोपमा माओवादीले घरबाट बाहिर निकाली गर्धन, पेट र छातीमा खुकुरी प्रहार गर्नुका साथै भाला प्रहार गरी आन्द्राभुँडी निकाली हत्या गरे। ०५९ कार्तिक १ गते म्याग्दी जिल्ला सिंगा-४ का शिक्षक मणिलाल शर्मालाई घरबाट माओवादीहरुले बोलाई केही माथि स्थानीय प्रावि नजिकै हत्या गरे।

कैलाली जिल्ला पथरैया गाविसकी ८५ वर्षीय बृद्धा लालमतिदेवी जोशीलाई ०५९ जेठ २१ गते एक समूहमा आएका माओवादीहरुलाई खाना खुवाउन सक्दिन भनेपछि माओवादीहरुले उनको ज्यानै लिए। दाङको सतवरीया गाविसमा ठकुरी थरका ७० वर्षीय एक बृद्धलाई किलो ठोक्ने मुढाले हिर्काइ निर्ममतापूर्वक हत्या गरियो। बर्दियाको मनाउ गाविस- का ७२ वर्षीय अमृतमान श्रेष्ठलाई घरबाट बाहिर निकालेर बन्दुकको कुन्दा, बाँसको लाठीले हिर्काइ मारियो र उनका छोराको

समेत हातखुट्टा भाँचियो। त्यो घटनामा पनि माओवादीहरुले नारा जुलुस गरेका थिए।

भर्खरै मात्र वाग्लुङ नपा-२ का ७६ वर्षीय भूमिराज गौतम क्षेत्री (के.सी.) लाई ०५९ कार्तिक २५ गते वाग्लुङकै पाला गाविस-५ खिलिखेतमा खलो खुर्कदै गर्दा बेलुका ६ बजेतिर अपहरण गरी लगेकोमा २६ गते भीम पोखरा गाविस-३ मा पुऱ्याई विभत्स ढंगले मारिएकोमा लास फेला पऱ्यो।

परिवारमा कसैको मृत्यु भएको शोकमा किरिया बसिरहेका व्यक्तिहरुको पनि अपहरण र हत्या भएको छ। पाल्पा झुडेवा गाविस-६ का ५५ वर्षीय रविकुमार थापालाई ०५९ असार १ गते दाजुभाइसँगै आमाको किरिया बसिरहेको अवस्थामा माओवादीहरुले बाहिर बोलाई नजिकैको गोठमा लगेर खुकरी प्रहार गरे र अन्तमा गोली हानेर मारे। दाङ जिल्लाको श्रीगाउँ गाविसमा आफ्नो बाबुको मृत्युमा किरिया बसिरहेका तारानाथ योगीलाई बाहिर बोलाई सडक बाटोमा पुऱ्याई हत्या गरियो। त्यसैगरी ताप्लेजुङ जिल्लामा पनि एक जना शिक्षकलाई किरिया बसिरहेको अवस्थामा हत्या गरियो भने उनका छोरालाई घाइते बनाइयो।

दलित र जनजातिका अधिकारको आवाज उठाउँदै आएको माओवादी पक्षबाटै सल्यानका हरिहर नेपाली, स्याङ्जाका गुप्तबहादुर वि.क. र रुकुमका सन्तबहादुर विक मात्र होइन, दोलखाका मित्रलाल तामाङ, ताप्लेजुङका महिन्द्र कामादेन काम्चा, खोटाङका मुस्कान राई लगायत्का व्यक्तिहरुको हत्या भयो। बारामा मारिएका अजिज मिया अल्पसंख्यक मुश्लिम समुदायका थिए भने सुर्खेतको जर्बुटा गाविसमामा मारिएका यमबहादुर चुनारा दलित समुदायका र अपाङ्ग समेत थिए।

केही समययता माओवादी पक्षबाट विकासका संरचनाहरु माथि आक्रमण गर्ने काम शृङ्खलाबद्ध रुपमा बढ्दै आएको छ। ओखलढुंगामा खानेपानीको पाइप लाइन काट्ने, झोलुङ्गे पुलहरु ध्वस्त पार्ने जस्ता क्रियाकलाप भएका छन्। देशभरि नै गाविस भवन नष्ट गर्ने अभियान थालिएको छ। स्वास्थ्य चौकी, हुलाक, विद्युत गृह आदिमा आक्रमण गरी भत्काउने, आगो लगाउने गरिएको छ। जिल्ला सदरमुकामहरुमा आक्रमण गर्ने क्रममा सबै सरकारी कार्यालयहरुमा आगो लगाई नष्ट गरिँदैछ।

तत्कालीन संयुक्त जनमोर्चाका अध्यक्ष डा. बाबुराम भट्टराईले "जनयुद्ध" शुरु गर्नु अघि सरकारसमक्ष पेश गरेको ४० सूत्रीय मागमा "गाउँ-गाउँमा खानेपानी, बाटोघाटो र बिजुलीको व्यवस्था गरिनु पर्छ। अनाथ अपांग, वृद्ध र बालबालिकाहरुको उचित संरक्षणको व्यवस्था गरिनु पर्छ" भन्ने उल्लेख गरिएको थियो। तर माग गर्ने पक्षले नै अहिले गाउँ-गाउँको खानेपानी र बाटोघाटो, पुलपुलेसा भत्काउने, बिजुली गृह र प्रशारणका लाइन ध्वस्त पार्ने, अनाथ बालबालिकाहरु राखिएका बालग्रामहरुमा आगो लगाउने, बृद्ध र बालबालिकाहरुको विभिन्न आरोप र वहानामा हत्या गर्नुले 'जनयुद्ध' कुन दिशातिर गइरहेको छ ? त्यसका संचालकहरुले सोच्नुपर्ने भएको छ। सशस्त्र समूहले निःशस्त्र सर्वसाधारणको हत्या गर्नु क्रान्तिकारिता होइन, त्यस्तो आक्रमण कायरता हो भन्नु अत्युक्ति नहोला। घर परिवारको रोजी रोटीका लागि प्रहरी, सेनामा जागीर खान खोज्ने वा खाएकाहरुलाई भौतिक रुपमै समाप्त पार्नु कदापि उचित होइन। सुर्खेत, मैनतडा गाविसका डिलबहादुर वि.क. र पर्शुराम वि.क. लाई विदामा घर गएको अवस्थामा र दैलेख नारायण नपा-१ का श्याम कोइरालालाई प्रहरी सेवामा जागीर खान फाराम भरेकै कारण हत्या गरिएको छ। माओवादीहरुले आक्रमण गरी हातखुट्टा भाँचिदिएर घाइते बनाएका व्यक्तिहरुलाई उपचार गर्नबाट समेत वञ्चित गर्ने गरेका थुप्रै घटनाहरु दोहोरिँदै आएका छन्। माओवादीहरुले न्यूनतम मानवीय संवेदनशीलतालाई समेत ख्याल नगरी रेडक्रस तथा बिरामी बोकिरहेका अन्य सवारी साधनलाई समेत आक्रमण गर्ने, कब्जा गर्ने तथा क्षति पुऱ्याउने जस्ता क्रियाकलाप गरेका छन्।

पुरानो राज्य संरचनालाई ध्वस्त गरी नयाँ राज्य सत्ता प्राप्ति गर्नु भनेको पुराना राज्य सत्ताले बनाएका वा उपयोग गरेको भौतिक संरचना नै ध्वस्त पार्ने पुरानो राज्य सत्तामा जागीर खाएकाहरुलाई भौतिक रुपमै समाप्त पार्ने होइन, न त पुरानो राज्य सत्ताका जनतालाई नै सिध्याएर नयाँ जनता खोज्नु हो। तर, माओवादीका व्यवहारले त पुराना सबै खत्तम पार्न खोजेको पाइन्छ। हिजो पञ्चायतकालका गाउँ पञ्चायत, नगर पञ्चायत, जिल्ला पञ्चायतहरु बहुदलीय व्यवस्थाको पुनर्स्थापना पछि गाविस, नगरपालिका, जिल्ला विकास समितिमा परिणत भए पनि भवन तथा अन्य भौतिक सामाग्रीहरु तिनै छन्। माओवादीले राज्य सत्ता हात लिए भने पनि गाउँ जनसरकार, जिल्ला जनसरकार वा त्यस्तै कुनै नाम भएका निकाय स्थापना गरे भने पनि अहिलेका भवन र भौतिक सामाग्री प्रयोग हुन सक्दैन होला र ? कर्णाली जस्तो दुर्गम क्षेत्रमा हेलिकप्टरबाट सामाग्रीहरु ओसार्न बनाइएको विमानस्थल, आवतजावतका लागि बनाइएका पुल पुलेसा, सर्वसाधारणको दैनन्दिन सरोकार रहने सरकारी भवनहरु आदि आवश्यक नपर्ला र ? यो कस्तो सोच ? मानिस जन्मँदै कुनै राजनीतिक विचार वा वाद लिएर जन्मने र त्यही विचारसँगै मर्ने होइन। विचार, आस्था परिवर्तन हुन सक्छ, कुनै



विचार र आस्था राखेकै कारण कसैलाई मारिहाल्नु कतिसम्म उचित छ ? हिजो एमालेबाट सांसद बन्नु भएका शिवराज गौतम आज माओवादीको किसान फाँटका नेता हुनुहुन्छ। राप्रपा, काँग्रेस आदि पार्टीका कतिपय कार्यकर्ता पनि आज माओवादी बनेका छैनन र ? आज भूमिगतरुपमा गतिविधि संचालन गरिरहेको नेकपा (माओवादी) कुनै दिन खुल्ला पार्टी बन्ला। त्यतिबेला उसले जनतासमक्ष खुल्लारुपमा जानुपर्ला भन्ने कुरा कदापि बिर्सनु हुँदैन। जुनसुकै अवस्थामा पनि जेनेभा महासन्धिको साझा धारा ३ मा उल्लेखित मार्ग निर्देशक सिद्धान्तलाई पालना गर्नु आफ्नो दायित्व भएको कुरा माओवादीले बिर्सनु हुँदैन। विद्रोहको नाममा मानवअधिकार उल्लंघन र ज्यादती कुनै पनि रुपमा स्वीकार्य हुँदैन भन्ने कुरा आफैमा आत्मसात गर्नु पर्छ। त्यस्ता कामहरु फौज्दारी कानुन र अन्तर्राष्ट्रिय मानवीय कानुन अन्तर्गत कारवाहीको कठघरामा उभिनु पर्छ भन्ने कुरा बिर्सनु हुँदैन।

१८ वर्षसम्म युद्ध गर्दा ६० हजार भन्दा बढीले ज्यान गुमाइ सकेपछि श्रीलंकाका तमिलहरु वार्ताको टेबुलमा आएका छन्। दक्षिण अमेरिकी मुलुक एल साल्भाडोरमा सन् १९८१ देखि फाराबुण्डो मार्टी नेशनल लिवरेशन फ्रन्टले संचालन गरेको युद्धबाट ७५ हजार साल्भाडोरेली मारिए र ध्वंसबाट २ अर्ब डलर बराबरको क्षति भयो। वार्ताबाट एक दशक पछि शान्ति सम्झौता सम्पन्न भयो। हामीले पनि श्रीलंका र एल साल्भाडोरबाट पाठ सिक्नु हुँदैन र ? वा हामीले पनि तिनै देशका क्षतिको तुलनामा पुगेपछि मात्र सोच्ने ? यी सबै उदाहरणले अन्ततः अपुरणीय मानवीय क्षति गुर्न बाहेक थप उपलब्धी गरेको नेखिएकोले त्यसबाट पाठ सिकेर समयमै उपयुक्त विकल्प खोज्नु बुद्धिमानी हुनेछ। त्यसका लागि विद्रोही पक्षका साथै संस्थापन पक्षले पनि जिम्मेदारी बोध गर्नु आवश्यक छ। ●

निर्वाचन पर्यवेक्षणमा देखिएका घतलाग्दा कुरा

– दशरथ बुढाथोकी

पाकिस्तानमा राष्ट्रिय निर्वाचन घोषणा भए पछि एशियन नेटवर्क फर फ्री इलेक्शन (एन्फ्रेल) ले निर्वाचन पर्यवेक्षण गर्ने निर्णय गऱ्यो। एन्फ्रेलले लामो समयका लागि (LTO) र छोटो समयका लागि (STO) गरी दुई किसिमको पर्यवेक्षकको व्यवस्था गरेको थियो। त्यसमध्ये ६ वटा मुलुकबाट ६ जनालाई लामो समयका लागि छनौट गरिएको थियो, जसमध्ये म पनि एक थिएँ। मैले आफूलाई मानसिकरुपमा छोटो समयका लागि तयार गरेको थिएँ किनकी त्यसो भएको भए मैले स्नातकोत्तर दोश्रो वर्षको परीक्षा दिन भ्याउने थिएँ। तर इन्सेकबाट लामो समयका लागि सिफारिस गरेर पठाइएकाले मेरो नाम स्वीकृत भएर आयो। त्यसैले म परीक्षा छाडेर जानुपर्ने भयो। तत्कालीन अवस्थामा निर्वाचन घोषणा भइसकेको र नहुने भन्ने निर्णय भइनसकेको हुँदा यो वर्षको परीक्षा निर्वाचनको नाममा तिलाञ्जली दिने विचार गरेर ०५९ भदौ १९ गते बैंकक हुँदै राती २ बजे पाकिस्तानको लाहोरस्थित ह्युमन राइट्स कमिशन अफ पाकिस्तान (एचआरसीपी) को कार्यालयमा पुगें। त्यसै रात अन्य मूलुकबाट पनि अन्तराष्ट्रिय पर्यवेक्षकहरु लाहोर पुगिसकेका थिए। २० गते बिहान १० बजेदेखि एचआरसीपीका निर्देशक आई.ए. रहमान र तालिम तथा सेमिनार संयोजकले त्यहाँको राजनीतिक स्थिति, राजनीतिक दलहरुको अवस्था र सामाजिक/साँस्कृतिक अवस्थाको बारेमा जानकारी गराउनु भयो। निर्वाचन पर्यवेक्षण टोलीका संयोजक सोमश्रीले लामो समयको पर्यवेक्षकहरुको भूमिकाबारे प्रष्ट पार्नुका साथै आवश्यक सन्दर्भ सामग्री पनि उपलब्ध गराउनु भयो। लामो समयको पर्यवेक्षकहरुमा नेपाल, श्रीलंका, बंगलादेश, जापान, मलेशिया र थाइल्याण्डका व्यक्तिहरु थिए। मलाई पाकिस्तानको सबैभन्दा कम विकसित प्रान्त बलुचिस्तानमा खटाइयो। म बलुचिस्तानको सदरमुकाम क्वेटाको लागि भदौ २१ गते प्रस्थान गरें। मेरो सहयोगका लागि एचआरसीपीले मन्जुर हुसैन भन्ने साथीलाई एक महिनाका लागी खटाइसकेको रहेछ। विमानस्थलमा पुग्दा उनी मलाई लिन आइसकेकाले कुनै समस्या झेल्नु परेन। उनले मेरा लागि मध्यशहरको एक होटलमा कोठा व्यवस्था गरिदिए।

क्वेटा पुगेपछि मैले एकदमै अप्ठेरो महसुस गरें। चारैतिर नाङ्गो पहाड, बीचमा ऐतिहासिक शहर- क्वेटा। मानिसले लगाएको बाहेक आफै उम्रेको रुख विरुवा शहर र वरिपरिका क्षेत्रमा एउटा पनि देख्न पाइन्न। शुरु-शुरुमा त मलाई सास फेर्न पनि निकै अप्ठेरो महसूस भयो। जता हेऱ्यो त्यतै सुख्खा नाङ्गा पहाड मात्र देखिन्छन्। वैराग लाग्ने खालको ठाउँ। त्यस प्रान्तमा ६ वर्षदेखि पानी नपरेको कुरा स्थानीय बासिन्दाले बताए। फलफूलका बिरुवा पानी नपाएर मर्न थालेका थिए। नदी-नाला र पुल-पुलेसाहरु प्रशस्त देख्न पाइन्छ तर पानीविनाका। पानी निकाल्न ७ सयदेखि एक हजार फिटसम्म खनेर निकाल्नु पर्दोरहेछ। यस्तो अवस्था हुँदाहुँदै पनि बलुचिस्तानका केही जिल्ला फलफूल निर्यात गर्ने प्रान्तमा पर्दारहेछन्। निर्यात गर्ने फलफूलहरुमा स्याउ, अंगुर, नासपाती र तरभूजा रहेछन्। त्यस क्षेत्रका मानिसहरुको खानपिन प्रायः एकै किसिमको हुँदो रहेछ। प्रायः सबै बलुचिस्तानीहरु रोटी, सब्जी र मासु खाँदा रहेछन्। रोटी पनि नाङ्गलो जत्रोसम्म हुँदोरहेछ। एक ठाउँमा सबै चिज राख्दारहेछन् र परिवारका सबैजना एकै ठाउँमा बसेर सबैले सबैको जुठो खाँदा रहेछन्। परिवारमा मात्र हैन, राजनीतिक दलका नेता, कार्यकर्ताहरुलाई भेट्न जाँदा पनि त्यस्ता दृश्य हेरें। एक ठाउँमा सबै चिज राखेर करिब १५-२० जना वरिपरि बसी सबैले झिक्दै खाएको धेरै ठाउँमा पाएँ। यस सम्बन्धमा मेरो दोभाषे साथीसँग जिज्ञासा राख्दा उनले भने- "यदि जुठो खाएन भने माया बढ्दैन, एकले अर्कालाई माया गर्दैन भन्ने अर्थ लाग्छ। त्यसैले माया र आफन्तको भाव बढाउन पनि एकले अर्काको जुठो खानु पर्छ"।

एकदिन त म निकै छक्क परें। सरकारी समर्थन भएको ग्र्याण्ड नेशनल एलायन्स (जीएनए) ले चुनावको १०-१२ दिन अघि आमसभा आयोजना गरेको थियो। त्यो कार्यक्रम हेर्न म पनि गएँ। दिउँसोको समय भएकाले निकै गर्मी थियो। केही केटाहरु बाल्टीमा सर्वत राखेर हातमा ग्लास लिई डुलाउँदै बेच्दै थिए। तर, मैले ग्लास पखालेको देखिनँ। उसले एउटै ग्लास नपखाली बाल्टीमा चोप्दै सबैलाई सर्वत बेचेर पैसा बटुल्दै थियो। सर्वत पिउनेहरुले पनि कुनै अप्ठेरो मानेका थिएनन्। यो देखेर मैले मन्जुरलाई भनें "यदि यी मध्ये कसैलाई सरुवा रोग लागेको रहेछ भने त सबै अनाहकमा बिरामी हुन्छन्, हैन र ?" उसले पनि त्यो कुरा स्वीकार गऱ्यो र लाचारी व्यक्त गऱ्यो- "तर यो चलन हटाउनै सकिँदैन।"

बलुचिस्तानमा अर्को अनौठो कुरा- शाकाहारी भन्ने त्यति बुझ्दा रहेनछन्। म शाकाहारी भएकाले एउटा होटलमा गएर "खाना र भाँडाकुँडा भिन्दाभिन्दै डाडू छ कि एउटैले सबै चलाउने गरेको छ ?" भनेर सोध्दा यो कस्तो अचम्मको प्रश्न हो भनेर होटलवाला छक्क पऱ्यो। यसको अर्थ के हो भने त्यहाँका सबै मानिस मांसहारी हुँदा रहेछन्। शाकाहारीले खानाको निकै ठूलो समस्या भोग्नुपर्ने रहेछ। मैले आफू बसेको होटल बाहेक अन्यत्र खाना खाँदा कहिल्यै पनि सब्जी खाइन। प्रायः ठाउँमा अत्यधिक गाई काटेर झुण्ड्याइएको देखेर पनि मैले सब्जी खान सकिन।

पाकिस्तानमा केही कुरामा भने एकदमै समानता रहेको पाएँ। जस्तैः लवाइ र खवाइमा प्रायः एकरुपता थियो। केटा, बुढा, तन्नेरी, धनी, गरीब स्कुले विद्यार्थी सबैले कमीज सुरुवाल लगाउँदा रहेछन्। गाउँका घरहरु सबै एकैखाले हुँदा रहेछन्। सबै ठाउँमा चारैतिर करिब ८ फिटसम्मको उचाई भएको माटोको पर्खाल लगाउँदा रहेछन्। अर्को समानता- सबै महिलाहरुले बुर्का लगाएको पाएँ। त्यसैगरी जहाँ पनि अतिथि सत्कार गर्ने तरिका एकै प्रकारको पाएँ, चाहे त्यो राजनैतिक पार्टीको कार्यालयमा होस् वा सरकारी कार्यालयमा वा गाउँघर। नचिने पनि सबैले सबैसँग हात मिलाउने, हालखबर सोध्ने र खानपिनको सम्बन्धमा अनुरोध मात्र होइन, तुरुन्तै व्यवस्था पनि गरिहाल्दा रहेछन्। मैलै पर्यवेक्षणको दौरानमा धेरै ठाउँमा सत्कार पाएँ, खास गरेर राजनीतिक पार्टी र सरकारी कार्यलयहरुमा। एक दिन पस्तुनख्वा मिली अवामी पार्टीले हामी समक्ष "सारागुड्गी गाउँमा पीएमएल क्यूका मानिसले हाम्रा मानिसलाई कुटपिट गरे" भनेपछि हामी सो गाउँमा पुग्यौं। त्यहाँको एउटा किराना पसलमा गएर सो घटनाको बारेमा खोजबिन र त्यहाँका मानिसहरुसँग अन्तरवार्ता लिन थाल्यौं। त्यसैबीच उक्त किराना पसलको मानिसले सर्वत बनाएर ल्याइसकेछ। हामीले पैसा दिन खोज्यौं तर उसले "तपाईंहरु हाम्रो पाहुना हो। त्यसैले यो हाम्रो कर्तव्य हो। बरु खाना खाएर जानु पर्दछ।" भन्यो र त्यसका लागि कर गर्न थाल्यो। तर हामी आफ्नो काम सकिनेबित्तिकै त्यहाँबाट हिँड्यौं।

बलुचिस्तानका जनताले राजनीतिमा खासै चासो लिएको पाइएन। हुनत सरकारद्वारा निर्वाचनको दौरानमा नारा-जुलुस र प्रदर्शन गर्न रोक लगाइएको हुनाले सडकका छेउछाउमा पार्टीका झण्डा र ब्यानरहरु मात्र झुण्ड्याएको देखिन्थ्यो। सर्वसाधारणहरु निर्वाचनको बारेमा त्यति कुरा गर्न रुचाउँदैनथे। जनता भोट दिँदा-दिँदा वाक्क भइसकेका रहेछन्। तर उपलब्धी भने नगन्य रुपमा भएकाले जनता भोट दिन अनिच्छुक रहेको पाइयो। यसलाई के कुराले पनि पुष्टी गर्दछ भने- हामी जीएनएको चुनावी आमसभामा पर्यवेक्षण गर्न एउटा अटो रिक्सामा गइरहेका थियौं। रिक्सावाल करिब ५०-५२ वर्ष जतिको थियो। उसलाई मैले "कसलाई मतदान गर्छौ ?" भनेर सोधेको मात्र थिएँ, उसले थुक्क थुकेर राजनीतिक नेताहरुलाई गाली गर्न थाल्यो। आमसभामा शुरुमा त मानिसहरु निकै

नारा लगाउँदै आएका थिए तर नेताहरुले भाषण गर्न थालेपछि कम्पाउण्ड बाहिर निस्कन थाले। जनतामा कार्यक्रम र भाषणमा कुनै चासो वा आकर्षण थिएन। निर्वाचनमा प्राय: उमेद्वार कविलाका सरदार र जमिन्दारहरु भएकाले उनीहरुले जबर्जस्ती ल्याएका जस्ता देखिन्थे।

अर्को कुरा, बलुचिस्तान कविला प्रथाबाट अति प्रभावित भएको रहेछ। त्यहाँ हाम्रो जस्तो जातीय प्रथा छैन। तर त्यहाँका मुस्लिमहरु अति धेरै कविला/उपकविलाहरुमा विभाजित रहेछन्। सिया र सुन्नी मुस्लिमहरुबीच धेरै हत्या/हिंसा भएको रहेछ। पाकिस्तानमा करिब २० प्रतिशत मात्र सिया रहेको पाइयो। सुन्नीले सियालाई मुस्लिममा गणना नै गर्दो रहेनछ। मेरा सहयोगी साथी हजारा कविलाको भएकाले उनीहरु पनि सिया रहेछन्। उसको भनाई अनुसार मुसर्रफ सत्तामा आएपछि मात्र सियाहरुले राहत र शान्तिको महसुस गरेका छन्। प्राय: हरेक राजनीतिक पार्टीमा कविला नेता र सरदारहरुको बोलवाला र पहुँच भएको पाइयो। बलुचिस्तानमा क्षेत्रीय पार्टीहरु ४-५ वटा छन् तर ती सबै कविलाका सरदारहरुकै पकडमा छन्। जस्तै: पस्तुनख्वा मिली अवामी पार्टीको अध्यक्ष मोहम्मद खान अचेक्जाइ भनेको अचेक्जाइ कविलाका नेता हुन्। त्यस्तै बलुचिस्तान नेशनल मुभमेण्ट (मेङ्गल) नामक अर्को पार्टी छ। त्यसको नेता अख्तर मेङ्गल हुन्, जो स्वयं मेङ्गल कविलाका नेता हुन्। कविलाका नेता निकै शक्तिशाली मानिँदारहेछन्। कुनै-कुनै जिल्लामा त उनीहरुको मात्र शासन चल्दोरहेछ। डेरा बुग्टी भन्ने जिल्लामा अहिले पनि अकवर खान बुग्टीको शासन चल्छ। उसको आफ्नै जेल छ। त्यस जिल्लाको सर्वेसर्वा अकवर खान बुग्टी नै हुन् भनेर क्वेटाका धेरै मानिसले जानकारी गराए र यदि त्यस जिल्लामा जाने हो भने सरकारी निकायलाई जानकारी दिएर मात्र जानुपर्ने, अन्यथा समस्या हुने सचेत गराए। कविलाका सरदारहरुले जसलाई समर्थन गर्छन्, त्यहाँ उसैले चुनाव जित्दोरहेछ।

यस वर्ष मात्र सरकारले कानुनमार्फत् महिलाहरुका लागि प्रान्तीय र राष्ट्रिय दुवै सभामा केही स्थानको आरक्षण व्यवस्था गरेको रहेछ। महिलाहरु चुनावमा प्रतिस्पर्धा गर्नु नपर्ने तर जुन पार्टीले बढी स्थान हासिल गर्छ, त्यसैको आधारमा महिलाहरु मनोनित हुँदारहेछन्। निर्वाचनमा सिधै प्रतिस्पर्धामा जाने त एक प्रतिशत पनि हुँदा रहेनछन्। यसमा पाकिस्तानको धर्म, संस्कार, सामाजिक मूल्य-मान्यता, सामाजिक बनोट र शिक्षाले ठूलो नकारात्मक भूमिका खेलेको रहेछ। प्राय: सार्वजनिक स्थलहरुमा महिला र पुरुषलाई धर्मकै आधारमा छुट्याइएको छ। स्कूल, कलेज, बस, भाषा सिक्ने संस्था, साइबर क्याफे, मतदान केन्द्र आदि महिला र पुरुषका लागि अलग-अलग रहेछन्।

मैले निर्वाचनको दिन दुईवटा जिल्लाका अति संवेदनशील, संवेदनशील र सामान्य गरी ३ किसिमका १३ वटा मतदान केन्द्रको निर्वाचन पर्यवेक्षण गरें। किला अब्दुल्ला जिल्लाको गुलिस्तान भन्ने ठाउँलाई प्रशासनले अत्यन्त संवेदनशील भनेकाले मलाई त्यहाँको पर्यवेक्षण गर्न मन लाग्यो। त्यसैले निर्वाचन हुनुभन्दा दुई दिन अघि पर्यवेक्षण गर्ने मतदान केन्द्रको जानकारी लिन म किला अब्दुल्ला र पिसिन जिल्लाका केही अति संवेदनशील, संवेदनशील र केही सामान्य मतदान केन्द्रको अनुगमन गर्न असोज २२ गते (अक्टोवर ८ तारिख) बिहानै त्यतातिर लागें। त्यसैदिन म, मञ्जुर हुसैन, कम्बोडियन साथी सोभान र एचआरसीपीका कार्यक्रम संयोजक फरिद किला अब्दुलाको स्थानीय प्रशासकलाई जानकारी दिएर गुलिस्तान गयौं। हामी त्यस क्षेत्रतिर जानुअघि केही स्थानीय मानिसले "सुरक्षाको व्यवस्था गरेर जानु, त्यो एकदमै खतरनाक ठाउँ छ। त्यहाँका मानिसहरु त रकेटलञ्चर समेत प्रयोग गर्छन्। एक आपसमा मारामार गर्छन्। कविलाहरुको बीचमा मतभेद भएर गाउँका गाउँ सखाप भएको छ" भनेर जानकारी गराए। त्यसपछि मलाई त्यस क्षेत्रको बारेमा जान्न झनै मन लाग्यो। तुरुन्तै त्यता लागेर विना बाधा गुलिस्तानका ४ वटा मतदान केन्द्रको निरीक्षण गरेर हामी सोही दिन पिसिन पुग्यौं। हामीलाई गुलिस्तानको नाजिम (जनप्रतिनिधी) ले मतदान केन्द्र निरीक्षण र त्यो गाउँका बारेमा जानकारी गराए। त्यसपछि हामी पिसिनको सदरमुकाम पुगेर जिल्ला प्रशासकीय अधिकृत, जिल्ला संयोजन अधिकृत र एस.पी.लाई भेट्यौं र हाम्रो उद्देश्य जानकारी गराउँदै गुलिस्तानलगायत् अन्य ठाउँ घुमेर आएको कुरा पनि बतायौं। एस.पी.ले हामी विनासुरक्षा एक्लै गएकोमा चिन्ता व्यक्त गर्दै आइन्दा विनासुरक्षा जिल्लाका खतरनाक र संवेदनशील क्षेत्रमा नजान सल्लाह दिए र त्यस जिल्लाको मतदान केन्द्र निरीक्षण गर्न हाम्रो सुरक्षार्थ प्रहरी खटाइदिए। बेलुका करिब ८ बजेतिर हामी क्वेटा पुग्यौं र एचआरसीपीका उपाध्यक्ष जहुर अहमद सहवानीलाई हामी घुमेर आएको ठाउँबारे जानकारी गरायौं। गुलिस्तानको नाम सुनेपछि उनी हामीसँग एकछिन रिसाए र भने "यदि तिमीहरु त्यस ठाउँमा जान्छौ भन्ने थाहा पाएको भए म तिमीहरुलाई जान दिन्नथें।" त्यसपछि मैले निर्वाचनको दिन पनि म ती ठाउँहरुमा पर्यवेक्षण गर्न जान्छु भनेपछि उनले त्यहाँ नजान अनुरोध गर्दै जहाँ खतरा छैन त्यहाँ पर्यवेक्षण गर्न सुझाव दिए। त्यसपछि मैले भनें "यदि सुगम र जहाँ खतरा छैन, धाँधली हुने सम्भावना पनि छैन भने त्यहाँ पर्यवेक्षणको के अर्थ हुन्छ ? त्यसैले म गुलिस्तानलगायत् अन्य संवेदनशील क्षेत्रमा पर्यवेक्षण गर्न जान्छु।" निर्वाचनको दिन म त्यस ठाउँमा पर्यवेक्षण गर्न गएँ। सरकारले सुरक्षा (सैनिक र प्रहरी) को व्यवस्था गरेकाले पनि खासै समस्या झेल्नु परेन।

निर्वाचनको दिन सरकारले भन्दा पनि जहाँ जसको प्रभाव र शक्ति छ, त्यसैले बुथ क्याप्चर गरेको पाइयो। निर्वाचनमा खटिएका कर्मचारीहरुले पनि शक्तिवालकै पक्षमा वकालत गरेका थिए। प्राय: दुर्गम ग्रामीण क्षेत्रमा बढी धाँधली भएको पाइयो। यस्ता क्रियाकलापमा महिलाहरु पनि अत्यधिक मात्रामा संलग्न हुँदारहेछन्। केही ठाउँमा त एक जना महिलाले ५ पटकभन्दा बढी मत खसालेको पाइयो। यसको कारणबारे अध्ययन गर्दा के पाइयो भने महिलाको परिचय पत्रमा फोटो टाँसिएको हुँदोरहेनछ, औंलाको छाप मात्र हुँदो रहेछ। औंलामा लगाएको मसीको चिन्ह आलु काटेर दलेपछि तुरुन्तै सफा हुँदो रहेछ। अनुहारमा बुर्का लगाएर अर्को परिचय पत्र लिएर आएपछि ऊ त्यही महिला हो कि होइन भनेर छुट्याउन कठीन हुनेरहेछ। त्यसैले राजनीतिक पार्टीहरुले धाँधलीमा महिलाहरुलाई प्रयोग गर्दारहेछन्। जिल्ला सदरमुकाममा भने कुनै किसिमको धाँधली भएको पाइएन। निर्वाचनलाई लिएर जिल्ला सदरमुकाम र शहरी क्षेत्रमा आफूहरु सन्तुष्ट भएको सबै राजनीतिक पार्टीका एजेन्टहरुले बताए। निर्वाचनको धाँधली र राजनैतिक पार्टीले पालना गर्नुपर्ने आचार संहिताबारे मैले निर्वाचन आयोगमा गएर जानकारी लिँदा खासै उल्लंघन नभएको जानकारी गराइयो। मैले प्राप्त गरेका सूचनामा सरकारवादी पार्टीले नाजिममार्फत् व्यापकरुपमा गहुँको पिठो र ट्यूबवेल वितरण गरेको केही प्रमाण भएको जानकारी गराएँ तर निर्वाचन आयोग गहुँको पिठो वितरण गरेको कुरालाई धाँधली भएको मान्न तयार भएनन्। किनकी, बलुचिस्तान सुख्खा क्षेत्र भएकाले निर्वाचन वा अन्य समयमा पनि राहत कार्यक्रम संचालन गर्नु जिल्ला नाजिम र कन्सुलरहरुको जिम्मेवारी हो। यस्तो कार्यक्रम बर्षौंदेखि संचालन हुँदै आएको कुरा त्यहाँका व्यक्तिले जानकारी दिए। सरकारले प्रत्यक्ष/परोक्षरुपमा उसले समर्थन गरेको पार्टीलाई व्यापक रुपमा सरकारी संयन्त्र प्रयोग गरेर निर्वाचन जिताउन सक्दो रहेछ भन्ने त्यहाँ देख्न सकिन्थ्यो। तर पनि कतिपय सवालमा धाँधली भएको प्रमाणित नै गर्न भने सकिने अवस्था थिएन। निर्वाचनको सन्दर्भमा मलाई लागेको राम्रो पक्ष भनेको मतदान सकिने बित्तिकै सोही मतदान केन्द्रमा मतगणना गर्ने प्रावधान। जसले गर्दा मतगणनामा धाँधलीको सम्भावना कम हुँदोरहेछ। अर्को- निर्वाचनमा खटिएर जाने कर्मचारीहरुलाई सरकार र यूएनडीपीको संयुक्त आयोनामा निर्वाचनसम्बन्धी प्रक्रिया र कानुनसम्बन्धी अभिमुखीकरण तालिम दिएको पाएँ। अर्को राम्रो पक्ष भनेको निर्वाचनमा खटिएका कर्मचारी र निर्वाचन क्षेत्रभन्दा बाहिर रहेका कर्मचारीले मत खसाल्ने अधिकारलाई पोस्टल ब्यालेटको माध्यमद्वारा ग्यारेण्टी गरेको रहेछ, जुन व्यवस्था हाम्रो देशमा अहिलेसम्म छैन। निर्वाचनका केही राम्रा पक्ष, प्रक्रिया र व्यवस्थाहरु हामीले पनि अपनायौं भने नागरिक अधिकारको सुनिश्चितता हुनसक्छ भन्ने मलाई लागेको छ।

भएको बतायो। त्यसपछि विन्देश्वरले जगपतिदेवीलाई बोक्सीको आरोप लगाए। त्यसको लगत्तै जगपतिदेवीलाई घरबाट ल्याइयो र बोक्सी बकाउने नाममा कुटपिट गरेर बदनाम गरियो।

त्यसपछिको स्थिति

सिकिस्त बिरामी भएको बताइएका १८ वर्षीय नन्की घटनाको केही दिनपछि मोटरसाइकल चलाएर बजार हिंड्न थाले। सो दृश्य देखेर गाउँका बासिन्दा चकित भए। विन्देश्वरलाई कार्तिक २२ गते जिल्ला प्रशासन कार्यालयबाट १० हजार रुपैयाँ धरौटीमा रिहा गरियो। घटनाका पीडकहरुविरुद्ध केही सार्वजनिक अपराध सम्बन्धी मुद्दा लगाइएको थियो। पीडित जगपतिदेवीले ०५९ कार्तिक ३० गते क्षतिपूर्तिका लागि जिल्ला अदालतमा मुद्दा दायर गरेकी छिन्।

● दीपेन नेउपाने

प्रहरी यातनाका कारण मृत्यु

बारा / कचोर्वा गाविस-९ का ५० वर्षीय कुवँर यादवको ०५९ कार्तिक २६ गते मंगलबार राति प्रहरीले हिरासतमा निर्मम यातना दिएका कारण मृत्यु भयो। घटना विवरणअनुसार कार्तिक २६ गते दिउँसो कुवँरलाई इलाका प्रहरी कार्यालय, सिम्रौनगढले घरबाट गिरफ्तार गरेको थियो। सोही ठाउँका रामेश्वरनाथ जयसवालको घरमा केही समय पहिले डकैती भएको घटनाको जाहेरीमा खुलाइएको हुलियाका आधारमा उनलाई गिरफ्तार गरिएको प्रहरीले बताएको छ। डकैतीमा संलग्न भएको कबुल गर्न दबाव दिने उद्देश्यले उनलाई मरणासन्न हुनेगरी यातना दिइएको र उपचारार्थ लैजाँदै गर्दा मृत्यु भएको थियो।

घटनामा प्रत्यक्ष संलग्न इलाका प्रहरी कार्यालय, सिम्रौनगढका प्रहरी सहायक निरीक्षक विक्रम राणा र कार्यालयका प्रमुख प्रहरी निरीक्षक केदार रजौरियालाई स्थानीय बासिन्दा र मानवअधिकारकर्मीको दबावमा हिरासतमा लिई अनुसन्धानमा राखिएकोमा हाल कहाँ, कसरी राखिएको छ भन्नेबारे प्रहरीले बताउन चाहेन। हिरासतमा यातना दिएकै कारण कुवँरको मृत्यु भएको प्रहरीले स्वीकारिसकेको छ। आफूलाई पनि प्रहरीले हिरासतमा राखी यातना दिएको कुवँरका छोरा बच्चु यादवले बताए। पीडित पक्षबाट जिल्ला प्रहरी कार्यालयमा दुईवटा छुट्टाछुट्टै किटानी जाहेरी दर्ता गराइएको छ । कर्तव्य ज्यान मुद्दा र क्षतिपूर्ति सम्बन्धी कारवाहीका लागि माग गरिएका दुवै जाहेरीउपर कारवाही अघि बढेको छैन। घटना भएको राति सेन्ट्री ड्युटीमा रहेका अन्य प्रहरीसँग बयान लिइसकिएको र भिसेरा परीक्षणको प्रतिवेदन नआइकन कारवाही अगाडि बढाउन नमिल्ने प्रहरीले बताएको। यसैबीच आक्रोशित स्थानीय बासिन्दाहरुले उक्त घटनामा संलग्न प्रहरी सहायक निरीक्षक माथि कार्वाहीको माग गर्दै इलाका प्रहरी कार्यालय सिम्रौनगढ तोडफोड समेत गरेका छन्।

● रुद्रप्रसाद धिताल

घाट बन्द हुँदा स्थानीय बासिन्दा मर्कामा

भोजपुर/ गत असार महिनाको दोश्रो सातादेखि संखुवासभास्थित सुरक्षाकर्मीहरुले भोजपुर र संखुवासभा जिल्लाको सिमानामा पर्ने अरुण नदी स्थित घाटहरु बन्द गरेका कारण जिल्लाको पूर्वी तथा उत्तरी भेगका करिब ३० हजार जनता प्रभावित भएका छन्।

उत्तरी क्षेत्रका बोया, हेलौंछा, देउराली, साङ्गपाङ्ग, किमालुङ्ग गाविसका बासिन्दाले अरुण नदी पारी पर्ने आफ्नो खेतिपाती भएको ठाउँ, उपभोग्य समान खरिद बिक्री, हाटबजार आदिका लागि जान आउन घण्टौं घुम्नुपर्ने बाध्यता रहेको तथा तराई र काठमाण्डौतर्फ जान पनि एक दिनसम्म घुम्नुपर्ने अवस्था सृजना भएको देउराली गाविसका एक शिक्षकले बताए। उनका अनुसार देउराली गाविस-५ बाट अरुण नदी तर्ने कुडुले घाट सुरक्षाकर्मीहरुले बन्द गरेपछि बोया गाविसका सम्पूर्ण एवम् हेलौंछा गाविसका आधा बासिन्दा तुम्लिङ्टार जान र अरुण पारी खेती गर्न जान पनि एक दिन घुमेर पुलको बाटो जानुपर्ने अवस्था छ। उत्तरी भेगका दोभाने खाटम्मा, चौकिडाँडा, नेपालेडाँडा, झ्याउपोखरी, दिङ्ला लगायतका गाविसका जनतालाई सदरमुकाम भोजपुर बजार आउन भन्दा संखुवासभा जान सजिलो पर्दछ।

त्यसैगरी अरुण नदी तरेर दिंलाबाट तुम्लिङ्टार जाने लन्चुवा घाट र खहरे घाट पनि बन्द गरिएपछि झन् समस्या खडा भएको छ। यस सम्बन्धमा संखुवासभाका प्रमुख जिल्ला अधिकारीलाई जानकारी गराउँदासमेत सुनुवाई भएन।

दैनिक करिब ५ सय मानिसहरु ओहोर-दोहोर गर्ने ती घाटहरु बन्द भएपछि वार्षिक करिब डेढ लाख घाटा सहनु परेको जिल्ला विकास समिति, भोजपुरले जनाएको छ।

● चित्राङ्गत चौलाग

बद्दैछन् विस्फोटनका घटना

केही समययता माओवादीहरुद्वारा गरिएका विस्फोटनका घटनाहरुमा व्यापक बृद्धि हुँदैआएको छ। राजधानी र यसका आसपासका जिल्लाहरुमा समेत यस्ता घटनाहरु दिनानुदिन हुने गरेका छन्। अझ देशका अन्य भागहरुमा त कुन बेला, कहाँ, कस्तो विस्फोटन हुने हो ? भयभित भइरहनुपर्ने स्थिति छ।

काभ्रे / माओवादीहरुले बनेपा नपा-६ दूरसञ्चार कार्यालय अगाडि फोहोरको थुप्रोमा राखेको बम ०५९ कार्तिक २२ गते बिहान ९:०५ बजे विस्फोट हुँदा एक जना बालकको मृत्यु हुनुका साथै अन्य २ जना व्यक्ति घाइते भए। विस्फोटनमा बनेपा नपा-६ का १३ वर्षीय बहिरा बालक पुण्यराम मानन्धरको घटनास्थलमै मृत्यु भयो। उनी सोही ठाउँस्थित सरस्वती प्राविको बहिरा विद्यालयमा कक्षा २ मा अध्ययनरत थिए। बिहान साइकलमा घुमेर विद्यालय जानका लागि खाना खान घरतिर गइरहेको अवस्थामा विस्फोटनमा परी उनको मृत्यु भएको थियो। विस्फोटनमा परी उनको दुवै हात र टाउको क्षतविक्षत भएका थिए।

सोही विस्फोटनमा परी बनेपास्थित संस्था पासा: पुच: को फोहोर संकलक ४५ वर्षीय माहिला मेतर (पोडे) गम्भीर घाइते भए। नाला गाविस-४ का मेतरका चारवटा करङ भाँचिनुका साथै कलेजोमा प्वाल पर्नुका साथै टाउको, खुट्टा, हात र अन्य भागमा प्वाल नै प्वाल परेको थियो। त्यसैगरी भारत घर भएका २४ वर्षीय मोहन भौर पनि घटनामा घाइते भए। भौरको टाउको, खुट्टा, हात र देब्रे तिघ्रामा

वमको छर्रा लागेको थियो। यसवाहेक वनेपा-११ का विष्णुप्रसाद तिमल्सिना पनि विस्फोटनका कारण सामान्य घाइते भए।

● भोजराज तिमल्सिना

दाङ / गंगापरस्पुर गाविस-७ चैनपुरस्थित निम्न माध्यमिक विद्यालयको परिसरमा माओवादीले वेवारिसे अवस्थामा छोडेको वम ०५९ कार्तिक २८ गते विहान विस्फोट हुँदा एक वालकको मृत्यु भयो। सोही विद्यालयमा १ कक्षामा अध्ययनरत ९ वर्षीय अनिलकुमार चौधरी विहान १०:१५ वजेतिर विद्यालयको प्रांगणमा खेलेर कक्षामा जान लाग्दा पिपलको वोटमा राखिएको सो वम विस्फोटन भएको थियो। मृतकको टाउको छिया-छिया भएको सोही विद्यालयका पियन साहेवद्धिनले वताए। मृतक वालक चैनपुर निवासी सुन्दरराम चौधरीका एकमात्र छोरा हुन्। यसअघि कार्तिक २० गते राति पनि माओवादीहरुले सो विद्यालयका कागजपत्र, फर्निचर आगो लगाएर नष्ट गरेका थिए। सोही क्रममा उक्त वम छोडेको हुनसक्ने अनुमान गरिएको छ।

● भरतमणि ढकाल

काठमाण्डौ / शाही नेपाल वायुसेवा निगमको केन्द्रीय कार्यालयपछाडि टेवहाल चैत्य परिसरको एक जालीमा झुण्ड्याइएको वम ०५९ कार्तिक २३ गते विहान विस्फोट हुँदा सोही ठाउँकी ६४ वर्षीय दिलशोभा शिखाकार, नयाँसडकको ४० वर्षीय रोशनी शाक्य र मच्छेगाउँकी ६५ वर्षीय श्रीमाया महर्जन घाइते भए । घाइतेहरुको वीर अस्पतालमा उपचार भयो । "विहान गणेशस्थानमा पूजा गर्दै थिएँ, एक्कासी ठूलो आवाज आएको सुनें, त्यसपछि के भयो थाहै पाइनँ, होस-हवास नै भएन"- दिलशोभाले घटनावारे प्रतिक्रिया दिइन् । उनको टाउकोमा वमको छर्रा लागेको थियो । रोशनी शाक्य बाटोमा हिँड्दै गर्दा घरको झ्यालका शिशाको टुक्रा टाउकोमा लागेर तथा श्रीमाया महर्जन चैत्य परिक्रमा गरिरहेको अवस्थामा हात र खुट्टामा चोट लागेर घाइते भएका थिए । वम विस्फोटवाट चैत्य चर्कियो भने शाही नेपाल वायुसेवा निगममा सामान्य क्षति पुग्यो । यसवाहेक घटनास्थल वरिपरीका १० वटाजति घरका झ्याल-ढोकाका शिशा फुटेका थिए । माओवादीहरुले कार्तिक २५, २६ र २७ गते आयोजना गरेको नेपाल वन्दको पूर्वसन्ध्यामा उक्त वम विस्फोटन गराएका थिए ।

● गणेश भण्डारी

दोलखा/ चरिकोटवाट काठमाण्डौतर्फ गइरहेको यात्रुवाहक वस ०५९ कार्तिक २८ गते माओवादीहरुले विच्छ्याएको एम्वुसमा पर्दा तीन जनाको मृत्यु हुनुका साथै २४ जना घाइते भए। अरनिको राजमार्गमा पर्ने लाँकुरीडाँडा गाविसको हलहले पुलजिक विहान करिव साढे सात वजे भएको सो विस्फोटनमा अरनिको यातायात सेवा समितिको ना. २ ख ९६९३ नम्वरको यात्रुवाहक वस क्षतिग्रस्त भयो।

घटनामा चिलंखा गाविस-२ का दत्तवहादुर तामाङ, च्याभा गाविसका मयानाथ फुयाँल र वस चालक मंगल तामाङको मृत्यु भयो। मृतकहरुमध्ये दत्तवहादुर र मयानाथको घटनास्थलमै र मंगलको काठमाण्डौस्थित वीरेन्द्र प्रहरी अस्पतालमा उपचार गर्दागर्दै मृत्यु भएको थियो। विस्फोटनमा परी भीमेश्वर नपा-११ का मनोज लामा, कमल सुवेदी, सोही नपा-१२ का उमेश साह, सोही नपा-१ का नवराज खतिवडा, क्षेत्रपा गाविसका शान्त श्रेष्ठ, मदननारायण श्रेष्ठ, शम्भु श्रेष्ठ, शंकर श्रेष्ठ र कमलनारायण श्रेष्ठ, फस्कु गाविसका गगनसिं विक, वोच गाविसका वद्री नेपाल र रामेछाप जिल्ला सैंपु गाविसका गंगा पौडेल घाइते भए। घाइते हुने अन्य व्यक्तिहरुमा सिन्धुपाल्चोक जिल्ला ठूलापोखर गाविसका कृष्णवहादुर घिसिङ र गौरी थापा, सोलुखुम्बु जिल्ला फाप्लु गाविसका माया शेर्पा, भीमेश्वर नपा-१ का निमा शेर्पा, सोही नपा-८ का केशव तिमल्सिना, सोही नपा-५ का रामचन्द्र श्रेष्ठ र सुनिल श्रेष्ठ, सोही नपाका वीरेन्द्र गिरीलगायत् छन्।

घाइतेहरुलाई सदरमुकाम चरिकोट ल्याइएकोमा गम्भीर अवस्थामा रहेका १८ जनालाई शाही नेपाली सेनाको हेलिकप्टरवाट काठमाण्डौ लगिएको थियो।

● होम पाठक

शान्ति र पुनर्निर्माणको प्रतिक्षामा जुम्ला

जुम्ला जिल्लाको सदरमुकाम खलंगामा ०५९ कार्तिक २८ गते राति १०:४० वजे चारवटा नाकावाट माओवादीहरु प्रवेश गरेका थिए। आक्रमणअघि २४, २५ गतेतिर नै जिल्लाका प्रशासकलगायत् स्थानीय वासिन्दाहरुलाई आक्रमण हुने समाचार आइसकेको थियो। जिल्लाका विभिन्न क्षेत्रमा माओवादीहरु जम्मा भएको खवर सदरमुकाममा आउँदा-आउँदै पनि सुरक्षा निकाय तथा सरकारले ध्यान नदिएको गुनासो स्थानीय वासिन्दाहरुको छ। रुकुम, रोल्पा, जाजरकोट, दैलेख, मुगु, वाजुरा, रामेछाप, दोलखा जिल्लाका सर्वसाधारण जनता तथा माओवादी लडाकुदस्ता र कार्यकर्ताहरु आएको प्रत्क्षयदर्शीहरु वताउँछन्। आक्रमणका क्रममा जिल्लाको पूर्वी भाग दानसाँगुवाट रोल्पा र जाजरकोटको टोली, दक्षिण-पश्चिम खलचौरवाट कालिकोट र दैलेखको टोली, उत्तरतिरवाट मुगु तथा रामेछापको टोली, दक्षिण राजासिम (छिनासीम) वाट

स्थलगत

दोलखा र सुर्खेतको टोली सदरमुकाम प्रवेश गरेका थिए। माओवादीहरुले आक्रमणको प्रथम चरणमा जिल्ला कारागार शाखा, जिल्ला प्रहरी कार्यालय, क्षेत्रीय प्रहरी कार्यालय, विमानस्थल सुरक्षा गार्डको कार्यालय र देवीदल गुल्ममा एकैसाथ आक्रमण शुरु गरेका थिए। वीचवीचमा कोड भाषाहरु प्रयोग गरी माओवादीहरु अगाडि वढेका थिए। उनीहरुसँग अत्याधुनिक हातहतियारहरु भएको स्थानीयवासीहरुको दावी छ। घटनाका क्रममा माओवादीहरुले सवभन्दा पहिले गुल्म र जिल्ला कारागार शाखामा आगो लगाएका थिए। त्यसपछी क्रमैसँग साइनवोर्डहरु हेर्दै करिव ४० वटा जति भवनहरु जलाएका थिए। करिव ५-६ हजारको संख्यामा आएका माओवादीहरुले आक्रमण गरेको कुरा स्थानीय वासिन्दाहरु वताउँछन् भने सुरक्षा फौजका अनुसार १० हजार जति माओवादीहरु आएका थिए। आक्रमणका क्रममा माओवादीहरुले प्रयोग गरेका लागु औषध तथा केही मात्रामा चाइनिज रक्सीका वोत्तलहरु पनि घटनास्थलमा पाइएका थिए।

रातको १:३० वजेतिर घटनास्थलमा नाइटभिजन हेलिकप्टर पुगेपछि आक्रमणमा केही कमी आएको थियो तर करिव २ वजे हेलिकेप्टर फर्केपछी फेरी भीषण आक्रमण भयो। त्यतिवेला माओवादीहरुले सुरक्षा निकायका भवन ध्वस्त गरी राष्ट्रिय वाणिज्य वैंक, देवीदल गुल्म आदिमा आक्रमण गरेका थिए। आक्रमणका क्रममा सेनावाट अत्यन्तै होसियारी साथ जनताको क्षति नहुने किसिमले माओवादीमाथि आक्रमण गरेको प्रत्यक्षीदर्शीहरु वताउँछन्। सो क्रममा उक्त क्रममा ४ जना सेनाको घटनास्थलमा मृत्यु भयो भने १३ जना घाइते भए। त्यसैगरी प्रमुख जिल्ला अधिकारी दामोदर पन्त जिल्ला प्रशासन कार्यालयभित्र वङ्करमा लुकिरहेको अवस्थामा छत आगो लागेर खस्दा त्यहीं पुरिएर मृत्यु भएको थियो। जिल्ला प्रहरी कार्यालयका डीएसपी विजय

माओवादीद्वारा मारिएका	
- बन्दी	३
- सर्वसाधारण	४
- प्रहरी	३४
- परिचर	२
- सैनिक	४
माओवादीद्वारा लुटिएका	
- सर्वसाधारणका घर, पसल	१५
- कार्यालय	२
माओवादीद्वारा ध्वस्त पारिएका	
- सर्वसाधारणका घर	४
- कार्यालय	२७

घिमिरेलाई माध्यमिक शिक्षा परियोजनाको छात्रावासमा आगो लगाएर मारेको स्थानीयवासीहरुले बताए। पुरै शरीर र अनुहार जलेका कारण प्रयोग गर्ने गरेको संचार सेटका आधारमा उनको लासको अनुमान लगाइएको थियो। क्षेत्रीय प्रहरी इकाई कार्यालयका डीएसपी शिवनारायण मण्डलको भने लडाईंकै क्रममा मृत्यु भएको थियो। आक्रमणपछि माओवादीहरुले बजार आसपासका सर्वसाधारणका पसल तथा घरमा भएका सामान लुटेका थिए। कतिपय पसलमा खानेकुरा खाएर त्यसको मूल्य पनि छोडेर गएको स्थानीयवासीले बताए। माओवादीहरुले आक्रमणपछि फर्कने क्रममा आफ्ना पुराना कपडा छोडेर स्थानीयवासीहरुका नयाँ जुत्ता तथा कपडा लगाएर गएका थिए। उनीहरुले राष्ट्रिय वाणिज्य बैंक जिल्ला शाखाबाट नगद तथा जिन्सी लुट्नुका साथै कागजपत्र जलाएका थिए। सदरमुकामका अधिकाँश कार्यालयहरु ध्वस्त भएका छन् भने अझैसम्म पनि जनजीवन त्रासदीपूर्ण छ।

निष्कर्ष

स्थलगत अध्ययनका आधारमा निम्न निष्कर्ष निकालिएको छ-

१. घटना ०५९ कार्तिक २८ गते राति १०:४० बजे देखि बिहान ६.१५ बजेसम्म भएको थियो।

२. स्थानीयवासी र प्रहरीहरु स्वयम्का अनुसार पनि माओवादीहरुले खलंगामा आक्रमण गर्ने संभावित लक्षणहरु देखाएको, दुई-तीन दिन अघिदेखि सदरमुकामको चारैतिर माओवादीहरु जम्मा भइरहेको खबर गाउँलेहरुबाट आएको। तर पनि सरकार, सुरक्षाकर्मीले वेवास्ता गरेको।

३. स्थानीय वासिन्दाहरुको भनाइअनुसार, माओवादीहरुले आक्रमणको क्रममा दोषी/निर्दोषी नछुट्याइ हत्या गरेको।

४. लडाइँमा गैरसैनिक नागरिकसमेत सामेल भएको।

५. घटनापश्चात् हालसम्म पनि सरकारले त्यस ठाउँमा अनुगमन नगरेको।

६. सरकारले समवेदनासमेत प्रकट नगरेको।

७. सुरक्षाकर्मीहरुले घटनापश्चात् स्थानीय जनप्रतिनिधीहरुसँग वसेर छलफल नगरेको।

८. आक्रमणका क्रममा केही घटनामा माओवादीहरुले जेनेभा महासन्धिको साझा धारा ३ पालना गरेको घटनामा परेका सुरक्षाकर्मीवाट थाहा हुन आएको।

९. घटनापश्चात् विभिन्न राजनीतिक पार्टीहरु, बुद्धिजीवी सम्मिलित एक नागरिक समाजको गठन गरिएको छ, जसको संयोजन पूर्व सांसद डिल्लीबहादुर महतले गर्नुभएको।

१०. सरकारलाई छिटो वार्तामा ल्याउन ठूला-ठूला आक्रमण गर्नुपरेको कुरा माओवादीहरुले स्थानीयबासीहरुसँग बताएको।

११. आतंक नियन्त्रण महाशाखाले पनि संभावित आक्रमणवारे जानकारी दिएता पनि सुरक्षा निकायले वेवास्ता गरेको। प्रहरीहरुलाई उपलब्ध गराइएका हतियार अत्यन्तै कमजोर, नपड्किने हुँदा माओवादीहरुसँग लड्न नसकिएको प्रहरीहरुको गुनासो रहेको।

१२. माओवादीहरुसँग मेसिनगन, एलएलएमजी, एके फोर्टिसेभेन, एसएलआर र सैनिकसँग समेत नभएको हतियार प्रयोग गरेको सुरक्षाकर्मीहरुले बताएको।

१३. आक्रमणका क्रममा माओवादी लडाकुहरुको आत्मवल अत्यधिक उच्च रहेको स्थानीय वासिन्दाहरुको भनाइ रहेको।

१४. घटना भएको अघि-पछि सरकारले मन्त्रिमण्डल विस्तार गर्नतर्फ लाग्यो तर प्रहरी र सर्वसाधारणका लागि समवेदनासमेत नदिएको गुनासो रहेको।

१५. घटना भएको लगत्तै पीडित घाइते र घरवारविहीन हुनेहरुको उद्धार गर्नमा सम्वन्धित निकाय तथा संस्थाहरुले पहल नगरेको प्रति स्थानीय वासिन्दाहरु आक्रोशित भएको।

घटनाको यथार्थ जानकारी लिन स्थलगत अध्ययन टोली ०५९ मंसिर ७ गते जुम्ला पुगी त्यहाँका स्थानीय बासिन्दा, सर्वसाधारण, समाजसेवी, सुरक्षा निकायका प्रतिनिधीहरु, प्रत्यक्षदर्शी र घटनामा परी बाँच्न सफल सर्वसाधारण र सुरक्षा कर्मीहरुसँग भेट गरी विवरण लिइएको थियो। स्थलगत अध्ययनका लागि राष्ट्रिय मानव अधिकार आयोगका सदस्य माननीय सुशील प्याकुरेलको नेतृत्वमा आयोगका उपसचिव अमृतबहादुर वस्नेत, प्राध्यापक डा. चैतन्य मिश्र, इन्सेकका मध्यपश्चिमाञ्चल क्षेत्रीय संयोजक भोला महत, कर्णाली ग्रामीण एकीकृत विकास तथा अनुसन्धान केन्द्रका अध्यक्ष मिनबहादुर शाही, सोही संस्थाका रत्नबहादुर शाही र नेपाल समाचारपत्रका नेपालगञ्जस्थित वरिष्ठ सम्वाददाता गोपी बुढा संलग्न हुनुहुन्थ्यो।

●

माओवादीतर्फ भएको क्षति

- टुँडिखेलमा पाइएको लास	२३
- छिनासाँघुमा पाइएको लास	६
- दानसाँघुमा पाइएको लास	७
- कालेखोलीमा पाइएको लास	५
- मालाडिडको खेतमा पाइएको लास	१
- ताम्तीमा पाइएको लास	१५

- सदरमुकाम आक्रमण गर्न आउँदा वाटोमा हिउँले पुरिएर मृत्यु भएको :७
- तिला नदीमा घाईते माओवादीहरुलाई ओसार-पसार गर्दा चिसो पानीका कारण एकजना वृद्ध र एकजना माओवादी कार्यकर्ताको मृत्यु भएको
- माओवादीका पश्चिमाञ्चल सैन्य प्रमुख विग्रेडियर पासाङ भन्ने नन्दकिशोर पुन सेनाको गोली लागी घाइते भएको (अपहरित प्रहरीले मुक्त भएपछि जानकारी गराएको)
- चारै नाकावाट माओवादीले व्यापकरुपमा घाइते तथा लासहरु डोका तथा स्टेचरमा वोकेर लगेको, तिनीहरुमध्ये गैरसैनिक नागरिक भएको स्थानीयवासीहरुले जानकारी गराएको
- **सुरक्षाकर्मीका अनुसार, उक्त आक्रमणमा कूल १ सय ८ जनाको मृत्यु भएको र अन्य सयौंको संख्यामा हताहत भएको**

राष्ट्रिय मानव अधिकार आयोगद्वारा ध्यानाकर्षण

श्री ५ को सरकारलाई

- अस्पताल, बैंक, विद्यालय जस्ता जनतालाई अत्यावश्यक सेवाहरु पुऱ्याउने संस्थाहरु अविलम्व सूचारु रुपले संचालन गर्नुपर्छ। यसका लागि अस्पतालमा चिकित्सक र औषधी तथा अन्य कार्यालयहरुमा कर्मचारी तथा जनशक्तिको तत्काल व्यवस्था मिलाउनु पर्छ।
- उक्त घटनाको वारेमा जानकारी लिन श्री ५ को सरकारका उच्च पदस्थ प्रतिनिधि सो स्थानमा गई घटनास्थलको सम्पूर्ण विवरण लिई जनतालाई भयरहित वातावरणमा वाँच्न पाउने अवस्थाको सृजना गर्नु पर्छ।
- जुम्ला भीडन्तमा मारिएका सुरक्षा फौज, सर्वसाधारण, वर्दिया जिल्लाको भुरीगाउँमा मारिएका प्रहरी, महिला र छात्राहरु साथै पूर्व सांसद चक्रबहादुर डगौराको परिवारलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउनु पर्छ। साथै उक्त घटनाहरुका घाइतेहरु तथा उक्त घटनाहरुमा ध्वस्त भएका घरका घरधनीहरुलाई क्षतिपूर्ति प्रदान गर्नु पर्छ।
- शैक्षिक संस्था, मन्दिर जस्ता साँस्कृतिक एवम् सार्वजनिक महत्वको संस्थाहरुलाई भीडन्तको निशाना हुन नदिन सजग रहनु पर्छ।

नेकपा (माओवादी) लाई

- अस्पताल, विद्यालय र बैंक जस्ता जनतालाई अत्यावश्यक सेवा पुऱ्याउने संस्थाहरु आक्रमणको निशाना वनाइनु अत्यन्त निन्दनीय कार्य हो। यस्ता कार्यहरु जेनेभा अभिसन्धिको विपरित छन्। तसर्थ, यस्ता कार्यहरु तत्काल वन्द गरिनु पर्छ।
- वर्दिया जिल्लाको भुरी गाउँमा व्यस्त ठाउँमा निःशस्त्र व्यक्तिहरु, महिला तथा विद्यालयका छात्राहरुमाथि आक्रमण गरिनु निन्दनीय एवं जेनेभा अभिसन्धि विपरित कार्य हो। तसर्थ, निःशस्त्र नागरिकलाई कुनै पनि अवस्थामा निशाना नवनाउन नेकपा (माओवादी) लाई सचेत गर्दछ।
- जनताको भयरहित वातावरणमा वाँच्न पाउने अधिकारको सम्मान गर्न तथा जेनेभा अभिसन्धिको साझा धारा ३ को पूर्ण पालना गर्न नेकपा (माओवादी) पुनः आव्हान गर्दछ।

कथा

दुःख बारेको वर्ष

-आत्माराम शर्मा

साहित्यकार राहुल चर्चित कथाकार हुन्। राजधानीवाट प्रकाशित हुने साहित्यिक पत्रपत्रिकामा उनका रचना बारम्बार प्रकाशित हुन्छन्। उनकै प्रेरणा र संगतले कतिपय नवोदित लेखकहरु आज स्थापित साहित्यकार, लेखक भएका छन्। नयाँ प्रतिभाशाली साहित्यानुरागीहरुका रचना सुन्ने, पढ्ने र सुझाव दिने भएकाले पनि होला, पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका लेखकहरु उनलाई साहित्यिक गुरु नै मान्दछन्।

राहुलकै प्रेरणाले सन्देश आज स्थापित लेखक भइसकेका छन्। राहुल मेरा पनि अनन्य मित्र हुन्। उनीसँग आज भोलि मेरो भेटघाट हुँदैन। पछिल्लो पटक दुई वर्ष अगाडि हामीले सँगै खाना खाएका थियौं, त्यस पछि भेटघाट भएको छैन्। मेरो कार्यक्षेत्र प्राविधिक भए पनि उनका धेरै जसो साहित्यिक रचना पढ्ने अवसर मैले राहुलकै दौंतरी सन्देशले गर्दा पाएको छु। सन्देश मेरो कार्यालयमा मसँगै काम गर्ने सहकर्मी मित्र हो। कार्यालयमा धेरैजसो सन्देशले साहित्यिक पत्रपत्रिका ल्याउने गर्छ। फुर्सदको समयमा ऊ आफू पनि पढ्छ र मलाई पनि पढ्न दिन्छ। त्यसैले राहुलसँग मेरो प्रत्यक्ष भेटघाट नभए पनि उनका रचनासँग भने बारम्बार भेट हुने गरेको छ।

पछिल्लोपटक मैले राहुलको वारेमा साहित्यका पारखी समालोचकहरुले गरेको टिप्पणी पढेको थिएँ, जसमा लेखिएको थियो- "राहुलको कथाको विशेषता भन्नु नै समाजको यथार्थ चित्रण हो। समाजका आर्थिक असमानता, गरीवी, शोषण, अशिक्षा, अन्धविश्वास आदिका कारण भएका यथार्थ घटनालाई उनी वडो मार्मिक ढंगले कथाद्वारा प्रस्तुत गर्दछन्। उनका कतिपय कथा पढ्दा आँखावाट आँसु रोक्न सकिन्न भने कतिपय रचना पढ्दा आक्रोश र रीसले मन थाम्न पाठकहरुलाई मुस्किल पर्छ। समग्रमा भन्दा, उनका कथाहरुमा पात्रहरुले व्यक्त गरेका सम्वादले पाठकको मनमा करेन्ट जस्तै झड्का दिने गर्छ। त्यसैले उनका साहित्यिक रचना पाठकहरुले खोजी-खोजी पढ्ने गर्छन्।"

करिव एक वर्षभन्दा पनि वढी भयो- कथाकार राहुलका नयाँ कथाहरु कसैले पनि पढ्न पाएका छैनन्। पछिल्लो पटक सन्देशलाई कसैले सुनाएछ- "ऊ आजभोलि निकै उदासिएको छ। कथा लेख्नुभन्दा वढी रक्सी पिउँछ।" राहुलको यही कुरा थाहा पाएर सन्देश उसलाई भेट्न गएको थियो।

राहुललाई भेटेर आएको भोलिपल्ट सन्देशले मलाई सुनायो- राहुलको कोठामा म पुग्दा ऊ हस्तलिखित केही कुरा पढ्दै र आँखावाट आँसु झार्दै थियो। म पुगेपछि खिसिक्क हाँस्दै आफूलाई सम्हाल्दै उसले पढ्दै गरेको कागज लुकायो। मैले तुरुन्तै उसलाई प्रश्न गरें-

- राहुल के लुकाएको ?
- उसले भन्यो- देशको पीडा !

किन यस्तो अमूर्त कुरा गरेको राहुल, तिम्रो भनाइको मतलव मैले केही वुझिन- मैले भनें। "काठमाण्डौका तिमी मानिसहरु- हाम्रा दूरदराज गाउँका पीडा वुझ्दैनौ सन्देश", उसले मलाई भन्यो।

राहुलले फेरि मलाई सोध्यो- अँ भन, आज धेरै समयपछि कसरी मलाई सम्झ्यौ ? कुराको प्रसंग वीचमै टुटेकाले उसको प्रश्नको जवाफ मैले दिइनँ।

खिसिक्क हाँस्दै मैले उसको मुखमा एकोहोरो हेरिरहें। मैले अचम्म मानेर उसको अनुहारमा हेरेको देखेर राहुल खित्का छोडेर हाँस्न खोज्यो तर ऊ हाँस्न सकेन। एक्कासी उसलाई लामो खोकी लाग्यो। उसले खोक्दा उसको मुखबाट लोकल रक्सीको गन्ध मेरो नाकमा आएर ठोक्कियो।

सन्देशको यो कुरा सुनेर मलाई अचम्म लाग्यो। मैले कुराको वीचमै प्रश्न गरें- राहुल दिउँसै रक्सी पिएर वस्दोरहेछ सन्देश ?

सुन्दै जाउन राजन ! सन्देशले उसको वारेमा मलाई थप वताउँदै भन्यो- उसको त्यस्तो अवस्था देखेपछि मैले उसलाई प्रश्न गरें- राहुल तिमीले दिउँसै किन पिएको ? उसले वढी नै भावुक र गम्भीर हुँदै भन्यो- "देशलाई दुःख परेको वर्ष, मेरो पूरै पहाड गाउँले वरखी वारेको यो वर्ष, त्यही पीडालाई भुल्न म आजभोलि कुनै पनि समय पिउने गर्छु।"

उसको भावुक र अमूर्त उत्तर सुनेपछि मैले पुनः प्रश्न गरें- राहुल तिम्रो आजभोलि साहित्य सृजना किन कम भयो ? मैले यो वर्ष देशको दुःख वारेको छु। अघिल्लो वर्ष जस्तै यो वर्ष पनि म वरखीमा छु, त्यसैले मैले कथा लेखेको छैन- राहुलले मलाई जवाफ दियो।

केही छिनको मौनतापछि मैले फेरि राहुललाई भनें- यस्तो अवस्थामा झन् धेरै लेख्नु पर्ने होइन र ?

राहुलले तुरुन्तै प्रतिवाद गऱ्यो- कसका लागि किन लेख्ने ? केही समयपछि मैले उसलाई केही सोचेर भनें- आजसम्म तिमीले जसको लागि लेख्यौ, हो उनीहरुकै लागि तिमीले लेख्नु पर्छ। तिमीले आजसम्म समाजको लागि, यो राष्ट्रको लागि र भावी पुस्ताका लागि लेख्यौ। समग्रमा भन्नु पर्दा यो राष्ट्रका जनताको आँखा उघार्नका लागि लेख्यौ। फेरि पनि तिमीले तिनीहरुकै लागि लेखिरहनु पर्छ। राहुल लेख, आफूलाई लेखेर नै रित्याऊ र मनलाई हलुका पार। हेर भोलिका भावी पुस्ताले खोजी गर्नेछन्- देशमा गृहयुद्ध चलेका यी वर्ष तिमीले के लेख्यौ भनेर खोज्ने छन्, राहुल, तिमीलाई उनीहरुले खोज्नेछन्। त्यसैले आफूलाई सम्हाल र रक्सीले वर्वाद नपार।

कविता

मेरो चोक

- भूपि शेरचन

साँघुरो गल्लीमा मेरो चोक छ।
यहाँ के छैन ? सबथोक छ।
असंख्य रोग छ,
अनन्त भोक छ,
असीम शोक छ,
केवल हर्ष छैन,
यहाँ त्यसमाथि रोक छ।
साँघुरो गल्लीमा मेरो चोक छ।
यहाँ के छैन ? सबथोक छ।
यो मेरो चोकमा
देवताले बनाएका मानिस र
मानिसले बनाएका देवता
यी दुबैथरीको निवास छ।
तर यहाँ यी दुबैथरी उदास छन्
दुबैथरी निराश छन्।
मानिस उदास छन्
किनकि तिनलाई यहाँ
रात-रात-भरि उपियाँले टोक्छ
दिन-दिन-भरि रुपियाँले टोक्छ
र देवता उदास छन्
किनकि तिनलाई यहाँ
न कसैले पुज्छ, न कसैले ढोग्छ
त्यसैले यो चोकमा
देवता र मानिसले
एक अर्कोलाई धिक्कार्दै
एक साथ पुर्पुरो ठोक्छन्
साँघुरो गल्लीमा मेरो चोक छ।
यहाँ के छैन ? सबथोक छ।

("घुम्ने मेचमाथि अन्धो मान्छे"बाट)

त्यसदिन राजन ! मेरो कुरा राहुलले सुनेपछि उसले अलि उत्तेजित हुँदै भन्यो- म कल्पनामा हराएर र सपनामा रमाएर लेख्न सक्दिन। देशको यथार्थता लेख्न गाह्रो भयो, निक्कै पीडा भयो। सबै कुरा अमूर्त भएकाले कल्पनामा लेख्न अप्ठेरो पऱ्यो। तिमीले अघि भर्खरै यो राष्ट्रको र समाजको कुरा गऱ्यौ। सन्देश ! के तिमीले सूक्ष्म रुपमा सोचेका छौ- कहाँ छ त्यो राष्ट्र ? कहाँ छ त्यो समाज ?

कुरा गर्दागर्दै राहुल अरु जोसिँदै र आक्रोशित हुँदै मसँग भन्न थाल्यो- तिमी यो जनता, राष्ट्र भन्ने अमूर्त शब्द नवोल। आजभोलि यी शब्द मलाई किन-किन निरर्थक लाग्छन्। तिमीले भन्न खोजेको राष्ट्र खोइ कहाँ छ ? ती जनता कहाँ छन् ? देशका नेताहरुले भन्ने जनता र तिमीले भन्ने जनतामा फरक के छ ? के तिमी मलाई यो जनता शब्दको व्याख्या र परिभाषा दिन सक्छौ ? केही वर्षयता यो राष्ट्र र जनता शब्द अप्ठेरोमा परेका छन्। म जस्तै अप्ठेरोमा सन्देश !

उसको त्यस दिनको व्यवहार हेर्दा लाग्दथ्यो- उसलाई देशको वर्तमान पीडाले दुःखाई रहेछ। मैले धेरैको मुखबाट सुनेको थिएँ- मनको पीडाले छट्पटाएको मानिसलाई पीडा अभिव्यक्त गर्न दिनुपर्छ। यही सोचेर उसलाई मैले पुनः प्रश्न गरें- राहुल तिमीलाई आजभोलि के कुराले यति धेरै चोट पुऱ्यायो ?

चुरोटको लामो सर्को तान्दै ऊ फेरि बोल्न थाल्यो- "हामीले हेर्दाहेर्दै टुक्रा-टुक्रामा विभक्त भएको यो राष्ट्र, यो खजमजिएको समाजलाई म कसरी आफ्नो राष्ट्र र समाज भनौं ? मलाई आजभोलि तिमीले भनेका जनता यो राष्ट्रको मलामी जस्तै लागिरहेछन्। के तिमी यो राष्ट्रको मलामी बन्न सक्छौ ? अहँ कदापि सक्दैनौ, न तिमी सक्छौ न म सक्छु।" मैले टाउको हल्लाएको देखेर उसले फेरि भन्यो- यो कहाली लाग्दो अवस्थामा एउटा लेखक बन्द कोठामा बसेर सृजना गर्न र बोल्न सक्दैन। सन्देश ! राम्रोसँग सुन- अहिले संकटकाल छ, कलम बन्द गरेर मलामी जानेहरुको ताँतीमा कि लाम लाग कि त चुपचाप टोलाएर बस। देशमा मृत्युको लस्कर लागेका यी वर्ष मलाई वर्तमानले यही सन्देश दिएको छ।

उसको लामो र अमूर्त अभिव्यक्तिपछि मैले अलि जंगिदै भनें- हो, यिनै घटनालाई लिएर तिमी किन लेख्दैनौ ? भित्र कोठामा चुकुल थुनेर लेख, कसले देख्छ र ?

उसले तानिरहेको ठूटो चुरोट मिल्काएर, पुनः अर्को सल्कायो र लामो धुवाँको मुस्लो फाल्दै भन्यो- फेरि तिमीले अर्को बोल्नै नहुने र व्याख्या गर्नै नसकिने संवेदनाहीन शब्द "घटना" भन्यौ। म कुन घटनालाई मेरो सृजनाको कथावस्तु बनाउँ। तिमीले भन्न खोजेको घटनाले कसैलाई छुँदैन, ती सब घटना मानवीय संवेदनाहीन दूर्घटना भइसके, मानिस मरेको घटनाले अब कसैलाई पनि छुँदैन र दुख्दैन। उसले अलि जोसिँदै भन्यो- तिमी हेर्छौ ? मैले टिपेको घटनाको सूची ल हेर। उसले मलाई घटनाको सूचीले भरिएको डायरी देखाउँदै भन्यो।

राहुलले कुन-कुन घटनाको सूची बनाएको रहेछ हँ सन्देश ! मैले उत्सुकतापूर्वक बीचमै सन्देशलाई प्रश्न गरेको थिएँ।

राजन ! उसको डायरीको शीर्षक नै "मानवीय क्षति" रहेछ। पुरै डायरी कथाका प्लट र नरसंहारका घटनै घटनाले भरिएको छ। देशमा भएका उल्लेख्य घटनाहरुको सूची डायरीमा क्रमबद्ध लेखिएको छ।

मलाई मनमा अरु खुल्दुली लागेर पुनः प्रश्न गरें- सन्देश के-के लेखेको रहेछ बताउ न।

धेरै छ राजन ! देशमा अहिलेसम्म भएका राष्ट्रिय घटनाहरु- टनकपुर र महाकालीमा सीमा मिचिएको घटना, दरबारको नरसंहार, नौमुले, बिचौर र तारुक काण्ड, जलजला, खारा, छैसठ्ठी, सल्लेरी, भिमान, मंगलसेन, सन्धिखर्क आदि धेरै मानव नरसंहार भएका काण्डहरुको वृतान्त छ।

यो पत्रकारहरुले टिप्नु पर्ने कुरा साहित्यकारले किन टिपेछ ? मैले फेरि सन्देशलाई प्रश्न गरेको थिएँ। राजन ! उसले ती घटना मात्र टिपेको छैन- कर्णाली अंचलको भोकमरी, सम्पूर्ण गाविसमा एक दाना अन्न नभएको कालिकोट जिल्लाको समाचार, एयरपोर्टको सुनकाण्ड र मुगुको नुनकाण्ड, मलेशियामा ठगिएका र मरेका नेपाली युवाहरुको व्यथा र काठमाण्डौको भ्रष्टाचारको कथा। यी सबै घटनालाई उसले कथाको प्लट बनाएर शिलसिलाबद्ध ढंगले लेखेको रहेछ।

सन्देशले ऊसँग भेट भएर गरेको कुरा मलाई सुनाउँदा सुनाउँदै उसले लामो सास फेर्दै भन्यो- राजन ! त्यस दिन राहुलले मलाई भन्यो- "अब म कुनै कथा लेख्दिनँ।"

सन्देश ! तिमीले उसलाई राम्रोसँग सम्झाएनौ ? मैले बीचमै भनें। जीवन र जगतका बारेमा उसलाई धेरै कुरा बताउँदै र सम्झाउँदै त्यस दिन मैले भनें- राहुल जीवन भनेको दूर्घटनां र पीडाको संग्रह मात्र होइन। फेरि यी दूर्घटनाहरुको संकलन गर्ने र संग्रह गर्ने काम साहित्यकारको होइन, यो त इतिहासकारहरुको हो। हेर सन्देश ! यो देशको वर्तमान स्थिति एक दिन अवश्य संग्लिन्छ। प्रकृतिले हामीलाई निःशुल्क उपहार दिएको यो सुन्दर मातृभूमीको वर्तमान पीडा र मुहारको कुरुपता एक दिन हट्नेछ। यो राष्ट्रका निश्चल मनहरुमा फैलिएको त्यो तुवाँलो फाट्नेछ। र उनीहरुले नै यो राष्ट्र डोहोऱ्याउने छन्।

मैले बीचमै प्रश्न गरें- तिमीले यसरी सम्झाउँदा राहुलले के भन्यो त सन्देश ?

केही समय घोरिएर मेरा कुरा सुनिरह्यो र केही छिन् पछि भन्यो- तिमीले भनेका केही कुरामा मेरो सहमति छ, केहीमा छैन। हो, हामीलाई प्रकृतिले सुन्दरतामा धनी त बनायो, तर हामी आफै कुरुप र घिनलाग्दा भयौं। घिनलाग्दो अनुहार, आफन्तका रगतले लत्पत्तिएका हात र कुरुप मन मस्तिष्क लिएर हामीले भावी पुस्ताका अगाडि सुन्दर छौं भन्नु आफूले आफैलाई गिज्याउनु हो सन्देश !

एकैछिन अगाडि सल्काएको चुरोटले औंला पोलेपछि उसले ठूटो चुरोट मिल्काएर, फेरि अर्को सल्काएर जंगिदै र जोसिँदै भन्न थाल्यो- "सन्देश, तिमीले अहिलेसम्म नेपालीहरुको आँसुको हिसाब गरेका छौ ? यहाँका मान्छेले दुःख, पीडा र यातनाले खसालेको आँसु कोशीमा बगेको पानीभन्दा बढी भइसक्यो। कहिलेसम्म यो आँसु बगेको हामीले टुलुटुलु हेरिरहने ? के आफू तमासे भएकोमा तिमीलाई ग्लानी भएको छैन ?"

उसको चिन्तन र पीडाको गहिराईलाई बुझेर म उसलाई अरु कुरा देखाउँदै सम्झाउँदै थिएँ, तर उसले बाहिर टूर जाने व्यागमा आफ्ना लगाउने लुगाहरु सबै कोचकाच पाऱ्यो र हडबडाउँदै भन्यो- "मलाई हतार छ, मेरो बस छुट्ने बेला भयो।"

मैले तुरुन्तै सोधें- राहुल ! तिमी कहाँ जाँदैछौ ? उसले भन्यो- घर जाँदैछु।

दशैं आउन एक महिना बाँकी छ, दशैंमा गए हुन्न- मैले भनें। उसले हुन्न भन्यो। मैले पुनः सोधें के छ त्यस्तो जरुरी काम ? उसले भन्यो- "किरिया वस्तु छ।"

हामी बीच यति कुरा हुँदाहुँदै उसले मलाई कोठाबाट बाहिर निस्कन अनुरोध गऱ्यो र बाहिर निस्केर कोठामा ताल्चा लगायो।

हामी कुरा गर्दागर्दै मूल बाटोमा आइपुग्यौं। उसले बसपार्क जानको लागि ट्याक्सी रोक्दै मलाई भन्यो- "सन्देश ! म गाउँबाट कुनै दिन काठमाण्डौ फर्कें भने हामी भेटेर जीवनका अरु धेरै कुरा गरौंला, सुनाई देऊ राजनलाई, मेरो धेरै सम्झना छ।"

मैले उसको अनुहारमा हेरें- राहुल भावुक बनेर आँखाबाट आँसु झारिरहेको थियो। ट्याक्सीमा बसिसकेपछि कोठाको साँचो र सानो हस्तलिखित कागजको टुक्रा दिँदै उसले मलाई भन्यो- "मेरो कोठा तिम्रो जिम्मा भयो। म कथंकदाचित फर्किन भने, कोठामा तिमीलाई काम लाग्ने धेरै कुरा छन्। ती सबै तिमी आफैले लिनु र कोठा खाली गरिदिनु, सबै कुरा भन्न सकिन र भ्याइन ! जीवन यही कागजको टुक्रा जस्तै रहेछ, जतिखेर टुक्रा-टुक्रा पारे पनि हुने। पढ सबै कुरा थाहा पाउनेछौ।" उसले पछाडि फर्किएर ट्याक्सी भित्रबाट मलाई हात हल्लाउँदै थियो, ट्याक्सी तीव्र गतिले अगाडि बढ्यो।

के लेखेको रहेछ त्यो कागजको टुक्रामा तिमीले पढ्यौ सन्देश ? मैले सोधें। सन्देशले चिठीको सानो खेस्रा खल्तीबाट झिकेर मलाई दिँदै भन्यो- तिमी आफै पढ।

मैले हड्बडाउँदै त्यो कागजको टुक्रा लिएँ, त्यसमा लेखिएको थियो-

भाइ ! राहुल।

गाउँमा अस्तिका दिन भएको दोहोरो भीडन्तमा, जंगल पसेको तिम्रो कान्छो भाइ र सुरक्षा फौजमा जागिरे माइलो भाइ दुवै आपसको गोलीद्वारा मरे। दुःख बार्न तुरुन्त घर आऊ।

छिमेकी दाजु !
बिर्खमान

चावहिल, भैंजुबहाल

तथ्यांकमा नेपाल

क्षेत्र	संख्या			प्रतिशत	परिवार संख्या	प्रतिपरिवार सदस्य संख्या	जनघनत्व
	जम्मा	पुरुष	महिला				
नेपाल	२३,१५१,४२३	११,५६३,९२१	११,५८७,५०२	१००.००	४,२५३,२२०	५.४४	१५७
पूर्वाञ्चल	५,३४४,४७६	२,६७०,६२२	२,६७३,८५४	२३.०८	१,०१२,९६८	५.२८	१८८
मध्यमाञ्चल	८,०३१,६२९	४,१०९,०५९	३,९२२,५७०	३४.६९	१,४७५,४७७	५.४४	२९३
पश्चिमाञ्चल	४,५७१,०१३	२,१९८,१७०	२,३७२,८४३	१९.७४	८६३,०४५	५.३०	१५५
मध्यपश्चिमाञ्चल	३,०१२,९७५	१,५००,५२६	१,५१२,४४९	१३.०१	५३४,३१०	५.६४	७१
सुदुरपश्चिमाञ्चल	२,१९१,३३०	१,०८५,५४४	१,१०५,७८६	९.४७	३६७,४२०	५.९६	११२
हिमाल	१,६८७,८५९	८३७,०६०	८५०,७९९	७.२९	३१९,८८७	५.२८	३३
पहाड	१०,२५१,१११	५,०१६,८०२	४४.२८	५.१७	१,९८२,७५३	५.१७	१६७
तराई	११,२१२,४५३	५,७१०,०५९	५,५०२,३९४	४८.४३	१,९५०,५८०	५.७५	३३०

वार्षिक जनसंख्या बृद्धिदर २.२४ प्रतिशत

श्रोत: केन्द्रीय तथ्यांक विभाग, जनगणना-०५८

हिंसाका शिकार बालबालिका

("जनयद्ध"का क्रममा ०५२ फागुन १ देखि यता मारिएका)



बालबालिकालाई हत्या-हिंसाको शिकार नबनाऔं
बालअधिकारको सम्मान र संरक्षण गरौं ।

प्राची-क्वीज - २

१. रेडियो नेपालबाट मानवअधिकार शिक्षा कार्यक्रम कहिलेदेखि शुरु भएको हो ?
२. बिल अफ राइट्स भन्नाले के-केलाई बुझाउँछ ?
३. कोफी अन्नान संयुक्त राष्ट्र संघका कतिऔं महासचिव हुन् ?
४. नेपालमा राष्ट्रिय मानवअधिकार आयोगको स्थापना कहिले भएको हो ?

यी प्रश्नहरुको उत्तर ०५९ माघ ७ गतेभित्र इन्सेक केन्द्रीय कार्यालयमा पठाइसक्नुपर्नेछ। क्वीजमा इन्सेक केन्द्रीय र क्षेत्रीय कार्यालयका कर्मचारीहरु र तिनका परिवारबाहेक अरु सबैले भाग लिन पाउनेछन्। एकभन्दा बढी प्रतियोगीहरुद्वारा सही उत्तर प्राप्त भएमा गोलाप्रथाद्वारा एकजनालाई पुरस्कृत गरिनेछ।

प्राची-क्वीज - १ को नतिजा

१. म्याग्नाकार्टा सन् १२१५ मा जारी भएको थियो।
२. इन्सेकका संस्थापक प्रकाश काफ्लेको जन्म २६ डिसेम्बर १९५२ मा भएको हो।
३. तेश्रो पुस्ताको मानवअधिकार भन्नाले विकासको अधिकारलाई बुझिन्छ।
४. संयुक्त राष्ट्र संघको सदस्य राष्ट्र संख्या १९१ पुगेको छ।

सहभागी संख्या- २१
सम्पूर्ण उत्तर सही पठाउनेको संख्या- १३

गोलाप्रथाद्वारा विजयी

अनुपराज उप्रेती, कक्षा-१०, भानुभक्त मेमोरियल मा. वि. पानीपोखरी, काठमाण्डौ

विजयीलाई मानवअधिकार वर्ष पुस्तक २००२, मानवअधिकारका स्वरहरु (गीति क्यासेट) तथा इन्सेकका नियमित प्रकाशन एक/एक थान उपलब्ध गराइनेछ।

राज्य र माओवादीद्वारा मारिएकाहरू

०५२ फागुन १ देखि ०५९ मंसिर १४ गतेसम्म

पेशा	राज्यद्वारा	माओवादीद्वारा
कृषक	४८७	३४४
शिक्षक	१८	४५
राजनीतिक	४५२१	३३३
प्रहरी		९५४
सैनिक	१	३१८
विद्यार्थी	६८	३१
श्रमिक	३०	१७
कर्मचारी	१५	३१
सामाजिक कार्यकर्ता	१	३
व्यापारी	८	१५
वकिल	०	३
स्थास्थ्यकर्मी	१	३
पत्रकार	१	१
जम्मा	५१५१	१८८६



संकटकाल समाप्त भएयता मारिएका

(०५९ भदौ १३ देखि मंसिर १४ गते)

राज्यद्वारा	माओवादीद्वारा	जम्मा
१०३४	३५४	१३८८

सन् २००२ मा मारिएका

(नोभेम्बर ३० सम्म)

राज्यद्वारा	माओवादीद्वारा	जम्मा
३९९१	१००७	४९९८

गत वर्ष संकटकाल घोषणा भएपछि गिरफ्तार मरिएका सञ्चारकर्मी

(०५८ मंसिर ११ देखि ०५९ मंसिर १५ सम्म)

जम्मा गिरफ्तार	रिहा	रिहा नभएका
१७८	१४८	३०



पुस्तक परिचय

मानवअधिकार र प्रेस

प्रकाशक : नेपाल प्रेस इन्स्टिच्युट
पृष्ठ संख्या : १६६
प्रकाशन स्थान : काठमाण्डौ
प्रकाशन मिति : ११ सेप्टेम्बर २००२
मूल्य रु : १७५/-

मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा प्रेसको महत्वपूर्ण भूमिका छ। संचारकर्मीहरुलाई मानवअधिकारका विविध पक्षबारे जानकारी गराउन नसक्दासम्म तथा प्रेस र मानव अधिकारबीचको अन्तरसम्बन्ध नकेलाउँदासम्म यो भूमिका प्रभावकारी हुन्छ भन्न सकिँदैन। प्रेसले मानवअधिकारको संरक्षण र सम्बर्द्धनका सवालमा कस्तो भूमिका निर्वाह गरिरहेको छ वा गर्न सक्छ भन्ने पक्षलाई नकेलाउने हो भने अपेक्षित सफलता हासिल गर्न पनि सकिँदैन।"

यी र यस्तै मान्यताका साथ लेखन-प्रकाशन गरिएको प्रस्तुत पुस्तकले संचारकर्मीहरुलाई मानवअधिकारको ऐतिहासिक पृष्ठभूमी, यसको विकासक्रम र मानवअधिकारको आधुनिक अवधारणाका सवालमा प्रस्ट पार्ने उद्देश्य राखेको छ। मानवअधिकारका मूलभूत मान्यताहरुबारे चर्चा गर्दै पुस्तकमा यसको संरक्षण र सम्बर्द्धनमा विश्वव्यापीरुपमा संचालित अभियान र पत्रकारिताबीचको अन्तरसम्बन्धलाई केलाउने प्रयत्न गरिएको छ। मानवअधिकारका सिद्धान्तहरुको विवरण पेश गर्दै पुस्तकमा मानवअधिकारका क्षेत्रमा संयुक्त राष्ट्र संघ र विभिन्न निकायहरु तथा मानवअधिकारको संरक्षण र सम्बर्द्धनका लागि विद्यमान राष्ट्रिय-अन्तर्राष्ट्रिय उपायबारे चर्चा गरिएको छ। लेखकद्वयले भन्नुभएझैं- "पुस्तक मूलत: छापा पत्रकारितालाई ध्यानमा राखेर तयार गरिएको छ।"

पुस्तकमा मानवअधिकार र समाज तथा राज्य र प्रेसको दायित्वका सम्बन्धमा चर्चा गरिएको छ। पुस्तकको दोश्रो खण्डमा संयुक्त राष्ट्र संघ र मानवअधिकार आन्दोलनको पृष्ठभूमी, यसको आधुनिक अवधारणाको विकासक्रम तथा यससम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरु र तेश्रो खण्डमा मानवअधिकारका थप आयामहरु अन्तर्गत विकासको अधिकार र स्वच्छ वातावरणको अधिकारबारे चर्चा गरिएको छ। कूल १० खण्डमा विभाजित प्रस्तुत पुस्तकमा मानवअधिकारका आधारभूत संयन्त्रहरु, यसको विश्वव्यापी रुप, आधारभूत अधिकार र भेदभावविरुद्धको अधिकारका सम्बन्धमा स्पष्ट पारिएको छ। त्यसैगरी मानवअधिकार र मानवीय कानुनबीचको अन्तरसम्बन्ध केलाउँदै संकटकालीन अवस्थामा मानवअधिकारको सवालबारे उल्लेख गरिएको छ। मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ र नेपाल अधिराज्यको संविधान २०४७ को तुलनात्मक अध्ययन समावेश गरिएको प्रस्तुत पुस्तकको अन्तिम खण्डमा सञ्चार र मानवअधिकारको अन्तरसम्बन्ध तथा यी दुईबीच सम्बन्धित विभिन्न पक्षबारे विश्लेषण गरिएको छ। प्रेसलाई अग्रपंक्तिको मानवअधिकार रक्षकका रुपमा पुष्टि गर्दै यसका लागि सबल र दुर्बल पक्षबारे चर्चा गरिएको छ। पुस्तकको अन्त्यमा उल्लेख गरिएको छ- ".... एउटा दक्ष पत्रकारले उल्लेखित कमी कमजोरीहरुमाथि विजय हासिल गरेर मानवअधिकारहरु सम्बन्धी सवालहरुलाई प्रभावकारी रुपमा प्रवाहित गर्न सक्छ। पत्रकारिताको क्षेत्रबाट मानवअधिकार अभियानका निम्ति साँच्चै धेरै गर्न सकिन्छ। प्रेस वास्तवमै पहिलो पंक्तिको मानवअधिकार रक्षक हो।"

राष्ट्रिय मानवअधिकार आयोगका सदस्य माननीय सुशील प्याकुरेल र पत्रकार एवम् मानवअधिकारकर्मी कुन्दन अर्यालद्वारा संयुक्त रुपमा लिखित प्रस्तुत पुस्तक नेपाल प्रेस इन्स्टिच्युट र इन्सेकको संयुक्त प्रयास हो।

छेस्स

बिर्खेका बाउ गाउँबाट काठमाण्डौ आउने भनेर हिँडे। एकै दिनमा काठमाण्डौ आउन सकिँदैनथ्यो। त्यसैले उनी एक दिनको बाटो काटेर गाउँकै साहुबाको स्थानीय बजारस्थित घरमा बास बस्न पुगे। रेडियो, टिभी जस्ता संचार माध्यमबाट विमुख उनी टिभीको झल्याक - झुलुकमा निकैबेर टोलाए। यति सानो बाकसमा कसरी त्यति धेरै मान्छेको तस्वीर अटाएको होला ? भनेर उनी एकोहोरिए। त्यत्तिकैमा टिभीमा रुमाल र लुंगीले मुख छोपेका मानिस देखिए। बिर्खेका बाउलाई निकै खुल्दुली लाग्यो र साहुबाको जेठो छोरा उमेशसँग सोधे- "ठूल्बाउ, इनुरले किन मुख छोप्या ?" उमेशले बुझाउँदै भने- "यिनीहरुले भ्रष्टाचार गरेकाले अख्तियारले समात्यो। त्यसैले सबैले मुख छोपेका हुन्।" बिर्खेका बाउले पुन: सोधे- "अनि, ठूल्बाउ, यो अक्त्यार भन्या चैं क्या हो नी ?" उमेशले "त्यो त तिमीले शहरमा गएपछि आफै देख्नेछौ" भने। त्यसपछि बुढा शान्त भए।

भोलिपल्ट बिर्खेका बाउ बस चढेर काठमाण्डौ आए। बसबाट ओर्लने बित्तिकै उनले मास्क लगाएर उभिएको ट्राफिक प्रहरीलाई देखे। साहुबाको छोरा उमेशले भनेको कुरा र टिभीको दृश्य झल्झली उनको दिमागमा नाच्यो। उनमा अख्तियार हेरिछाड्ने भूत सवार भयो र ट्राफिक प्रहरीसँग जिज्ञाशा राखे- "भाइ, तपाईंले नि भष्टचार गऱ्याभर अक्त्यार लाग्याले मुख छोप्या ?" ट्राफिक प्रहरीले केही भन्न नपाउँदै उनले तुरुन्तै अर्को प्रश्न तेर्स्याइहाले- "मलाई एकचोटी त्यो अक्त्यार देखाइदेउन। तिम्रो मुखाँनि लाग्यारछ।"

- के.पी. थपलिया

मानवअधिकार सम्बन्धी राष्ट्रसंघीय उच्च आयुक्तको कार्यालय



मानव समुदायका सम्पूर्ण सदस्यहरुको गरिमा तथा समान र अहरणीय अधिकारहरुको पहिचान नै स्वतन्त्रता, न्याय र शान्तिको आधारशिला हो भन्ने अन्तर्राष्ट्रिय समुदायको अनुभूति तथा मानवअधिकार र मौलिक स्वतन्त्रताहरुको विश्वव्यापी सम्मानका लागि पक्ष राष्ट्रहरुको अपेक्षाद्वारा मानवअधिकार र मौलिक अधिकारहरुको संरक्षण र सम्बर्द्धनका लागि संयुक्त राष्ट्रसंघीय सरोकार प्रत्यक्ष रुपमा अभिप्रेरित छ।

संयुक्त राष्ट्र संघले आफ्नो स्थापना कालदेखि विश्वव्यापी अभिभावकका रुपमा मानवअधिकारका लागि विभिन्न प्रयत्नहरु संचालन गरिरहेको छ। मानअधिकारका क्षेत्रमा राष्ट्रसंघीय प्राविधिक सहयोग कार्यक्रम, मानवअधिकार क्षेत्र अध्ययन, सन्धि अनुगमनसम्बन्धी निकायहरु, संचार तथा उजुरी प्रकृया, मानवअधिकारसम्बन्धी सहयोगमूलक कोष जस्ता विभिन्न माध्यमबाट संयुक्त राष्ट्र संघले मानवअधिकारसम्बन्धी कार्य गर्दै आएको छ।

मानवअधिकार सवालका लागि संयुक्त राष्ट्र संघमा यस सम्बन्धी उच्च आयोग छ। मानवअधिकार सम्बन्धी उच्च आयुक्तको कार्यालयको वेभसाइट www.unhchr.ch हो। यस वेभसाइटमा राष्ट्र संघका मानवअधिकार सम्बन्धी प्रमुख पछिल्ला कार्यक्रमहरुसम्बन्धी सूचनालाई उल्लेख्य विषयका रुपमा समावेश गरिएको छ। त्यसैगरी सन्धिसम्बन्धी र चार्टर आधारित निकायलगायत् अन्य विभिन्न सर्च अप्सनहरु पनि राखिएको छ, जसबाट ती विषयसम्बन्धी सूचना सजिलै प्राप्त गर्न सकिन्छ।

वेभसाइटको होमपेजमा, मूख्यगरी आठ प्रकारका सूचनाहरु वर्गिकृत छन्, जसमा स्वागत केन्द्र, शाखाहरु, साधारण सूचना, पछिल्ला समाचारहरु, बालअधिकार, मानवअधिकार शिक्षा तथा तालिम, मानवअधिकार संयन्त्रहरु र मानवअधिकार सम्बन्धी प्रमुख सवालहरु समावेश गरिएको छ। मानवअधिकारको विश्वव्यापी घोषणापत्र करिब ३ सय भाषामा राखिएको छ भने राष्ट्रसंघीय शताब्दी घोषणापत्र, मानवअधिकारसम्बन्धी विश्व सम्मेलन, १९९३, जातिवादविरुद्धको विश्व सम्मेलन २००१, प्रकाशनहरु, नागरिक समाजका सहयोगी प्रयासहरु, इन्टर्नसीप र फेलोसीप कार्यक्रमहरु, अन्य सम्बन्धित वेभसाइट लिंकहरु, उपयुक्त बसोबासको अधिकार, कविला जनता, विकासमा मानवअधिकार, महिला अधिकार, राष्ट्रिय मानवअधिकार संस्थाहरु, बालअधिकार, मानवअधिकार आयोग जस्ता विषयमा सूचनाहरु समावेश गरिएको छ।

त्यसैगरी मानवअधिकार सम्बन्धी राष्ट्रसंघीय उच्च आयुक्तको कार्यालयका कार्यक्रमहरु र विभिन्न मानवअधिकार दस्तावेज एवं वैठक र अन्य गतिविधिसम्बन्धी सूचना पनि वेभसाइटमा समाविष्ट छन्। सन्धि अनुगमनका निकायहरु, अनुमोदनको अवस्था, मानवअधिकार शिक्षा सम्बन्धी तथ्यांकहरु पनि यस वेभसाइटमा समावेश गरिएको छ।

प्रत्येक शनिवार
बिहान ८:३० बजे
रेडियो नेपालबाट प्रशारण गरिने
मानवअधिकार शिक्षा कार्यक्रम
सुन्न नभुलौं ।

बोल्न सक्ने महिलाको पनि आवाज सुनिँदैन

डा. दुर्गा पोखेल राष्ट्रिय महिला आयोगकी अध्यक्ष हुनुहुन्छ। नेपालको पूर्वी जिल्ला धनकुटामा जन्मेर त्यहाँबाट बिएसम्मको अध्ययन पूरा गर्नुभएकी पोखेलले त्रिभुवन विश्वविद्यालयबाट एमए तथा अमेरिकाको हार्भर्ड विश्वविद्यालयबाट जनप्रशासनमा एमएस र शिक्षामा पीएचडी गर्नुभएको छ। उहाँले शिक्षाको राजनीति शिर्षकमा कानून र समाजले नेपाली महिलाहरुको शिक्षामा पारेको असर विषयमा शोधपत्र तयार गर्नुभएको थियो। त्रिभुवन विश्वविद्यालयअन्तर्गत शिक्षण पेशामा संलग्न भएका बेला ०३२ सालमा उहाँलाई राजनीतिक अभियोग लगाई अवकाश दिइयो। ०३४ सालदेखि मानस साप्ताहिक र होराइजन त्रैमासिककी सम्पादक रहनुभएकी पोखेल ०३८ सालमा गिरफ्तारीमा पर्नुभयो। उहाँलाई एमनेष्टी इन्टरनेशनलले "आस्थाको बन्दी" घोषणा गरेको थियो। त्यसबेला उहाँले एक वर्ष जेलजीवन बिताउनुभयो। संघर्षशील र निडर महिला नेतृ, मानवअधिकारकर्मी, स्पष्ट वक्ता र स्थापित लेखिकाका रुपमा परिचित डा. पोखेलले दुईवटा पुस्तक पनि लेखिसक्नुभएको छ। नेपाली महिलाहरुको स्थिति र महिला आयोगका गतिविधिका सम्बन्धमा प्रकाश ज्ञवालीले गरेको कुराकानी प्रस्तुत गरिएको छ।

० अहिले नेपालका महिलाहरुको समग्र स्थितिलाई कसरी लिइरहनु भएको छ ?

- महिलाहरुको समग्र स्थिति भन्नाले एकातिर कानुनी स्थिति छ भने अर्कातिर सामाजिक, आर्थिक, शैक्षिक छन्। अहिले केही महिलाहरु विभिन्न क्षेत्रमा माथि आएका छन्, सफल पनि भएका छन्। यही बेलामा घरेलु हिंसा पनि सबभन्दा बढेको छ। "जनयुद्ध" मा पनि महिलाहरु लागेका छन्। यसलाई कुन हिसाबले हेर्ने ? यसको एउटै सिलसिलेवार कथा छैन। महिलाहरुको स्थिति सबै ठाउँमा नाजुक मात्र छैन। कतिपय ठाउँमा राम्रो पनि छ। उदाहरणको रुपमा म भर्खरै मनाङ गएर आएँ। त्यहाँको समाज एकदमै मातृसत्तात्मक रहेछ। त्यहाँका महिलाहरुको नाजुक स्थिति भन्ने एउटा मात्रै देखियो- नागरिकताको समस्या।

जहाँ महिलाहरुको राम्रो स्थिति छ, त्यस बारे अन्य जिल्लाहरुमा प्रचार प्रसार गर्नुपर्ने आवश्यकता छ। सबैतिर नराम्रो मात्रै छैन, राम्रा कथाहरुले प्राथमिकता पाइरहेका छैनन्।

० नागरिकताको समस्या कस्तो छ ?

संविधानमा मौलिक हकले लिंगको आधारमा भेदभाव गरिँदैन भनेको छ। तर बाबुको आधारमा मात्र नागरिकता दिइनु लिंगका आधारमा भेदभाव भयो कि भएन ? संविधानको एउटा बुँदाले अर्कालाई काटिरहेको छ। यो हेर्ने को त ? भन्दा त्यो पनि पुरुषहरु नै छन्। जसले पीडा भोगेको छ, त्यो अल्पसंख्यकमा परेको छ। बोल्न सक्ने महिलाहरुको पनि आवाज सुनिँदैन। यहाँ बरु आमा-बाबु कसैको टुंगो नलागेको बच्चाले नागरिकता पाउँछ, तर आमा चाहिं दशौं पुस्ता बसेकोले पनि पाउँदैन। यो त साह्रै अन्याय भएको छ।

० माओवादी हिंसा र महिलाहरुको सवाललाई कसरी लिनुभएको छ ?

- म आफै दश वटा जिल्ला भ्रमण गरें। त्यसमध्ये मनाङ बाहेक अन्य सबै जिल्ला माओवादी पीडित रहेको पाइयो। कैलाली, कञ्चनपुर, डोटी, डडेल्धुरादेखि लिएर लमजुङ, काभ्रे, दोलखा, सिन्धुपाल्चोक आदि जिल्लाहरुमा पुग्दा मैले के पाएँ भने हामीले यहाँ जे समाचार सुन्छौं, त्योभन्दा त्यहाँको वास्तविकता फरक छ। सामाजिक कुसंस्कार तथा अन्य सामाजिक र कानुनी रुपले भएका असमान व्यवहारहरुको विरुद्धमा पनि कतिय महिलाहरु त्यस्तो गतिविधिमा सामेल भएको पाइयो। सामाजिक न्यायको स्थिति ल्याउन नसक्दासम्म यस्तो खालको समस्या सुल्झिँदैन। सामाजिक, आर्थिक प्रोफाइल बनाएर कार्यक्रम संचालन गरिनु पर्दछ। हामी समस्या मात्रै खोजेर हिंड्यौं भने समस्यै समस्या देखिन्छ। समाधानका बाटा खोजेर हिंड्यो भने समाधान भेटिन्छ। जे भयो, त्यसलाई नभएको बनाउन सकिँदैन। तर पीडित महिलाहरुलाई समाधानका बाटामा ल्याउन दीर्घकालीन आय आर्जन र पुनर्स्थापनाका योजनामा सामेल गर्नुपर्छ। रकम, लुगा, कपडा दिने, बालबच्चा पढाइदिने भनेको त तत्कालका लागि दिइने राहत मात्र हो। तर, दीर्घकालीन समाधानका लागि पीडित महिलाहरुको क्षमता अभिबृद्धि गर्ने, योग्यता बमोजिमको रोजगारी दिने, उनीहरुलाई सामाजिक कुरीति विरुद्धका कार्यकर्ताको रुपमा विकसित गर्ने जस्ता कार्य गरिनु पर्छ।

० एकजना संघर्षशील महिला नेतृको हिसाबले भन्नुपर्दा महिलाहरुको वर्तमान समस्याका कारणहरु के-के होलान् ?

- मुख्य कारण भनेको हाम्रो मानसिक सोचमा परिवर्तन नआउनु हो। महिला र पुरुष दुवैको मानसिक सोचमा परिवर्तन आएको छैन। हाम्रो कानुनी प्रावधान पनि अर्को कारण हो। कानुन भनेको एउटा बचाउको बाटो हो। तर, त्यो कानुन पनि जो पहुँचवाला छन्, उनीहरुले मात्र प्रयोग गर्न सक्छन्। वास्तवमा यहाँ सामाजिक परिवर्तनको आन्दोलन नै हुनसकेको छैन। महिला नेतृहरु, सरकारी पक्ष वा एनजीओहरु, कसैले पनि त्यसतिर सोचेकै छैन। हामी केवल कुनै एक-दुईवटा सवालमा मात्र कुरा गर्छौं, तर त्यसलाई सामाजिक आन्दोलनका माध्यमबाट कसरी निर्मूल गर्न सकिन्छ भन्नेबारे सोच पनि बनाएको देखिएन। महिला आयोगले अहिले सफलताका कथाहरु खोज्ने र जहाँ त्यस्तो स्थिति छ, त्यहाँका महिलाहरुलाई समस्याग्रस्त क्षेत्रमा लगेर अन्तरक्रिया गराउने सोच बनाएको छ। त्यसो गर्न सकियो भने समस्या सुल्झिन सक्छ कि जस्तो लागेको छ। यहाँ सरकारी नीति कागजमा मात्र सीमित भए। राणाकालीन, पंचायतकालीन मानसिकतामा अझै पनि परिवर्तन हुन सकेको छैन। हामीले त्यस्तो मानसिकतालाई सन्ततिगत ढंगले परिवर्तन गर्न सकेनौं। तसर्थ, अहिले देशमा

मानिसको मानसिक स्थिति अथवा सोच्ने प्रकृया परिवर्तन गर्ने खालको सामाजिक आन्दोलनको आवश्यकता छ।

अहिलेसम्म मानिसमा सकारात्मक सोचले दिशाबोध नै गर्न सकेन। बहुदलले यसो गर्छ, बहुदलको नेताले यसो गर्छ भनेर कुनै नमूना वा आदर्श नै तयार गरेनौं। कुर्सीको वरिपरि घुम्ने प्रवृत्ति मात्रै हावी भयो। महिलालाई हेर्ने स्पष्ट दृष्टिकोण नै बनेन, कुनै प्रणाली नै बसेन। त्यसकारण पनि महिलाहरुको कुरा सुनुवाई भएन। मान्छेहरु साधारण नागरिक भएर बाँच्ने अधिकारबाट वञ्चित भएका छन्। यस्तो पद्धति बसाउनका लागि हामी व्यक्ति-व्यक्ति नै दोषी छौं।

० अझै पनि मुलुकी ऐन लगायत्का कानुनहरुका कतिपय व्यवस्था महिला विरोधी छन्। यसलाई कसरी लिनु भएको छ ?

- धेरै त्रुटीहरु छन्। महिलालाई अधिकार दिइएको छ भनिएका कानुनहरुलाई पनि गहिरिएर हेर्ने हो भने मेरो आफ्नो व्यक्तिगत दृष्टिकोणमा, ती कानुनहरु पनि असाध्यै अपूर्ण, लंगडा छन्। अब यिनीहरुलाई परिस्कृत नगराइकन नहुने स्थिति छ।

० महिला आयोग गठन हुने बित्तिकै ७५ वटा जिल्लामा कार्यदल गठन गरेर तथ्यांक संकलन गरी महिलाहरुका समस्या समाधानका लागि प्रयास गर्ने जनाउनु भएको थियो। त्यो कार्य कहाँसम्म पुग्यो ?

- अहिले हामीले ३८ वटा अर्थात् ५० प्रतिशतभन्दा बढी जिल्लामा सो कार्य सक्यौं। त्यसमा हामीले २ वटा उद्देश्य राखेका थियौं। पहिलो महिला आयोग विधेयक बनाउने। सरकारले हामीलाई महिला आयोग विधेयक बनाउने जिम्मा दिएकाले यसलाई सबै जिल्लामा लिएर गयौं। यसले नेपाली महिलाहरुका समस्या सुल्झिन्छन् कि सुल्झिदैनन् ? यो कत्तिको बलियो छ ? भनेर जिल्ला-जिल्लामा महिला, पुरुष, अन्य निकायहरुसँग अन्तरक्रिया गऱ्यौं। अर्को उद्देश्य जिल्लामा महिलाहरुका समस्याहरु के-के छन् ? भनेर पहिचान गर्ने। यसमा हामीले जिल्लाको परिचय दिएर त्यहाँ महिलाका जल्दा बल्दा समस्या के छन् भनेर जिल्लागत विवरण निकालिरहेका छौं।

० यसमा ग्रामीण महिलाहरुको प्रतिनिधित्व भएको छ-?

- निश्चित रुपले भएको छ। त्यहाँका एनजीओमा काम गर्ने महिलाहरु, विभिन्न महिला संगठनका नेतृहरु, महिला जनप्रतिनिधिहरु, शिक्षिकाहरु आदिको सहभागिता छ। पुरुषहरुको पनि प्रतिनिधित्व भएको छ। हामीले लैङ्गिक समताको अवधारणा र समविकासको हिसाबले काम गरिरहेका छौं।

० अहिले महिला आयोगले के-कस्ता कामहरु गरिरहेको छ ?

- पहिलो कुरा त हामीले यो विधेयकको काम अझै सिध्याएका छैनौं। ७५ वटै जिल्लाका महिलाहरुले महिला आयोगको कानुन यस्तो रहेछ, हामीलाई यसरी राहत दिने रहेछ भन्ने अनुभव गर्नु पर्दछ। महिलाहरुमा एउटा यस्तो संस्था रहेछ, जहाँ हामी जान सक्ने रहेछौं, हामी कहाँ आउने पनि रहेछ भन्ने भावना जागृत गराउनु परेको छ। अर्को कुरा, समस्याहरु हामी आफैले पहिचान गरेर त्यसको समाधानका लागि आफ्नो तहबाट काम भइरहेको छ।

आयोगको मूल काम भनेको यहाँको प्रणालीलाई परिवर्तन गर्नु हो। महिलालाई कसरी हरेकको एउटा मित्रवत् पक्ष बनाउन सक्छौ भन्ने सवालमा हामी लागिपरेका छौं। त्यसका लागि महिला सहभागितामा जोड दिएका छौं। विभिन्न नीति निर्माण तहमा महिलाहरुलाई राख्नु पऱ्यो भनेर पहल गरिरहेका छौं। त्यो केन्द्रमा मात्र हैन जिल्लामा पनि हुनु पऱ्यो। जिल्लाका नीति निर्माण तहमा कसरी महिलाहरुको सहभागिता हुन सक्छ भन्ने सुझाव, दबाब दिइरहेका छौं। त्यहीं अनुसार अलिअलि परिवर्तन पनि देख्दै गएका छौं। अर्को कुरा, विभिन्न व्यक्तिगत स्तरका मुद्दाहरु पनि आउने गरेका छन्। तिनलाई हामीले अन्य दुई वटा संस्थासँग मिलेर हेर्ने गरेका छौं। कतिपयमा आफै गएर महिलाहरुलाई राहतका लागि प्रयत्न गरेका छौं। कुनै आश लिएर महिला आयोगमा आउने महिलालाई निराश बनाएर फर्काउनु हुँदैन, कुनै न कुनै हिसाबले राहत दिनुपर्छ भन्ने मेरो व्यक्तिगत धारणा छ। यसरी हामीले दुई तर्फबाट काम गरिरहेका छौं- एकातर्फ प्रणाली परिवर्तन गर्ने नीति निर्माण, कार्यान्वयन गरेर। अर्कोतर्फ तलबाट जो-जो पीडित आउँछन्, उनीहरुलाई कुनै न कुनै प्रकारको राहत दिएर।

० आयोगको कामबाट सन्तुष्ट हुनुहुन्छ ?

- अहिलेसम्मको कामबाट एकदमै सन्तुष्ट भइसकेकी छैन किनभने हामीले जति गर्न सक्थ्यौं, त्यो भन्दा कम गरेका छौं। यसको कारण भन्ने हो भने आयोग गठन गर्नु अघि कुनै आधारसंरचना बनेको थिएन। त्यसका लागि संघर्ष नै गर्नुपऱ्यो। सबै कुरा समयमै भइदिएको भए हामीलाई काम गर्न अझ सजिलो हुने थियो।

हार्दिक श्रद्धाञ्जली

नेपालको मानवअधिकार आन्दोलनका अग्रणी, संविधानविद्, कुटनीतिज्ञ तथा इन्सेकका पूर्व सल्लाहकार **हृषिकेश शाह**को ०५९ कार्तिक २८ गते बिहान निधन भएकोमा उहाँप्रति **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

सुबोधराज प्याकुरेल, महासचिव
तथा
इन्सेक परिवार

ध्वस्त संरचना

जुम्ला सदरमुकाम खलंगामा माओवादीहरुले आक्रमण गरेपछि ०५९ मंसिर ७ गते राष्ट्रिय मानव अधिकार आयोग, इन्सेक लगायत्का संस्थाका प्रतिनिधहरु घटनास्थल पुगी यथार्थ जानकारी लिएका थिए ।

६. विमानस्थल टावर
७. जिल्ला प्रशासन कार्यालय
८. जिल्ला कारागार
९. सशस्त्र प्रहरी गण
१०. स्थलगत अध्ययन टोली स्थानीय व्यक्तिहरुसँग छलफल गर्दै

का. जि. का. द. नं. २१/४९/५०

हार्दिक शुभकामना

विश्व मानवअधिकार दिवस
(१० डिसेम्बर)

"..... मानवअधिकारप्रति अवहेलना तथा अनादर गरिएकोले नै जंगली व्यवहार हुन गई मानव जातिको मर्ममा चोट पुगेको छ। मानव जातिले धर्म मान्न, बोल्न, लेख्न पाउनु पर्छ तथा डर र अभावबाट मुक्ति पाउनु पर्छ भन्ने सर्वसाधारण जनताको इच्छा छ। ...."

मानवअधिकारहरुको विश्वव्यापी घोषणापत्र १९४८ मा उल्लेख गरिएका जनताका अधिकारहरुको रक्षा, सम्मान र सम्वर्द्धन गरौं।

देशमा विद्यमान हत्या, हिंसा र आतंक अन्त्य गरी शान्ति प्रक्रियाको थालनी गर्न विश्व मानवअधिकार दिवसले सम्वन्धित पक्षहरुलाई प्रेरणा प्रदान गरोस्।

सबैमा हाम्रो शुभ कामना

इन्सेक परिवार